जि.प्र.का. पाल्पा स्थायी द.न. : २९/०७३/७४


पा.जि.हु.का.द.नं : १६/०६८/६९

# उत्तरदायित्व

त्रैमासिक

Uttardayitwa Quarterly

वर्ष:१२ अंक:१ पूर्णाङ्क:२७ बैशाख २०८० Apr-May 2023



समाजवादी शिक्षा नीति र नेपालको सन्दर्भ

बुद्ध दर्शनको आधारभूत सिद्धान्त प्रतित्य समुत्पाद

रिब्दिकोट-जलेश्वरः चिनारी, विकास र सम्भावनाहरू

स्वच्छ, सुन्दर, ऐतिहासिक, कला धर्म, संस्कृतिले भरिपूर्ण यो हो हाम्रो पर्यटकीय स्थान पाल्पा भैरवस्थान

**मन्दिरका विशेषताहरू :**

- १६ औं शताब्दीका राजा मणिमुकुन्द सेनद्वारा स्थापित
- एसियाकै सबैभन्दा ठूलो, सुनौलो रङको त्रिशुल भएको मन्दिर
- नेपालमै ५२ अखण्ड धुनी मध्ये महत्वपूर्ण धुनी जलिरहने र अखण्ड दीप बलिरहने मन्दिर
- जयमुनि ऋषिद्वारा जल उत्पन्न गरिएको प्राचीन जयधारा
- एक माना, एक मुठी र एक पाथी रोट चढ्ने
- चामल तथा गहुँको पिठोबाट बनाउने प्रसादी (रोट)
- नाथ सम्प्रदायका योगी (पुजारी) द्वारा जुनसुकै बाह्रै महिना सात वार, सबै तिथिमा पनि गरिनेपूजा आराधना गरिने
- नेपालकै शक्ति पिठहरु मध्येमा परिचित पाल्पा भैरबनाथ मन्दिर
- भाकल अनुसार पञ्चेबाजा सहितको पञ्चबली दिइने

**मन्दिरबाट प्राप्त हुने सेवाहरू :**

- चढाउन ल्याएका बलीका टाउका लिने व्यवस्था
- विवाह, पिकनिकको लागि आवश्यक सामग्रीको व्यवस्था
- माना पाथिको रोट भक्तजनको चाहना अनुसार तयार गरि चढाउन सकिने
- शौचालय तथा स्नान घरको व्यवस्था
- उडाउनका लागि परेवा पाउने व्यवस्था
- चढाएका बली सफा गरिदिने (पोली दिने) व्यवस्था
- रुद्री, लक्ष्यवर्ती, ब्रतवन्ध, विवाहको लागि जुनसकै समयमा पण्डित व्यवस्था
- भक्तजनको चाहना अनुसार बलीको लागि बोका, कुखुरा राँगा आदिको व्यवस्था
- मन्दिर दर्शन, पूजा गर्न आउने अशक्त, अपाङ्ग, जेष्ठ नागरिक दर्शनार्थी भक्तजनको लागि विशेष दर्शनको व्यवस्था

**श्री भैरबनाथ मन्दिर व्यवस्थापन समिति**

**Shree Bhairabnath Mandir Management Committee**

Ribdikot- 4, Bhairabsthan, Palpa (Lumbini Province)

bhairabnathmandir@gmail.com

9857011612 /9857011613

## जनहितका लागि जारी सन्देश:

- जन्म, मृत्यु र बसाईसराई जस्ता व्यक्तिगत घटनाहरू आ-आफ्नो वडा कार्यालयमा गई दर्ता गराऔँ ।
- समाज र समुदायप्रतिको नाागरिक दायित्व पुरा गरौँ ।
- गाउँ-घर सफा राखौँ र सभ्य नागरिकको परिचय दिऔँ ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौँ ।
- गाउँपालिकालाई बुझाउन पर्ने करहरू समयमै बुझाऔँ ।
- गाउँपालिकाबाट पारित भएका योजनाहरू समयमै सम्पन्न गरौँ ।
- दर्ता नभएका व्यापार, व्यवसाय, उद्योग तथा फर्महरू तुरुन्त दर्ता गरौँ ।

**बगनासकाली गाउँपालिका**

चिर्तुङ्धारा, पाल्पा, लुम्बिनी प्रदेश

फोन : ९८४७०४२२६६, ९८५७०६८८६८

website : www.bagnaskalimun.gov.np

जि.प्र.का.पाल्पा स्थायी द.नं. २९/०७३/०७४
जि.हु.का.पाल्पा द.नं. १६/०६८/६९

उत्तरदायित्व
Uttardayitwa Quarterly
त्रैमासिक

**प्रकाशक/सम्पादक**
गणेशराज ज्ञवाली

**प्रबन्ध सम्पादक**
नवराज ज्ञवाली

**सह सम्पादक**
रामराज ज्ञवाली

**व्यवस्थापक**
विवेक ज्ञवाली

**सल्लाहकार**
डा. कर्ण बहादुर बानियाँ
डा. नेत्रप्रसाद न्यौपाने

**प्रतिनिधि**
तारामिलन छन्त्याल
राजेन्द्र न्यौपाने
अन्जु भट्टराई
गीता खनाल
निरु पौडेल (खनाल)
भीष्म केसी
सन्तोष ज्ञवाली

**पत्राचार एवं प्रतिक्रियाका लागि**
उत्तरदायित्व त्रैमासिक
रिब्दीकोट गाउँपालिका-०४, भैरवस्थान,पाल्पा
सम्पर्क नं.: ९८४७०४३८४७, ९८४७१२८४५१
इमेल: uttardayitwapalpa@gmail.com

**मुद्रण तथा सम्पर्क कार्यालय**
शुलभ अफसेट प्रेस
बुटवल उपमहानगरपालिका-७,
दिपनगर, रुपन्देही
फोन: ९८४६१२८१८४




कालीतटमा अवस्थित रानीमहलको मनोरम दृश्य

# यस अंकमा


| | | |
|---|---|---|
| | सम्पादकीय | २ |
| गणेश ज्ञवाली | समाजवादी शिक्षा नीति र नेपालको सन्दर्भ | ३ |
| गोपालप्रसाद वश्याल | गणित र विज्ञान विषयमा कमजोर विद्यार्थीका सिकाइ उपलब्धि सुधारका उपायहरू | १२ |
| रामराज रेग्मी | बुद्ध दर्शनको आधारभूत सिद्धान्त प्रतित्य समुत्पाद | १८ |
| नवराज ज्ञवाली | हाम्रो प्रमुख उद्देश्य .........(अन्तर्वार्ता) | २४ |
| गोमविक्रम | रक्तचापको समस्या त छैन? जोगिनुस् है | २८ |
| विष्णु घर्ती 'भनभनेली' | स्थानीय विकासमा उपभोक्ता समिति | ३० |
| रुद्रप्रसाद आचार्य | रिब्दिकोट-जलेश्वरः चिनारी, विकास र सम्भावनाहरू | ३२ |


मूल्य रु :५०/-

सम्पादकीय

# गुणस्तरीय शिक्षाको बहस

नयाँ शैक्षिक सत्र शुरु भएको छ। विद्यार्थी भर्नाको निम्ति विद्यालय छनौटको कुरो हुँदा जवर्जस्त रूपमा गुणस्तरीय शिक्षाको बहस सतहमा आउँछ। सामुदायिक होस् अथवा निजी, सबै खालका शैक्षिक संस्थाहरूको व्यानरमा लेखिएको हुन्छ, "गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता"। "समयमै भर्ना, समयमै ज्ञान; गुणस्तरीय शिक्षा सबैको अभियान" यसवर्षको भर्ना अभियानको नारा नै तय भएको छ। सरकारदेखि जनतासम्म सबैको खोजाइमा छ गुणस्तरीय शिक्षा। शिक्षामा गुणस्तर कसरी मापन गर्ने ? के हो त गुणस्तरीय शिक्षा ? मान्छे अनुसार आआफ्नै बुझाइ छन्। वर्तमान सन्दर्भमा परीक्षामा उच्चतम अंक ल्याउनुलाई गुणस्तरीय शिक्षाको एकमात्र मापदण्ड मानिएको छ। राम्रो भौतिक पूर्वाधार भएका ,अंग्रेजी माध्यममा शिक्षा दिने र विद्यार्थीलाई अंग्रेजी भाषामा दक्ष बनाउन सक्ने शैक्षिक संस्थाहरूलाई केही अभिभावकहरूले गुणस्तरीय ठान्दछन्। देशलाई काम लाग्ने भन्दा विदेशमा बिक्न सहयोग गर्ने शिक्षालाई गुणस्तरीय मानिएको छ। गुणस्तरीय शिक्षाका सबालमा यी सबै अपूर्ण, गलत र भ्रमात्मक बुझाइ हुन्।

शिक्षा सिकाईसँग सम्बन्धित छ र सिकाई भनेको व्यवहारमा हुने सकारात्मक परिवर्तन हो। शिक्षा जीवनका लागि मात्र होइन स्वयम् जीवन हो। शिक्षाको गुणस्तरीयता सिकारुको नैतिक, बौद्धिक, मानसिक एवं व्यावसायिक दक्षताले निर्धारण गर्दछ। आत्म निर्भर, सुसंस्कृत, स्वावलम्बी, नैतिकवान, देशप्रेमी र उद्यमशील नागरिक तयार गर्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो। आजको युगमा कम्प्युटर प्रयोगमा दक्ष हुनु, सूचना प्रविधिमा पोख्त हुनु तथा विज्ञान र प्रविधिमा दखल राख्न सक्नु पनि गुणस्तरीय शिक्षाका आवश्यक शर्त हुन्। विषयवस्तुको ज्ञान भएर मात्र गुणस्तरीय शिक्षा हुँदैन, व्यक्तिमा सिर्जनशीलता, नवप्रवर्तन र अनुशासनको विकास गराउन सक्नु पर्दछ। व्यक्तिमा ज्ञान, सीप र अभिवृत्तिमा सकारात्मक परिवर्तन गराउने शिक्षा नै गुणस्तरीय शिक्षा हो। सिद्धान्तका ठूलाठूला ठेलीहरूको व्याख्या गर्न सक्ने तर दैनिक जीवनमा आइ पर्ने सामान्य व्यवहारिक समस्या पनि हल गर्न नसक्ने शिक्षालाई गुणस्तरीय मान्न सकिन्न। गुणस्तरीय शिक्षाले विदेश र विदेशी संस्कृति प्रतिको मोह त्याग्न सिकाउनु पर्छ, देशको माटोप्रति मोह जगाउन सक्नु पर्दछ।

शिक्षामा गुणस्तर सबैको साझा प्रयासबाट मात्र सम्भव हुन्छ। गुणस्तरीय शैक्षिक नेतृत्व, गुणस्तरीय शिक्षक र सिकारू, गुणस्तरीय विषयवस्तु र सिकाइ क्रियाकलाप, गुणस्तरीय व्यवस्थापन र लगानी, गुणस्तरीय भौतिक पूर्वाधार र प्रगतिशील शैक्षिक नीतिको समष्टिमा मात्र गुणस्तरीय शिक्षाले साकार रूप लिन्छ। वर्तमानमा प्रचलित विद्यार्थीलाई विषयवस्तु रटाउने र तीन घण्टे परीक्षामा ओकल्न लगाउने मूल्याङ्कन प्रणाली नबदल्ने हो भने गुणस्तरीय शिक्षाको कुरा गर्न व्यर्थ छ। खोज, प्रयोग, अनुसन्धान र परियोजनामा आधारित सिकाइ हुनु पर्दछ भने समालोचनात्मक चिन्तनमा आधारित मूल्याङ्कन प्रणाली अपनाउनु पर्दछ। स्वस्थ वातावरणमा स्वस्थ ,सिर्जनशील र देशलाई माया गर्ने नागरिक तयार गर्नु नै गुणस्तरीय शिक्षाको अन्तिम लक्ष्य हो। सारमा भन्दा राज्य, नीतिनिर्माता, शिक्षक, अभिभावक र विद्यार्थीको एकीकृत प्रयासबाट मात्र गुणस्तरीय शिक्षाको अभियान सफल हुन्छ।

■■

विचार

गणेश ज्ञवाली

# समाजवादी शिक्षा नीति र नेपालको सन्दर्भ



**विषय प्रवेश :**

शिक्षा त्यो औजार हो जसले हरेक व्यक्ति भित्र रहेको अन्तर्निहित क्षमताको प्रष्फुटन गराउँछ । शिक्षाले मानिसको बौद्धिक, शारीरिक, नैतिक, सामाजिक, आदि समग्र पक्षको विकास गराउन मद्दत गर्दछ । मानिस पशुभन्दा पृथक् छ र यसले जीवन र जगतप्रति दृष्टिकोण प्रकट गर्न सक्दछ । शिक्षाले ज्ञान, सीप र अभिवृत्ति प्रदान गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । शिक्षाले मानिसको सोँच्ने क्षमतामा प्रगतिशील रूपान्तरण गराउँछ । साथै उसको जीवन जिउने संघर्षमा सहयोगीको भूमिका निर्वाह गर्दछ । शिक्षाले व्यक्तिलाई बदल्छ, संसारलाई परिवर्तन गर्दछ । शिक्षा मानिसको चेतना र उत्पादन क्षमता बृद्धि गर्ने साधन पनि हो । मानव समाजको विकासक्रमसँगै शिक्षासम्बन्धी सोच र मान्यता पनि बदलिँदै आएको छ ।

मानव समाजको विकासक्रममा पूँजीवादी व्यवस्था पछि समाजवादी व्यवस्था आउँछ । यी व्यवस्थाहरूको चरित्रमा गुणात्मक रूपमै फरकपन हुन्छ । व्यक्तिलाई प्रदान गरिने  शिक्षा विद्यमान व्यवस्थाप्रति सहयोगी र बफादार समेत हुने भएकोले व्यवस्था परिवर्तनसगै शिक्षाको चरित्रमा पनि बदलाव आउँछ । पूँजीवाद व्यक्तिवादको पर्याय हो भने समाजवाद सामुहिकता र सामाजिक हितको पक्षधर हो । पूँजीवाद नाफा र शोषणमा टिकेको व्यवस्था हो । तसर्थ पूँजीवादमा शिक्षाले मानिसलाई बढीभन्दा बढी आत्मकेन्द्रित, नाफामुखी र जीवनसंघर्षमा अर्कालाई पछार्न सिकाउँछ । समाजवादमा 'एकका लागि सबै र सबैका लागि एक' भन्ने मान्यता रहेको हुन्छ । हरेक व्यक्तिबाट 'क्षमता अनुसार काम लिने र काम अनुसार दाम दिने' व्यवस्था समाजवादमा हुन्छ । यसकारण समाजवादी व्यवस्थामा शिक्षाले सहकार्यात्मक सामुहिकतावादी र लोककल्याणकारी चरित्र ग्रहण गर्दछ । समाजवादी शिक्षामा व्यक्तिगत स्वार्थको बदलामा सामुहिक हित गर्ने शिक्षा सिकाइन्छ । समाजवादी राज्यव्यवस्था निर्माणको निम्ति समाजवादी शिक्षा र सोच आवश्यक हुन्छ । समाजवादी शिक्षाले नै समाजवादी 'नवमानव'को निर्माण गरी समाजवाद निर्माणको अभियानलाई सहयोग गर्दछ ।

**समाजवादी शिक्षाको सैद्धान्तिक मान्यता :**

मार्क्स एंगेल्सले सन् १८४८ मा 'कम्युनिष्ट पार्टीको घोषणापत्र' प्रकाशन गरेपछि समाजवादी शिक्षाको बहस प्रारम्भ भयो । कम्युनिष्ट घोषणापत्रमा भनिएको छ, "कम्युनिष्टहरूले शिक्षादीक्षाको चरित्र बदल्न चाहेका हुन् र शासकवर्गको प्रभावबाट त्यसलाई मुक्त गर्न मात्र खोजेका हुन् ।" त्यस्तैगरी "सारा केटाकेटीहरूको निम्ति सार्वजनिक र निःशुल्क शिक्षा व्यवस्था । कारखानामा केटाकेटीहरूको श्रमको वर्तमान रूपमा उपयोगको अन्त्य । शिक्षा र भौतिक उत्पादनको संयोजन ।" भन्ने कुराको उल्लेख कम्युनिष्ट घोषणापत्रमा गरिएको छ । एंगेल्सद्वारा लिखित 'साम्यवादका सिद्धान्तहरू' नामक पुस्तिकामा उल्लेख गरिएको छ, "आमाबाट हेरचाहको आवश्यकता नरहने समयदेखि नै राजकीय संस्थाहरूमा र राज्यकै खर्चमा सबै केटाकेटीहरूको शिक्षादीक्षा । कारखानाको श्रमसित शिक्षादीक्षाको सहमेल ।" सोही पुस्तिकामा उल्लेख गरिएको छ,"शिक्षादीक्षाले तन्नेरी मानिसहरूलाई व्यवहारिक रूपमा सम्पूर्ण उत्पादन प्रणालीलाई छिटो बुझ्ने सम्भावना दिन्छ । ....शिक्षादीक्षाले उनीहरूलाई त्यस एकलकाँटेपनबाट मुक्त तुल्याउँछ  जुन वर्तमान श्रम-विभाजनले प्रत्येक मानिसमाथि थोपरिदिएको हुन्छ । यसप्रकार साम्यवादी सिद्धान्त अनुसार संगठित भएको समाजले आफ्ना सदस्यहरूलाई बहुमुखी रूपमा विकसित आफ्ना क्षमताहरूको चौतर्फी उपयोगको सम्भावना प्रदान गर्ने छ ।" सारमा भन्दा मार्क्स एंगेल्सका यिनै वाक्यहरू भित्र समग्र समाजवादी शिक्षाको सारतत्व अन्तर्निहित रहेको छ ।

समाजवादी राज्यले सम्पूर्ण बालबालिकाको शिक्षाको जिम्मेवारी लिँदै शिक्षालाई उत्पादन श्रमसँग जोड्दछ । सार्वजनिक विद्यालयमा सबै बालबालिकाहरूलाई निःशुल्क शिक्षा दिनुपर्छ र उनीहरूलाई कारखानामा श्रमिकका रूपमा काम गर्न प्रतिबन्ध लगाउनु पर्दछ । शिक्षालाई औद्योगिक उत्पादनसँग जोड्नु पर्दछ । समाजवादी शिक्षाले श्रम र श्रमिकप्रति सम्मानभाव जगाउँछ । समाजवादमा काम

नगर्नेलाई घृणा गरिन्छ र जसले काम गर्दैन उसले खान पनि पाउँदैन भन्ने मान्यता स्थापित गरिन्छ। समाजवादी शिक्षा लागु गर्न समाजवादी व्यवस्था नै चाहिन्छ। पूँजीवादले जनतालाई झुक्याउनको लागि समाजवादका केही कुराहरू अनुकरण गरेपनि सारमा उक्त शिक्षाले श्रमजीवी वर्गलाई दिग्भ्रमित पार्ने काम मात्र गर्दछ । जनताबाट सिक्ने, श्रमसँग जोडिने, व्यक्तिभित्र सामुहिकतावादी चरित्र निर्माण गर्ने, एकांगी शिक्षाको सट्टा बहुप्राविधिक शिक्षामा जोड दिने र मान्छेलाई बहुसंख्यक श्रमजीवी वर्गको हितको निम्ति संघर्ष गर्न सिकाउने शिक्षा नै समाजवादी शिक्षा हो। समाजवादी शिक्षाले हरेक व्यक्तिमा द्वन्द्वात्मक भौतिकवादी सही विश्व दृष्टिकोणको विकास गराउनु पर्दछ । उत्पादनको निम्ति संघर्ष, वर्ग संघर्ष र वैज्ञानिक प्रयोगको सही आलोकमा शिक्षालाई अघि बढाउन सकेमा मात्र त्यो समाजवादी शिक्षा बन्न पुग्दछ । वुर्जुवाहरूले शिक्षाको वर्ग चरित्र हुँदैन; शिक्षा भनेको वर्ग, वर्ग संघर्ष र विचारभन्दा माथि उठेको हुन्छ भन्ने पाखण्डपूर्ण प्रचार गर्दछन् । यथार्थमा शिक्षाको पनि वर्गीय स्वरूप हुन्छ । पूँजीवादी शिक्षाले पूँजीपति वर्गको सेवा गर्दछ । समाजवादी शिक्षामा सर्वहारावर्गको राजनीति मुख्य कमाण्डमा रहन्छ। निरक्षरताको अन्धकारमा समाजवादको निर्माण हुन नसक्ने भएकोले समाजवादी शिक्षाले निरक्षरताको पूर्ण उन्मूलनका लागि साक्षरता अभियान चलाउनु जरूरी हुन्छ । यसले समाजमा विद्यमान हरेक खालका कुरीति, अन्धविश्वास र रूढीवादलाई समूल नष्ट गर्दै हरेक नागरिकमा वैज्ञानिक, प्रगतिशील एवं भौतिकवादी सोचको विकास गर्ने नीति लिन्छ । 'पूँजी' खण्ड-१ मा मार्क्सले लेख्नुभएको छ, "मानिसको सम्पूर्ण विकासका लागि शिक्षामा उत्पादक श्रम र व्यायामको तालमेल एउटा जरूरी शर्त हो ।" स्वस्थ मनसँगै स्वस्थ शरीर नभई समाजवादको निर्माण असम्भव भएकोले बौद्धिक र प्राविधिक ज्ञानसँगै शारीरिक शिक्षालाई पनि महत्त्वका साथ समावेश गरिनु पर्दछ । समाजवादी शिक्षाले समाजमा विद्यमान रैथाने सीप र प्रविधिको संरक्षण र आधुनिकीकरण गर्दै विज्ञान र सूचना प्रविधिका नवीनतम् आविष्कारहरूमा नगरिकहरूलाई दक्ष बनाउनु पर्दछ । यसका साथै हरेक प्रतिभाहरूलाई नवीनतम् आविष्कारमा प्रेरित गर्दै समग्र मानव समुदायको सेवामा लगनाउनु आवश्यक हुन्छ ।

समाजवादमा शिक्षाले मेसिन होइन मान्छे जन्माउछ । मार्क्सले भनेझैं समाजवादको लक्ष्य भनेको सबैको खुला विकासमा प्रत्येकको खुला विकास निहित हुने व्यवस्था हो । यो एक यस्तो अर्थ व्यवस्थामा आधारित समाज हो जसले सामाजिक उत्पादक शक्तिको उच्चतम विकाससँगै मानव जातिको जतिसक्दो उच्च र समतापूर्ण विकास सुनिश्चित गर्नेछ। पूँजीवादी व्यवस्थामा विद्यालय र शिक्षा वुर्जुवा शासक वर्गको नियन्त्रणमा रहेको हुन्छ, उसले त्यो नियन्त्रण आफ्नो फाइदाको निम्ति प्रयोग गर्दछ। पूँजीवादले अज्ञानी, आज्ञाकारी र प्रश्न नगर्ने मान्छेको रूपमा कामदार वर्गलाई परिणत गर्ने शिक्षा प्रणाली अपनाउँछ । यसले बढीभन्दा बढी अतिरिक्त मूल्यको उत्पादन गर्नका लागि विद्यालयमा पढाउने शिक्षालाई केवल दक्ष नोकरहरू तालिम दिने साधनको रूपमा मान्दछ। समाजवादी शिक्षा नीतिले यी सबै परिस्थितिहरूलाई उल्ट्याउँछ। समाजवादमा शिक्षा सामाजिक संगठन र कल्याणको विषय बन्दछ। शिक्षालाई नियमित घरायसी र करेसाबारीको श्रमसँग जोड्नेदेखि लिएर उच्च वैज्ञानिक र प्राविधिक ज्ञानसम्म विस्तार गरिनु पर्दछ । समाजवादी शिक्षाले एउटा पूर्ण मानव निर्माण गर्नको निम्ति व्यक्तिको शारीरिक विकासलाई मानसिक विकाससँग जोड्ने काम गर्दछ। चौतर्फी विकसित र चौतर्फी प्रशिक्षित मानिसहरूको तयारी गर्नु समाजवादी शिक्षाको ध्येय हो । यसले अतितका शिक्षासम्बन्धी धरोहरहरूलाई पूर्ण इन्कार गर्दैन र गर्नु पनि हुँदैन । समाजका सारा मानिसहरूको व्यक्तिवादी सोचलाई सामुहिकतावादी मानसिकतामा बदल्ने समाजवादी समाजको आवश्यकता अनुरूप समाजवादी शिक्षा नीति अघि बढ्दछ ।

**समाजवादी राष्ट्रका अनुभव, अभ्यास र नीति :**

लेनिनको नेतृत्वमा सन् १९१७ मा रुसमा (सोभियत संघ) सम्पन्न महान् अक्टोबर समाजवादी क्रान्ति पछि समाजवादी शिक्षाको बहस र कार्यान्वयनको क्रम शुरु भयो । त्यसपछि चीन, कोरिया, क्युवा, भियतनाम आदि देशमा सम्पन्न भएका समाजवादी क्रान्तिले आफ्नो देशको विशिष्टतासहित समाजवादी शिक्षाको व्यवहारिक कार्यान्वयनलाई अघि बढाए । यो लेखमा उपर्युक्त देशका अनुभव, अभ्यास र नीतिहरूलाई संक्षिप्त चर्चा गरिने छ।

**पूर्व सोभियत संघ :**

समाजवादको स्थापनासँग सोभियत संघमा शिक्षामा राज्यको नियन्त्रण कायम गरियो। जनसंख्याको ठूलो हिस्सा निरक्षर रहेको र निरक्षरताको अन्धकारमा समाजवादको निर्माण गर्नु असम्भव भएकोले व्यापक रूपमा "साक्षरले निरक्षरलाई पढाऊ" भन्ने साक्षरताको अभियान चलाइयो । यसका निम्ति उद्योग र कृषि फार्महरूमा सबै युवा, विद्यार्थी, शिक्षक एवं बौद्धिक व्यक्तित्वहरूलाई परिचालन गरियो । एक दशक भित्र सम्पूर्ण रुसभरी विद्युतीकरण सम्पन्न गर्ने गरी शैक्षिक र प्राविधिक जनशक्ति उत्पादनको

तयारी गरियो । लेनिनको निर्देशनमा समाजवादी शिक्षाको मोडेल तयार गर्ने जिम्मेवारी विशेषगरी लुनाचार्स्की र नाजेज्दा क्रुप्सकायालाई प्रदान गरिएको थियो । समाजवादी रुसका निम्ति क्रुप्सकायाको विशेष जोड बहुप्राविधिक शिक्षामा थियो । सोभियत रुसको संविधानमा शिक्षा अनिवार्य र निःशुल्क गराइयो । उच्च शिक्षालाई सर्वसुलभ बनाउदै मजदूर, किसानका छोराछोरीलाई छात्रवृत्तिको व्यवस्था गरियो । शिक्षामा सबैको पहुच स्थापित भयो, शिक्षा सर्वव्यापी भयो र मातृभाषामा शिक्षा दिने व्यवस्थाको सुरुवात गरियो । ठूलाठूला उद्योगको स्थापना गर्ने र कृषिको सामुहिकीकरण र यान्त्रिकीकरण गर्दै त्यसका निम्ति आवश्यक जनशक्ति उत्पादन गर्ने विश्वविद्यालय र प्रशिक्षण केन्द्रहरू खोलिए । समाजवादी रुसले विकसित पूँजीवादी देश अमेरिकालाई समेत पछि पार्दै रकेट प्रक्षेपण प्रविधि, अन्तरिक्ष अन्वेषण र सो अनुसार जनशक्ति उत्पादनको अभियानलाई अघि बढाउने नीति तय गरेको थियो ।

सोभियत शिक्षाको दार्शनिक आधार मार्क्सवाद लेनिनवाद थियो । साम्यवादी विचारप्रति समर्पित रहने, समाजवादी मतृभूमिलाई माया गर्ने, श्रम र श्रमजीवी वर्गप्रति सम्मान गर्ने, समाजवादी कला र संस्कृतिको विकास गर्ने वैज्ञानिक र प्राविधिक विषयमा जोड दिने, अनिवार्य शारीरिक र सैनिक तालिम लागु गर्ने, समाजवादी व्यवस्थाप्रति प्रतिवद्ध इमान्दार र उच्च कम्युनिष्ट नैतिकतायुक्त नागरिक तयार गर्ने नै सोभियत शिक्षा पद्धतिको उद्देश्य थियो । सोभियत संघमा सामान्य शिक्षा, बहुप्राविधिक शिक्षा र व्यावसायिक शिक्षा गरी शिक्षालाई तीन भागमा वर्गीकरण गरिएको थियो । शिक्षा सम्पूर्ण नागरिकको अधिकारको विषय बन्यो । शिक्षामा महिलालाई पुरुषसरह समान अधिकार, आमा र बालकको हितमा राज्यको सुरक्षा, सुत्केरी भत्ता र पछि तलब सुविधा सहित विदाको व्यवस्था, शिशुशाला र बालोद्यानहरूको बृहद् बन्दोबस्त गर्ने कुरा संविधानमा उल्लेख गरियो । शिक्षामा राज्यको पूर्ण लगानी हुनुका साथै निजीकरण पूर्णत बन्द गरियो । सबैका निम्ति समान खालका विद्यालयहरू सञ्चालन गरियो । हरेक विद्यालयमा डाक्टर र नर्सको व्यवस्था गरी विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था कायम भयो । शारीरिक र बौद्धिक अपांगता भएका विद्यार्थीहरूको लागि आवासिय सुविधासहितको शिक्षा उपलब्ध गराइएको थियो । प्रतिभाशाली विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्ति सहितको उच्च शिक्षा अध्ययनको अवसर प्रदान गरिन्थ्यो । देशको आवश्यकता र मागको आधारमा मात्र उच्च शिक्षाको कोटा निर्धारण गरी प्रवेश परीक्षाको योग्यता क्रमका आधारमा उच्च शिक्षा दिइन्थ्यो र उच्च शिक्षा पढ्न नपाउनेहरूलाई आफ्नो रूचि र क्षमता अनुसारका व्यवसायहरू चयन गर्नका निम्ति प्रेरित गरिन्थ्यो । डाक्टर, इन्जिनियर, अनुसन्धानकर्ता एवं हरेक क्षेत्रका उच्च दक्षतायुक्त प्राविधिक जनशक्ति उत्पादन गर्दै, श्रम शिक्षा र चरित्र निर्माणमा जोड दिदै समाजवादी मूल्यमान्यता सहितको विश्वकै अग्रणी समाजवादी राष्ट्र निर्माण गर्न सोभियत शिक्षा प्रणाली सफल भएको थियो ।

**जनवादी गणतन्त्र चीन :**

माओत्सेतुङ्गको नेतृत्वमा सन् १९४९मा चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो । क्रान्तिपश्चात् पुरानो शिक्षा प्रणालीलाई ध्वस्त पार्दै नयाँ शिक्षा प्रणाली स्थापित गरियो । शिक्षाको सम्पूर्ण दायित्व राज्यले लिन शुरु गऱ्यो । श्रमिक जनताको बीचमा जाने, उनीहरूको आवश्यकता पहिचान गर्ने, जनताबाट सिक्ने र जनतालाई सिकाउने नीति लिइयो । विशाल जनसंख्या भएको मुलुक, जुन लामो समयसम्म आन्तरिक सामन्तवादी शोषण र बाह्य साम्राज्यवादी दमनमा पिल्सिएको थियो, लाई समाजवादी मार्गमा डोऱ्याउने काम निकै नै चुनौतीपूर्ण रहेको थियो । राज्यले निरक्षरता उन्मूलन गर्दै मजदूर, किसान तथा अन्य कामदार जनतालाई राजनैतिक, वैज्ञानिक, प्राविधिक र व्यावसायिक शिक्षा प्रदान गर्ने र समाजवादी शैक्षिक व्यवसायहरू विकास गरी सारा राष्ट्रको वैज्ञानिक एवं सांस्कृतिक स्तर उठाउने नीति लिइएको थियो । राज्यले समाजवादलाई सेवा गर्ने सबै क्षेत्रका विशेषज्ञहरूलाई तालिम दिने, बुद्धिजीवीहरूको संख्यालाई बढाउने र समाजवादी आधुनिकीकरणको परिस्थिति तयार गर्ने संवैधानिक व्यवस्था मिलाइयो । उच्च आदर्शहरू र नैतिकताका शिक्षा प्रचार गरेर समाजवादी सभ्यताको निर्माणलाई बलियो बनाउदै सार्वजनिक शिक्षा, अनुशासन र आचारसंहितालाई सूत्रबद्ध गर्ने नीतिगत व्यवस्था गरियो । समाजवादी मातृभूमि, जनता, श्रम, विज्ञान र समाजवाद प्रतिको पक्षधरता लिदै सामुहिकतावाद, अन्तर्राष्ट्रियतावाद, साम्यवाद एवं द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद बारे जनतालाई शिक्षित गर्ने र सामन्ती पूँजीवादी विचारहरूसँग संघर्ष गर्ने शैक्षिक नीति कायम गरियो । सन् १९५८ पछि चीनमा 'महान् अग्रगामी छलाङ्ग'को समाजवादी नीति अघि सारियो । त्यो बेला माओले भन्नुभएको थियो, "क्रान्तिलाई पक्र र उत्पादन बृद्धि गर ।" चीनमा क्रान्तिकालमा नै 'मीन-बान' श्रेणीका स्कूलहरू थिए जसको अर्थ हुन्थ्यो स्थानीय उत्पादन एकाइद्वारा चलाइएका विद्यालय । यी विद्यालयहरूमा औपचारिक शिक्षा र उत्पादक श्रम दुबैलाई समान समय

र महत्त्व दिइन्थ्यो। त्यो वेला चीनमा विद्यालय र उत्पादन स्थलबीचको पर्खाल ढालिनु पर्छ भन्ने शैक्षिक मान्यता विकसित भयो।

सांस्कृतिक क्रान्तिकालमा 'आंशिक काम, आंशिक अध्ययन' सम्बन्धी विद्यालयहरूमा अधिक जोड दिइएको थियो। यस्तो विद्यालयले श्रमप्रति सम्मान गर्ने, समाजप्रति जिम्मेवार रहने र समाजवादी व्यवस्थाप्रति इमान्दार रहने उच्च नैतिकतायुक्त नागरिक तयार पार्न सघाउ पुऱ्याउँथ्यो। विद्यालयको अवधि छोटो हुनुपर्छ भन्ने मान्यता थियो। क्रान्तिकारी योद्धाहरूको जीवनीलाई पाठ्यक्रममा समावेश गरियो। मार्क्सवाद लेनिनवाद र माओत्सेतुङ्ग विचारधाराको अध्ययन अध्यापनलाई विशेष जोड दिइयो। सन् १९६६ मा शिक्षा सम्बन्धि निर्देशन दिँदै माओले भन्नुभएको थियो, "विद्यार्थीको मुख्य काम पढ्नु हो। पढ्नुको साथै उनीहरूले औद्योगिक काम, कृषि र सैनिक विषय पनि सिक्नु पर्दछ।" किताबी ज्ञानभन्दा शारीरिक श्रम र जनताबाट सिक्ने कुरामा बढी जोड दिइयो। समाजवादी देशका विद्यार्थीलाई आफ्नै पौरखले देश बनाउनु र आत्मनिर्भर हुनु गौरवपूर्ण काम हो भन्ने मान्यताले प्रशिक्षित गरियो। समाजवादी चीनले "उत्पादनका लागि संघर्ष, वर्ग संघर्ष र वैज्ञानिक प्रयोग" भन्ने माओको मार्गदर्शनलाई शैक्षिक क्षेत्रमा मूलमन्त्र मानेर अघि बढ्यो। उद्योग, कृषि फारम र सिंगो समाजलाई नै कक्षाकोठा मान्नुपर्छ र तिनैबाट सिक्नुपर्छ भन्ने मान्यता अनुसार नै चीनको शिक्षानीति अघि बढेको थियो।

शिक्षामा सिद्धान्त र व्यवहारलाई समायोजन गर्ने माओको चिन्तनलाई कार्यान्वयन गर्नका निम्ति चीनमा धेरैजसो प्राथमिक तथा माध्यमिक विद्यालयहरूले कार खानाहरू सञ्चालन गर्ने नीति लिइएको थियो। जन कम्युनहरूले पनि विभिन्न विद्यालयहरू सञ्चालन गरेका थिए। इन्जिनियरिङ्ग, प्रविधि, कृषि र स्वास्थ्य सेवामा प्रगति गर्ने शिक्षा नीति तय गरियो। राजनीति, गणित, साहित्य, एउटा विदेशी भाषा, भौतिक विज्ञान, रसायन विज्ञान, भूगोल, इतिहास, आधारभूत कृषि, शारीरिक प्रशिक्षण र क्रान्तिकारी संस्कृति गरी ११ वटा विषय क्षेत्रलाई पढाउने काम गरियो। आम ग्रामीण जनताको स्वास्थ्य सेवाका लागि देशैभरि "नाङ्गाखुट्टे डाक्टर"हरू परिचालन गरियो भने प्रौढ गरीव किसानहरूलाई "खाली खुट्टावान" शिक्षकका रूपमा कम्युनहरूमा पठाइयो। सारमा भन्दा सांस्कृतिक क्रान्तिकालमा तपसिल बमोजिमको शैक्षिक नीति अपनाइएको थियो। जसअनुसार,

■ प्राथमिक शिक्षा देखि लिएर उच्च शिक्षासम्ममा समाजवादी चेतना र संस्कृतिले लैस भएका मजदूरहरू पैदा गर्ने।
■ व्यापक मात्रामा मजदूर र किसानहरूका केटाकेटीहरूलाई शिक्षा दिने।
■ पाठ्यक्रमको अवधि छोट्याउने।
■ पाठ्य सामग्रीहरूलाई व्यवहारिक काम र शारीरिक श्रमसित जोड्ने।
■ घोक्ने कुरामा जोड नदिई प्रबोधनद्वारा पढाउने।
■ सपुस्तकीय परीक्षा, त्यसले घोकन्ते पढाइको साटो ज्ञानको खोज र संयोजनमा जोड दिन्छ।
■ जीवन्त अध्ययन र माओ विचारधाराको प्रयोग।

तर सन् १९७६मा माओको निधनपश्चात् चीनीया शिक्षा नीति समाजवादी मान्यताबाट अलिकति बिचलित हुँदै पूँजीवादी मार्गतर्फ अघि बढेको प्रष्ट अनुभूत हुन्छ।

**क्युवा :**

फिडेल क्यास्त्रो र चे ग्वेभाराको नेतृत्वमा सन् १९५९मा क्युवामा समाजवादी क्रान्ति सम्पन्न भयो। क्युवाले आफ्नो शैक्षिक र सांस्कृतिक नीतिको आधार विज्ञान र प्रविधिमा भएको प्रगति, मार्क्सवाद लेनिनवाद र जोसेमार्टीको सिद्धान्त तथा सार्वभौम एवं क्युवाली प्रगतिशील शैक्षिक परम्परालाई बनायो। शिक्षा राज्यको दायित्व हो, यो अनिवार्य र निःशुल्क हुन्छ, राज्यले विद्यार्थीहरूलाई व्यापक छात्रवृत्तिको व्यवस्था गर्दै मजदूरहरूलाई उच्चस्तरको ज्ञान, सीप हासिल गर्न चौतर्फी अवसर दिनुपर्छ भन्ने संवैधानिक व्यवस्था गरियो। वैज्ञानिक र प्राविधिक अनुसन्धान ,समाजवादी मूल्यको विपरित नजानेगरी कला सिर्जनाको स्वतन्त्रता, शारीरिक शिक्षा, खेलकूद र सैनिक अभ्यास तथा नागरिकहरूको आन्तरिक विकास गर्ने शिक्षा नीतिको तय गरियो। सबै तहको शिक्षाको लागि विद्यालय अर्धआवासीय र पूर्ण आवासीय विद्यालयहरूको निःशुल्क व्यवस्था भयो। प्रौढ शिक्षा कार्यक्रम र साक्षरता अभियानलाई विशेष महत्त्वका साथ अघि बढाइयो। क्युवाको समाजवादी शिक्षाको अभियान चे ग्वेभाराको 'नयाँ मान्छे' निर्माणको सपना सहित अघि बढेको थियो। चे ग्वेभाराका अनुसार समाजवादी 'नयाँ मान्छे' निर्माण गर्नका निम्ति सम्पूर्ण समाज नै 'बृहद् विद्यालय' बन्नु पर्दछ।

समाजवादी मान्यता अनुरुप धर्म र धनीहरूको सेवा गर्ने निजी विद्यालयहरूलाई सरकारीकरण गरी सार्वजनिक शिक्षाको एकल अभियान अघि बढाइयो। निरक्षरता उन्मूलन गर्नको लागि लाखौं 'साक्षरता शिक्षक' र विदाको समयमा स्वयम्सेवी युवाहरूलाई परिचालन गरियो। 'कामदार किसान' साक्षरता कार्यक्रम सञ्चालन गरिएको थियो। क्युवाको साक्षरता कार्यक्रम संसारभरकै

लागि अनुकरणीय मानिन्छ र यसलाई युनेस्कोले ‘महान् लोकप्रीय साँस्कृतिक क्रान्ति’ मानेको थियो । क्युवाको शिक्षा प्रणाली पढाइ, काम र सैनिक तालिमको एकीकृत स्वरूप हो । शिक्षालाई विद्यालय र विश्वविद्यालय तहबाटै उत्पादन कार्य र समाजसँग जोडियो । क्रान्तिका शुरु वर्ष देखि नै ‘गाउँले शिक्षा’ कार्यक्रम लागू गर्दै, शिक्षक र विद्यार्थीलाई कृषिसँग जोड्दै, ‘कर्मथलो शिक्षा’मा जोड दिइयो । सोभियत समाजवादको पतन पछि क्युवा अप्ठेरो परिस्थितिबाट गुज्रिएको बेला आत्मनिर्भरताको लागि स्थानीय पाठ्यक्रमलाई जोड दिदै कृषि स्कूलहरू खोलिएका थिए । क्युवामा क्रान्ति लगत्तै प्राविधिक र व्यावसायिक शिक्षाका केन्द्रहरू खोलियो र समाजवाद निर्माणको निम्ति पहिलो प्राथमिकता शिक्षा क्षेत्रलाई दिइयो । सन् १९७० मा सक्षम र प्रतिबद्ध शिक्षकहरू उत्पादन गर्नको निम्ति शैक्षिक केन्द्रहरू स्थापना गरिएको थियो । शिक्षा विकासको नेतृत्व कर्मचारीतन्त्र र गैरसरकारी क्षेत्रले नभई राजनैतिक (कम्युनिष्ट) पार्टीले गर्नुपर्छ भन्ने मान्यता राखियो । अनुसन्धानलाई थप जोड दिदै शिक्षा प्रणालीलाई थप परिस्कृत बनाउँदै लागियो । क्युवाको मेडिसिन शिक्षा र डाक्टरहरू संसारभरमै उत्कृष्ट मानिन्छन् । क्युवाले कुल बजेटको २३ प्रतिशत शिक्षामा लगानी गरेको छ। क्युवामा माध्यमिक तहसम्मको आधारभूत शिक्षालाई अनिवार्य गरिएको छ तर विश्वविद्यालयमा भर्ना हुन कडा प्रवेश परीक्षाको सामना गर्नु पर्छ । विश्व विद्यालय शिक्षामा प्रवेश गर्न नपाउनेहरू व्यावसायिक र प्राविधिक शिक्षातर्फ लाग्दछन् । क्युवामा विद्यार्थीहरूलाई सानै उमेरदेखि समाजवादी मूल्य, विचार, चरित्र र व्यवहारहरू सिकाउने काम गरिन्छ । प्राथमिक र माध्यमिक तहका पाठ्यक्रमहरू कडा परिश्रम, आत्म अनुशासन, राष्ट्रभक्ति जस्ता सिद्धान्तमा आधारित छन् । विद्यालयमा स्वतन्त्रता र अन्तर्राष्ट्रिय भाइचारा जस्ता मूल्यहरू सिकाइन्छन् । विद्यालयहरू दण्डरहित छन् र व्यवस्थापनमा अभिभावकको सहभागिता अनिवार्य छ । निष्कर्षमा भन्नु पर्दा यहाँको निःशुल्क शिक्षा, गुणस्तरीय प्राविधिक शिक्षामा उत्कृष्टता, पेशाप्रति सन्तुष्ट र समर्पित शिक्षक, प्रभावकारी अनुगमन प्रणाली तथा समाजवादी भविष्यको स्वर्णिम सपनाले क्युवाको शिक्षा प्रणालीलाई उत्कृष्ट तुल्याएको छ ।

**प्रजातान्त्रिक जनगणतन्त्र कोरिया :**

प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको समाजवादी शिक्षा नीतिका मुख्य आर्किटेक्ट किम इल सुंग हुन् । मार्क्सवाद लेनिनवाद र जुछे विचारधाराको मार्गदर्शनमा कोरियाको शिक्षा प्रणालीले आकार लिएको छ । किम इल सुंगका अनुसार वर्गीय शिक्षा नै कम्युनिष्ट शिक्षाको मुख्य उद्देश्य हुनुपर्दछ । उहाँले भन्नुभएको छ, “एक कम्युनिष्टले प्रकृति र समाजको साथै साम्यवादी विचार बारे पनि ज्ञान राख्नु पर्दछ । ” कोरियामा समाजवादी व्यवस्थालाई अघि बढाउनका निम्ति तीन क्रान्तिहरू; विचारधारात्मक क्रान्ति, प्राविधिक क्रान्ति र साँस्कृतिक क्रान्तिलाई सँगसँगै लैजानुपर्छ भन्ने मान्यता स्थापित गरिएको छ । समाजवादी शिक्षाको आधारभूत सिद्धान्त भनेको मानिसलाई क्रान्तिकारी, कामदार र कम्युनिष्ट बनाउनु हो । समाजवादी शिक्षाले जनताको दिमागमा लामो समयदेखि रहि आएको पुरातन र पश्चगामी विचारका अवशेषहरूलाई पूर्णरूपमा निर्मूल गर्नु पर्दछ । समाजवादी शिक्षाले हरेक व्यक्तिको स्वस्थ शरीर र स्वस्थ मष्तिष्क निर्माण गर्नु पर्दछ । साथै हरेक व्यक्तिमा प्रकृति, समाज र आधुनिक प्रविधिको गहन ज्ञानले भरिपूर्ण बनाउन सक्नुपर्छ समाजवादी शिक्षाले शिक्षालाई क्रान्तिकारी व्यवहारसँग समन्वय गरिनुपर्दछ । राजनैतिक र विचारधारात्मक शिक्षा, वैज्ञानिक र प्राविधिक शिक्षा तथा शारीरिक शिक्षा नै कोरियाली समाजवादी शिक्षाका मुख्य विषयवस्तुहरू हुन् । अन्वेषणात्मक शिक्षण विधि, सैद्धान्तिक शिक्षाको उत्पादक श्रम र प्रयोगात्मक तालिमसँगको समन्वय ,सामाजिक शिक्षा र विद्यालयको एकीकरण एवं पूर्व विद्यालय, विद्यालय र प्रौढ शिक्षाको निरन्तरता आदिले यहाँको समाजवादी शैक्षिक विधिको प्रतिनिधित्व गर्दछन् । बौद्धिकहरूलाई मजदूर बनाउने र मजदूरको बौद्धिकीकरण गर्नु यहाँको शिक्षाको मुख्य विशेषता हो । नारा नै छ, “पार्टी, जनता र सैनिकले अध्ययन गर्नै पर्दछ ।” समग्र राष्ट्रभरी नै कम्तीमा पनि दैनिक २ घण्टाको पठन संस्कृतिको विकास गरिएको छ ।

सर्वव्यापी अनिवार्य शिक्षा, सर्वव्यापी निःशुल्क शिक्षा, ‘काम गर्दै पढ्दै’ भन्ने पद्धति यहाँको शिक्षाका विशेषता हुन् । यहाँ ११ वर्षे अनिवार्य विद्यालय शिक्षा लागू छ । शारीरिक र मानसिक रूपमा असक्तहरूका निम्ति आवासीय सुविधा सहित विशेष विद्यालयहरूको व्यवस्था छ । विद्यालय शिक्षालाई प्राथमिक र माध्यमिक गरी दुई भागमा बाँडिएको छ । २ वर्षे किन्डर गार्डेन, ४ वर्षे प्राथमिक विद्यालय र ६ वर्षे माध्यमिक विद्यालयको व्यवस्था गरिएको छ । विश्वविद्यालयमा भर्ना हुनको निम्ति अनिवार्य शैक्षिक सेवा गरेको हुनु पर्ने तथा कामको अनुभव भएको सिफारिस पत्रसमेत अनिवार्य गरिएको छ । यहाँ बच्चाहरूको क्रियाकलापको आधारमा उनीहरूको रूचि र अन्तर्निहित क्षमता पत्ता लगाई सोही आधारमा व्यावसायिक र माथिल्लो शिक्षा प्रदान गर्ने नीति लिइएको छ । शिक्षामा निजीकरण पूर्णतः बन्द गरिएको छ । शिक्षा प्रणालीमा बहुप्राविधिक

शिक्षाका सिद्धान्तहरू प्रयोग गरिएको छ, श्रम अनिवार्य र सम्मानित छ । अध्ययनको क्रान्तिकारी संस्कृति विकास गर्दै युवा पुस्तालाई समाजवाद निर्माणको उद्देश्यसहित प्रशिक्षित गर्नु, सर्वहारा अन्तर्राष्ट्रवादी भावनाको विकास गर्नु, काम र अध्ययनलाई सँगसँगै लैजानु, कम्तीमा पनि एउटा विदेशी भाषामा विशेषज्ञता हासिल गराउनु, आफ्नो विशिष्टताको क्षेत्रमा पूर्ण ज्ञान हासिल गराउनु र समाजवादी मूल्यमान्यतासहितको पूर्ण नागरिक तयार गर्नु प्र.ज.ग. कोरियाली शिक्षाको मुख्य उद्देश्य हो । शिक्षकको मुख्य दायित्व भनेको विद्यार्थीलाई विद्यालयमा राम्ररी पढाउनु हो । विद्यालय बाहिरका सामाजिक र अतिरिक्त क्रियाकलापमा निर्देशित गर्नु पनि शिक्षकको मुख्य काम भित्र पर्दछ । समाजवादी क्रान्तिकारी गुण नभएका शिक्षकहरूले समाजवादी चेतनाका विद्यार्थीहरू उत्पादन गर्न सक्दैनन् तसर्थ हरेक शिक्षकहरूले आफुलाई समाजवादी मूल्यमान्यतामा पोख्त बनाउनु पर्छ भन्ने मान्यता पनि यहाँ स्थापित छ । समग्रमा भन्दा समाजवादी चेतनाले युक्त; प्राविधिक रूपमा दक्ष, शारीरिक रूपमा स्वस्थ र नैतिकवान नागरिकहरू प्रशिक्षित गर्दै सम्पूर्ण कोरियाली समाजलाई बुद्धिजीवी बनाउँदै समृद्ध समाजवादी राष्ट्र निर्माण गर्ने ध्येयका साथ यहाँको शिक्षानीति अघि बढेको छ ।

**नेपालको सन्दर्भ :**

वर्तमान नेपाल समाजवादी राष्ट्र होइन । संविधानमा लेखिए बमोजिम लोकतान्त्रिक गणतन्त्रात्मक र समाजवाद उन्मुख राष्ट्र भनिए पनि व्यवहारमा यहाँको राज्यसत्ताको चरित्र दलाल नोकरशाही पूँजीवादी नै छ । यसका साथै नव औपनिवेशिक उत्पीडन र प्रचुर मात्रामा सामन्तवादी अवशेषहरू बाँकी रहेका छन् । नेपाली राज्यसत्तामा रूपमा केही हदसम्म अग्रगामी परिपाटी तर सारमा पुरानै प्रतिक्रियावादी मूल्य र संस्कृतिको जकड , रूप र सारको अन्तर्विरोधबाट नेपाल चलिरहेको छ । यसले यहाँको शिक्षा प्रणालीलाई पनि प्रभावित पारिराखेको छ । आजसम्म पनि वि.सं.२०२८ सालकै शिक्षा ऐन चालु छ । शिक्षामा व्यापक निजीकरण कायम छ र अझै बढ्दो क्रममा छ । सार्वजनिक शिक्षा नाम मात्रको छ र त्यो पनि खस्कदो क्रममा छ । संविधानमा नीतिगत रूपमा अग्रगामी प्रावधानहरू भएपनि शैक्षिक माफिया र दलालहरूसँग ठूलै संघर्ष नगरी नेपालको शिक्षा प्रणालीलाई समाजवादउन्मुख मार्गमा अघि बढाउन सकिदैन ।

***नेपालको सन्दर्भमा मार्क्सवादी दर्शन र पूर्वीय ज्ञानको वैज्ञानिक पक्षलाई संयोजन गरी समाजवादी शिक्षाको खाका तयार गर्दा उपयुक्त हुने देखिन्छ । अबको शिक्षाले नेपाली समाजमा प्रचलित कुप्रथाहरु हटाउने, अन्धविश्वास हटाउने तथा सामाजिक कलंकको रुपमा रहेको छुवाछुत प्रथालाई शीघ्र अन्त्य गर्ने संकल्प लिनै पर्दछ ।***

**शिक्षासम्बन्धी संवैधानिक र नीतिगत व्यवस्था :**

वर्तमान नेपालको संविधानको प्रस्तावनामा "......लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न....." भन्ने वाक्यांश उल्लेख गरिएको छ । संविधानको धारा ५०(३) को निर्देशक सिद्धान्त अन्तर्गत "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।" भनिएको छ । यस अनुसार सैद्धान्तिक रूपमा नेपाल एउटा समाजवाद उन्मुख देश हो भनी मान्न सकिन्छ । संविधानको धारा ३१ मा शिक्षासम्बन्धी पाँचवटा हकहरू व्यवस्था गरिएका छन् । जसअनुसार प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने, अपांग र विपन्नहरूलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षाको हक हुने, दृष्टिविहीन, बहिरा आदिलाई ब्रेल लिपी तथा सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने तथा हरेक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने हक हुने व्यवस्था गरिएको छ । त्यस्तै गरी धारा ४०(२) अनुसार दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम विशेष व्यवस्था गरिने छ भनिएको छ । यिनै संवैधानिक व्यवस्थाहरूलाई कार्यान्वयनमा लैजाने उद्देश्यमा सहयोगी हुनेगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ समेत जारी गरिसकिएको छ ।

**नेपालमा समाजवादी शिक्षा कस्तो हुने ?**

पूर्व सोभियत संघ, चीन, क्युवा र उत्तर कोरियामा जस्तो कम्युनिष्ट पार्टीको एकल सत्ता नभएको हुनाले नेपाली समाजवादी शिक्षाको मोडेल ती देशहरूभन्दा फरक हुनेछ र त्यहाँको मोडेल हुबहु यहाँ लागू गर्न पनि सम्भव छैन । नेपालको समाजवाद लोकतान्त्रिक मूल्य र प्रतिस्पर्धामा आधारित समाजवाद हो । यसर्थ शिक्षा नीति पनि सोही अनुसार प्रभावित हुन्छ । शिक्षा देश विकाससँग जोडिनु पर्दछ । यहाँको शिक्षाले मानिसलाई समुदायमुखी, उत्पादनशील, राष्ट्रप्रेमी, श्रमप्रेमी बनाउँदै राष्ट्रिय स्वाधिनताको पक्षमा उभिने तथा साम्राज्यवादी औपनिवेशिक उत्पीडन विरुद्ध संघर्ष गर्ने नागरिक तयार गर्नु पर्दछ । उत्पीडित वर्ग, क्षेत्र, लिंग र समुदायका हरेक व्यक्तिको गुणस्तरीय शिक्षामा समतामूलक पहुँच हुनु पर्दछ । शिक्षामा भएको चरम व्यापारीकरण एवं निजीकरण पूर्णरूपमा बन्द हुनु अनिवार्य छ । माध्यमिक तहसम्म वास्तविक अर्थको निःशुल्क शिक्षाको व्यवस्था हुनुपर्दछ भने इन्जिनियरिङ्ग, चिकित्साशास्त्र जस्ता प्राविधिक शिक्षामा भएको चरम व्यापारीकरण बन्द गरी देशलाई आवश्यक सो क्षेत्रको कोटा निर्धारण गर्दै प्रतिभाशाली विद्यार्थीहरूलाई छात्रवृत्ति सहित अध्ययनको अवसर प्रदान गरिनुपर्छ । निजी र सामुदायिक दुई खालका शिक्षाको अन्त्य नगरी समाजवादी समाजतर्फ उन्मुख हुन सकिदैन । उच्च शिक्षाको नाममा पूँजी र विद्यार्थीहरू विदेशिने बढ्दो क्रमलाई तत्काल रोक्नु पर्दछ । हाम्रो देशको पाठ्यक्रम र शिक्षा नीतिले साम्राज्यवादी राष्ट्रका निम्ति अघोषित रूपमा जनशक्ति उत्पादन गरिरहेको छ । यो कुरा अन्त्य हुनुपर्छ । साथै देशको आवश्यकता अनुसारका जनशक्तिहरू उत्पादनको नीति लिनु पर्दछ । समाजवादी शिक्षाले आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहयोगी हुने गरी रोजगारीमूलक शिक्षा प्रदान गर्नु पर्दछ । स्वास्थ्य र शिक्षाक्षेत्र नाफा कमाउने क्षेत्र हुनु हुँदैन । जीवनोपयोगी सीप एवं व्यवहारिक शिक्षालाई उच्च प्राथमिकता दिदै औपचारिक शिक्षासँग अनौपचारिक र अनियमित शिक्षालाई जोड्नु आवश्यक छ । समुदायमा विद्यमान रैथाने सीप र प्रविधिलाई संरक्षण गर्ने, आधुनिकीकरण गर्ने र विस्तार गर्ने नीति लिनु पर्दछ । समाजवादी शिक्षाले विविधताको सम्मान गर्नुपर्छ र बहुभाषिक नीति अपनाउनु पर्छ । समालोचनात्मक सोच भएको, तार्किक, भ्रष्टाचार विरोधी, अन्याय अत्याचार विरुद्ध संघर्षशील नागरिक तयार गर्नु समाजवादी शिक्षाको उद्देश्य हुनुपर्दछ । शिक्षाले स्थानीय र विश्वव्यापी ज्ञानलाई जोड्नु पर्छ । नेपालको सन्दर्भमा मार्क्सवादी दर्शन र पूर्वीय ज्ञानको वैज्ञानिक पक्षलाई संयोजन गरी समाजवादी शिक्षाको खाका तयार गर्दा उपयुक्त हुने देखिन्छ । अबको शिक्षाले नेपाली समाजमा प्रचलित कुप्रथाहरू हटाउने, अन्धविश्वास हटाउने तथा सामाजिक कलंकको रूपमा रहेको छुवाछुत प्रथालाई शीघ्र अन्त्य गर्ने संकल्प लिनै पर्दछ । वर्तमान परीक्षा प्रणालीमा आमूल परिवर्तन गरेर व्यक्तिको घोक्ने क्षमता भन्दा सिर्जनात्मक रूपले सोच्न क्षमतालाई टेवा दिने खालको परीक्षा प्रणाली अपनाउनु पर्दछ ।वर्तमानमा प्रचलित घोकन्ते शिक्षाको सट्टामा अनुसन्धानात्मक शिक्षामा जोड दिनसके मात्र त्यो समाजवाद उन्मुख हुन सक्दछ । शिक्षा अहिलेजस्तो बेरोजगारहरू उत्पादन गर्ने साधनमा परिणत हुनुहुँदैन ।

**निष्कर्ष :**

समाजमा वर्गको उत्पत्तिसँगै शिक्षाको स्वरूप पनि वर्गीय हुन पुग्यो । शिक्षा राजनीतिबाट अलग हुँदैन । पूँजीवादी समाजमा शिक्षाले केवल पूँजीपति वर्गको मात्र सेवा गर्दछ । वुर्जुवा शिक्षाले श्रम र श्रमिकलाई घृणा गर्ने, कामचोर, उत्पादनबाट अलगिने, चरम स्वार्थी, व्यक्तिवादी र ठालुवादी मानसिकता बोकेका परजीवीहरू मात्र पैदा गर्दछ । पूँजीवादी समाजमा शिक्षालाई व्यापारीकरण गर्दै नाफा नोक्सानको विषय बनाइन्छ । यस्तो समाजमा सम्पन्न र विपन्नले समान खालको शिक्षा प्राप्त गर्ने कुराको कल्पना नै गर्न सकिन्न । उच्च शिक्षा र प्राविधिक शिक्षा केवल धनाढ्यका छोराछोरीको निम्ति मात्र हुन्छ । पूँजीवादी व्यवस्थामा प्रतिभाको कुनै कदर हुँदैन, अर्थात् प्रतिभाशाली तर विपन्न छ भने त्यस्ता व्यक्तिहरूले गुणस्तरीय शिक्षा पाउन सक्ने कुरै हुँदैन । शिक्षामा भएको वर्ग विभाजनले समाजमा झन् ठूलो वर्गीय खाडल तयार गर्दछ । यसको विपरीत समाजवादी शिक्षाको उद्देश्य उन्नत र न्यायपूर्ण समाज निर्माण गर्नु हो । निजी र नाफामुखी वुर्जुवा शिक्षालाई समाजवादी शिक्षा पद्धतिले विस्थापित गर्दछ । समाजवादी शिक्षाले समाज र राष्ट्रको आवश्यकता अनुसार पाठ्यक्रम तयार पार्दछ । बालबालिकाको रूचि, क्षमता र बाल मनोविज्ञान अनुरूपका विषयवस्तु छनौटको सुविधा हुन्छ । व्यक्तिगत हित र स्वार्थलाई भन्दा सामुहिक हित र सामाजिक स्वार्थलाई ख्याल गरिन्छ । आम नागरिकलाई समाजवादी मूल्यमान्यताद्वारा प्रशिक्षित गर्दै उन्नत र न्यायपूर्ण समाज निर्माणमा सहयोग पुऱ्याउनु समाजवादी शिक्षाको उद्देश्य रहन्छ । समाजवादी शिक्षा प्रणालीमा शिक्षा राज्यको दायित्व

भित्र पर्नुका साथै शिक्षामा राज्यको लगानी, नियन्त्रण, निर्देशन, परिचालन र नियमन हुन्छ । पुरातन समाजका खरावीहरू हटाउँदै नवीनतम समाजव्यवस्था निर्माण गर्ने उच्च आदर्शबाट प्रेरित हुन्छ समाजवादी शिक्षा ।

विगतमा सोभियत संघ, समाजवादी चीन, प्र.ज.ग. कोरिया आदि राष्ट्रले आर्जन गरेका समाजवादी शिक्षा प्रणालीको अनुभवहरूको गहन अध्ययन र अनुसन्धान गरी आगामी समाजवादी शिक्षा पद्धतिको महान् राजमार्ग निर्माण गर्न सकिन्छ । ज्ञान, सीप र प्राविधिक शिक्षालाई उत्पादन र नवीन आविष्कारहरूसँग एकीकरण गरेर मात्र समाजवादी शिक्षाको आधारभूमि तयार हुन्छ। समाजवादी शिक्षाले सम्पूर्ण क्षेत्रमा सामन्तवाद र पूँजीवादका सबै अवशेषहरू समाप्त पार्नु पर्दछ । पूँजीवादी शिक्षाले पूँजीवादको सेवा गर्छ, समाजवादी शिक्षाले समाजवादको सेवा गर्दछ । सिकारुहरूमा सामूहिक भावनाको विकास गराउने, शोषण, दमन, अन्याय, अत्याचारविरुद्ध प्रतिरोध गर्न सिकाउनुका साथै संसारभरकै समस्त श्रमजीवी समुदायप्रति भातृत्वको भावनाको विकास गराउने महान् र उदात्त उद्देश्य समाजवादी शिक्षाको हो । समाजवादी शिक्षा प्रणाली द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोणमा आधारित हुन्छ र यो सबै श्रमजीवी जनताको मौलिक अधिकारको रूपमा प्राप्त हुन्छ । पुरानो शिक्षा प्रणालीले किताब मात्र पढाउँछ। समाजवादी शिक्षाले किताब होइन जीवन पढाउनु पर्दछ ।

**सन्दर्भ पुस्तकहरू :**

१.श्रम, शिक्षा र चरित्र निर्माण(नाजेज्दा क्रुप्सकाया (अनुवाद- नारायण गिरी)
२.शिक्षा विमर्श भाग-१ -राजकुमार बराल
३.शिक्षा र जनवादी शिक्षा -गुणराज लोहनी
४.जनवादी शिक्षा अवधारणा, संभावना र भविष्य -यादव आचार्य
५.कम्युनिष्ट पार्टीको घोषणापत्र (कार्लमार्क्स र फ्रेडरिक एंगेल्स -अनु. कृष्णप्रकाश श्रेष्ठ)
६.साम्यवादका सिद्धान्तहरू( फ्रेडरिक एंगेल्स -अनु. कृष्णप्रकाश श्रेष्ठ)
७.महान् सर्वहारा सांस्कृतिक क्रान्ति ( विलियम हिन्टन - अनु. युवराज पन्थी)

■■

नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**सरण विश्वकर्मा**
**प्रोपाईटर**
**सबिन ग्रील उद्योग**
रिब्दीकोट-४, भैरवस्थान, पाल्पा
मोबाईल: ९८४७३८९२९६, ९८५७०६८२९६

हामीकहाँ ग्रील, सटर, च्यानल गेट, कम्पाउण्ड गेट, स्टिल रेलिङ्ग, गोल भऱ्याङ्ग, ट्रस, डेक्स,बेन्च आदि सुपथ मुल्यमा तयार गरिन्छ ।

नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई , दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।



**अर्जुन के.सी.**
**प्रोपाईटर**
**साभा फेन्सी**
तानसेन नगरपालिका, टुडिँखेल, पाल्पा
फोन: ०७५-५२०२४६,९८५७०६०६३२

हामी कहाँ लेडिज,जेन्स,बच्चाबच्चीको फेन्सी आईटम बिक्री गरिनुका साथै नौतनवा-सुनौलीको दररेटमा कुर्ता सुरुवाल उपलब्ध गराईन्छ ।

नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई , दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**कृष्ण बहादुर थापा**
**प्रधानाध्यापक**

**श्री देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालय**
तानसेन-२, नारायणस्थान, पाल्पा
फोनः ०७५५२०४२८,९८५७०६०६५१

विद्यालयका विशेषताहरूः
१.कम्प्यूटर ल्याब, डिजिटल स्मार्ट बोर्ड, ई-लाइब्रेरी
२.पुस्तकालय, विज्ञान प्रयोगशाला को व्यवस्था
३. अनुभवी तथा दक्ष शिक्षकहरूबाट अध्यापन

नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई , दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**शंकरप्रसाद पौडेल** — **प्रधानाध्यापक**
**रामप्रसाद पोखरेल** — **अध्यक्ष(वि.व्य.स)**

**श्री सरस्वती माध्यमिक विद्यालय**
तानसेन-७, सुन्दरगाँउ, पाल्पा
फोनः ०७५-४११०९६,९८४७०२९५९२

विद्यालयका विशेषताहरूः
१.आधुनिक कम्प्यूटर ल्याब, डिजिटल स्मार्ट बोर्ड, ई-लाइब्रेरी
२. पुस्तकालय, विज्ञान प्रयोगशाला को व्यवस्था
३.शान्त, सुन्दर र मनोरम वातावरणमा अध्ययन अध्यापन

नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई , दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**नारायण बहादुर कुँवर**
**प्रधानाध्यापक**

**श्री भैरव जनता माध्यमिक विद्यालय**
रिब्दीकोट-४, भैरवस्थान,पाल्पा

विद्यालयका विशेषताहरूः
१.आधुनिक कम्प्यूटर ल्याब, डिजिटल स्मार्ट बोर्ड, ई-लाइब्रेरी
२.छात्राबास, चमेनागृह, पुस्तकालय, विज्ञान प्रयोगशाला को व्यवस्था
३.रमणीय वालमैत्री वातावरणमा पठनपाठन
४.गुणस्तरीय शिक्षा

नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई , दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**भिमबहादुर श्रेष्ठ/शान्ति श्रेष्ठ**
**प्रोपाईटर**

**श्री कृष्ण बेकरीज उद्योग**
तानसेन नगरपालिका-७, बाँसटारी, पाल्पा
फोनः ०७५-४११११००,९८५७०६०१००

स्वाद र सन्तुस्टिले भरिपूर्ण उच्च गुणस्तरीय तथा स्वास्थ्यर्वद्धक बेकरिजका उत्पादनहरू नियमित प्रयोग गरौं, स्वस्थ रहौं
बर्थडे केक, ब्रेड, समोसा, डोनट, पाउरोटी, बर्फि, बिस्कुटहरू थोक तथा फुटकर बिक्री गरिन्छ ।

गोपालप्रसाद वश्याल

# गणित र विज्ञान विषयमा कमजोर विद्यार्थीका सिकाइ उपलब्धि सुधारका उपायहरू




## सारसंक्षेप

नेपालको विद्यालय शिक्षामा अनिवार्य विषयका रुपमा अध्यापन गरिने गणित र विज्ञान विषयमा विद्यार्थीको सिकाइ उपलब्धिस्तर अत्यन्तै कमजोर रहेको छ। वि सं. २०७६ को अन्त्यतिर राष्ट्रिय गुणस्तर परीक्षण केन्द्र, सानोठीमीबाट लिइएको स्तरीकृत विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षा (नासा)को गत पुस महिनामा प्रकाशित नतिजाअनुसार गणित र विज्ञान विषयमा दुईतिहाइभन्दा बढी विद्यार्थीहरूले ५० प्रतिशत उपलब्धिको राष्ट्रिय मानकस्तरसमेत ल्याउन नसकेको पाइएकोले यी प्रमुख विषयको नतिजा सुधारका लागि सरकार र शिक्षकहरूबाट ठोस कार्य गर्नुपर्ने देखिएको छ। नेपाल सरकारले नतीजा सुधारका लागि अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षकहरूका लागि शिक्षकको पेशागत विकास तालिममा सहभागिताका लागि महत्व दिएको छ । प्रदेश सरकार हरूले नतिजा सुधार कार्यक्रम पनि सञ्चालन पनि गरेका छन् । तर नतिजा सन्तोषजनक पाइएको छैन । तसर्थ प्रस्तुत आलेखमा विशेषगरी गणित र विज्ञान विषयमा कमजोर विद्यार्थीलाई दिने सहायतासम्बन्धी सान्दर्भिक उपायहरू, र नेपाल सरकार र विषयगत शिक्षकहरूको भूमिकाको चर्चा गरिएको छ। सूचनाको द्वितीय स्रोतमा आधारित यस व्याख्यात्मक टिप्पणीबाट गणित र विज्ञान विषयमा कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीहरूलाई दिनुपर्ने शिक्षण र व्यवस्थापकीय सहायताको पहिचान, सरकार र शिक्षकका भूमिकाको जानकारी हुने र निष्कर्षमा बताइएअनुसार कार्य हुनसकेमा सिकाइ उपलब्धिमा सुधार हुने विश्वास राखिएको छ ।


**मुख्य शब्दावली :** सिकाइ आवश्यकता, सिकाइ समस्या, सिकाइ सहायता, सिकाइ उपलब्धि, स्तरीकृत परीक्षा, सिकाइ सिप, वैज्ञानिक साक्षरता ।

## विषय प्रवेश

नेपालमा कक्षा १० को अन्तमा लिइने विद्यालय शिक्षा परीक्षा र गुणस्तर परीक्षण केन्द्र (इआरओ) बाट विभिन्न कक्षाहरूमा लिइने सिकाइ उपलब्धिको स्तरीकृत परीक्षा (नासा) का नतिजाहरूमा गणित र विज्ञान विषयमा उपलब्धिस्तर सँधै ५० प्रतिशतभन्दा न्यून रहने गरेको छ । इआरओले कोरोना कहरभन्दा पहिल्यै सन् २०२० मा लिएको नासाको नतिजा विश्लेषणात्मक प्रतिवेदन हालसालै प्रकाशन गरेको छ। प्रतिवोदनले शिक्षण-सिकाइ रणनीति, उपचारात्मक कार्य र प्रधानाध्यापकको भूमिकामा समस्या रहेको औंल्याएको छ । देशभरबाट विभिन्न १८ सय विद्यालयका ४३८८६ जना विद्यार्थीमा वि. सं. २०७६ मा परीक्षण गरिएकोमा गणितमा ३२.१ प्रतिशत र विज्ञानमा ३७.७ प्रतिशत मात्र विद्यार्थीले ५० प्रतिशत उपलब्धिस्तर ल्याउन सकेका छन्। यसरी दुईतिहाइभन्दा बढी विद्यार्थीले सिकाइएको मध्ये आधा पनि सिक्न नसकेको नतिजाले देखाएको छ। यो गम्भीर अवस्था यसअघिका परीक्षणहरूको नतिजासँग मिल्दोजुल्दो छ। यसको अर्थ गणित र विज्ञान विषयमा अधिकांश विद्यार्थीको सिकाइस्तर कमजोर छ। तसर्थ कमजोर सिकाइस्तर भएका विद्यार्थीहरूको पहिचान गरी उपचारात्मक सिकाइ पद्धतिको विकास गर्नु बाञ्छनीय देखिन्छ। कमजोर सिकाइस्तर भएका विद्यार्थीलाई सहायता प्रदान गर्नका लागि आवश्यक उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ ।

## छलफल र विश्लेषण

गणित र विज्ञान विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तरको अत्यन्तै कमजोर अवस्थाबाट पाठ सिकेर नतिजा सुधारका लागि सरकारले कार्यक्रम बनाई कक्षाकोठामा प्रभावकारी कार्यान्वयन गरी यी विषयहरूको सिकाइप्रति विद्यार्थीको उत्प्रेरणा जगाउने, उनीहरूको सिकाइ आवश्यकता र समस्या पहिचान गरी वैयक्तिक सिकाइ सहायता प्रदान गर्ने, सिकाइका नवीनतम रणनीति अपनाउने, डिजिटल प्रविधिसहितको शिक्षण कार्यका लागि लगानी र जनशक्ति बृद्धि गर्नुपर्ने देखिएको छ। यी पक्षहरूमा नेपाल र अन्यत्र गरिएका प्रभावकारी प्रयासहरूको अनुशरण गरी वर्तमान उपलब्धिस्तरमा सुधार ल्याउन सकिन्छ । यसक्रममा नासा प्रतिवेदन २०२२, जोशी र रावलको गणित विषय शिक्षकहरूको डिजिटल सामग्री उपयोगको अवस्थासम्बन्धी अनुसन्धानात्मक लेख २०२१, बेट्सको डिजिटल युगमा शिक्षण पुस्तक, रामगणेशको गणित शिक्षण पुस्तक, सिमेन्स्को कनेक्टिभिजमसम्बन्धी अवधारणा र विशेषगरी युरोपमा गणित र विज्ञान विषयको शिक्षण-सिकाइसम्बन्धी युरिडाइस् प्रतिवेदनरूमा उल्लेखित सकारात्मक उपायहरूको छलफल, विश्लेषण र सान्दर्भिक

प्रयोगबाट नेपालमा पनि गणित र विज्ञान विषयको कमजोर सिकाइ उपलब्धिमा सुधार गर्न सकिने अपेक्षा गरिएको छ ।

**१. सिकाइ आवश्यकताको पहिचान :** कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीलाई सहयोग गर्ने कार्यको पहिलो कार्य उनीहरूको वैयक्तिक समस्या र सिकाइ आवश्यकता पहिचान गर्नु हो । भर्खरै गुणस्तर परीक्षण केन्द्र (इआरओ) ले सार्वजनिक गरेको सन् २०२० को विद्यार्थी उपलब्धिको राष्ट्रिय लेखाजोखा (नासा) परीक्षणको विश्लेषणात्मक प्रतिवेदन सार्वजनिक गरेको छ । विगतका परीक्षणका नतिजामा जस्तै यसपटक पनि विद्यार्थीको अर्थसामाजिक तथा पारीवारिक पृष्टभूमिले सिकाइ उपलब्धिमा महत्वपूर्ण प्रभाव पारेको पाइएकोले कुनकुन विद्यार्थीका लागि अतिरिक्त सिकाइ सहयोग आवश्यक पर्नेछ भन्ने बुझ्नु र त्यसप्रकारका विद्यार्थीको सिकाइ अवस्थाको निरन्तर अनुगमन गर्नु आवश्यक छ । यसप्रकारको अनुगमनले फरकफरक समय र परिवेशमा खासगरी गणित सिकाइमा फरक देखिन सक्छ । वास्तवमा सिकाइ सहयोग कुन समयमा गरियो भन्ने कुरा कति समयसम्म गरियो भन्नेभन्दा बढी महत्वपूर्ण हुन्छ । नेपालमा इआरओको नासा प्रतिवेदनबाहेक विद्यार्थीका सिकाइ आवश्यकता पहिचानका लागि कुनै परीक्षा पद्धतिको प्रयोग भएको पाईंदैन । अझ विद्यालय तहमा विद्यार्थीका वैयक्तिक आवश्यकताको पहिचान गरी अतिरिक्त सहयोग गर्ने चलन चलेकै छैन । कक्षा १-३ मा हालै कार्यान्वयनमा आएको एकिकृत पाठ्यक्रमले सिकाइ स्तर मापन गरी आवश्यकताअनुसार सुधारात्मक शिक्षण गर्ने र पुनः परीक्षण गरी स्तर कायम गर्ने व्यवस्था गरेको छ । तर विद्यालयमा कार्यबोझ, विद्यार्थी संख्या, पोटफोलियो जस्ता मूल्यांकन सामग्रीको अभाव र शिक्षकको क्षमताबृद्धिको अभावका कारण कार्यान्वयन भएको छैन । नासा र एसइइ जस्ता स्तरिकृत परीक्षा र विद्यालयका विभिन्न परीक्षाहरूमा समेत गणित र विज्ञान विषयहरूमा धेरै विद्यार्थीहरू मानक स्तरभन्दा न्युन उपलब्धिस्तर ल्याउने गरेका आधारमा यी विषयहरूमा सिकाइ कमजोर छ भनेर मानिन्छ । तर विद्यालयमा कुनकुन विद्यार्थीहरूमा कुनकुन विषयवस्तुक्षेत्रमा अनुतीर्ण हुने खतरा छ वा अप्ठ्यारो क्षेत्र पहिचान गरी अतिरिक्त सहयोग आवश्यक छ भन्ने पहिचान गर्ने परीक्षणको पद्धति छैन । यदि यसप्रकारको पद्धति हुँदो हो भने उचित अतिरिक्त सहयोग वा उपचारात्मक/सुधारात्मक शिक्षणका लागि प्रभावकारी योजना निर्माण गर्न सकिन्थ्यो । निरन्तर मूल्यांकन र पटकपटकको परीक्षणबाट मात्र विद्यार्थीका आवश्यकता क्षेत्र पहिचान गर्न सकिन्छ । विडम्बना नेपालमा निरन्तर विद्यार्थी मूल्याकन र शिक्षकलाई उत्तरदायी बनाइएको हाल कार्यान्वयनमा आएको शिक्षणकै क्रममा कक्षाकोठामै मूल्यांकन गर्ने पद्धतिको कार्यान्वयन भएको छैन । वार्षिक र त्रैमासिक परीक्षाकै निरन्तरता छ । यी परीक्षाको नतिजा विश्लेषण गर्ने, सिकाइ सहयोग आवश्यकता पहिचान गर्ने र सहयोगको लागि योजना बनाउने चलन पनि छैन । साँझबिहान कुनै कलेज वा प्लस टु कक्षाशिक्षण वा ब्यापारब्यवसायमा नलागेका फूर्सदिला शिक्षकहरूले अतिरिक्त कक्षाको व्यवस्था गर्दछन् । यी कक्षा पनि साविकका कक्षा जस्तै वन साइज फिट्स् अलकै शैलीमा सञ्चालन हुन्छन् । यसकारण केही राम्रा विद्यार्थीलाई थप सहयोग भए पनि खास आवश्यकता भएका कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीलाई फलदायी देखिदैनन् । शिक्षा विकासका लागि कार्यरत सरकारी निकायहरूले पनि विद्यार्थीको आवश्यकता पहिचानको काम गरेका छैनन् । प्रदेश सरकारले पनि ट्युशन पढाउन आर्थिक सहयोग गऱ्यो । अचेल एकदुई दिनका गोष्ठीमा एकाध विषयवस्तुका शिक्षण नमुना प्रस्तुत गर्ने बाहेक अन्य काम भएको छैन । तालिम केन्द्रहरूले शिक्षकहरूका सिकाइ आवश्यकता पहिचान गर्ने कार्य विद्यालय क्षेत्र सुधार कार्यक्रममा थियो तर आवश्यकता फाराममा विषयवस्तु क्षेत्रभन्दा शौचालय, खानेपानी, शिक्षक, परीचर जस्ता व्यवस्थापकीय आवश्यकताहरू भरेर आउँथ्यो । अचेल त्यसप्रकारको आवश्यकता फाराम भर्ने चलन हटेको छ । प्रशिक्षकले आवश्यक ठानेको क्षेत्रमा सत्र सञ्चालन गर्दछन् । यी तालिमहरू परीक्षणका आधारमा पहिचान गरिएका आवश्यकतामा आधारित नभएर शिक्षा तथा मानव स्रोत विकास केन्द्रले दिएको पाठ्यक्रममा आधारित रहेर बनाइएका सत्रहरू हुन् । प्रायः तालिम केन्द्रका रोष्टर प्रशिक्षकहरू नै प्रदेश वा स्थानीय तहका पनि प्रशिक्षकहरू हुने गरेका कारण टिपिडि तालिममा चलाइएका सत्र शीर्षक र क्रियाकलापहरूकै पुनराबृत्ति हुने गरेको छ । केन्द्रीय शिक्षा मन्त्रालयले समेत सुधारका लागि कक्षाशिक्षणमा भन्दा कक्षोन्नतिका लागि कार्यक्रम बनाउने गरेको छ । अनुतिर्ण नगर्ने र ननग्रेडिङ्ग नराख्नेमात्र होइन माथिल्लो कक्षाहरूमा भर्नाका लागि समेत लचिलो व्यवस्था गर्नाले उपलब्धि सुधारका लागि गरिने अन्य समकालीन प्रयाशहरूले पनि प्रभावकारी नतिजा दिन नसकेका हुन् । यसर्थ विभिन्न प्रकारका शिक्षक सहायता वा विद्यार्थी सहायता वा राष्ट्रको शिक्षामा लगानी वालुवामा पानी हुनुको मुख्य कारण लर्निग डिफिकल्टी र सिकाइ आवश्यकताको पहिचान विना परम्परागत सिकाइ सहयोगको निरन्तरता दिनु हो ।

**२. सिकाइ सहायता प्रदानका लागि नीतिगत तथा कार्यक्रमिक व्यवस्था** : कमजोर विद्यार्थीका सिकाइ आवश्यकताको पहिचान र सहायता प्रदानको जिम्मेवारी विद्यालयलाई प्रदान गर्ने र आवश्यक जनशक्ति तथा स्रोतको व्यवस्थासमेत विद्यालयमा उपलब्ध गराउने काम नेपाल सरकारबाट हुनु जरुरी छ । कहिल्यै विद्यालयमा नपढाउनेहरूबाट वर्तमानमा सञ्चालित फुटकर तालिम कार्यक्रमको प्रभाव ५० प्रतिशतमा सिमित हुनुको मुख्य कारण पनि विद्यार्थीको वास्तविक आवश्यकतामा आधारित सहजीकरणका लागि प्रबन्ध नगरिनु नै हो । त्यसैले सरकारले विद्यालयले अनुशरण गर्नुपर्ने स्टेपहरूसहितको कार्य ढाँचा निर्माण गरी लागू गराउनु पर्दछ । विद्यार्थीका सिकाइ आवश्यकताका आधारमा कुनै वर्ष वा निश्चित समयावधिका लागि निश्चित शीर्षक वा विषयवस्तु क्षेत्रमा केन्द्रित रहेर अतिरिक्त सहायता प्रदान गर्ने तरिका पनि अपनाउन सकिन्छ । यसको निर्देशक ढाँचासमेत केन्द्र वा प्रदेश सरकारले तयार गरी लागू गर्नुपर्दछ । यसरी सिकाइसँग सम्बन्धित समस्याको सहजीकरणका लागि विद्यालय र शिक्षकहरूलाई जवाफदेहि बनाउनुको सट्टा सरकारबाटै एउटै तालिम पाठ्यक्रम निर्माण, प्रशिक्षक प्रशिक्षण र कास्केडिङ्ग मोडेलमा सञ्चालित तालिम कार्यक्रमहरूबाट सिकाइ उपलब्धि बृद्धिको अपेक्षा पूरा हुनसक्दैन । यसैगरी विशेष क्षमताका विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि दिइने अतिरिक्त सहायताको रुपरेखा र आवश्यक जनशक्ति तथा स्रोतको प्रबन्धका लागि नेपाल सरकारबाट कार्य भै त्यसप्रकारको विशेष शिक्षाको व्यवस्था मिलाउनु आवश्यक देखिएको छ । साधारण कक्षामै राखेर गरिने शिक्षण गर्दा उनीहरूको आवश्यकताको पहिचान र पूर्ति हुनसकेको छैन भने उनीहरूमा भएको क्षमता अनुसारको शिक्षण, सहायता र सदुपयोग हुन नसकी सिकाइ ब्यवहारिक उपयोगका लागि हुन सकेको छैन । तसर्थ नेपालमा केन्दीकृत सहायता प्रणालिलाई विद्यालयतहसम्म हस्तान्तरण गर्ने र विशेष क्षमताका विद्यार्थीको समेत आवश्यकता र क्षमतालाई सम्बोधन गर्नाका लागि नेपाल सरकारले आवश्यक जनशक्ति र स्रोतको व्यवस्था, र निर्देशक ढाँचा तयार गरी लागू गर्नु आवश्यक देखिन्छ ।

**३. गणित र विज्ञान विषयहरूमा कमजोर विद्यार्थीलाई प्रदान गरिने ठोस सहायता** : कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीलाई विभिन्न तरिकाले सहायता प्रदान गरिन्छ । विशेषगरी विद्यालय वा कक्षाकोठाभित्र र कक्षाकोठाबाहिर दिइने सहायता गरी दुवै तरिकाले सहायता प्रदान गर्न सकिन्छ। कक्षाकोठाभित्र प्रदान गरिने सहायताको प्रमुख रुप अभ्यास (ड्रिल र प्राक्टिस), सानो समूहमा अतिरिक्त समय दिएर गरिने शिक्षण, उच्च उपलब्धिस्तर भएका सहपाठीहरूबाट सहायता, विषयवस्तु शिक्षणका क्रममा प्रभावकारी प्रश्न सोधी विद्यार्थीका सोचाइ तथा तार्किक सिपको विकास गर्न सक्ने हो भने गणित र विज्ञान विषयको सिकाइ उपलब्धि बढ्दछ। गृहकार्य तथा परियोजना कार्यलाई कक्षाकोठा बाहिरका मुख्य सिकाइ सहयोगी साधन मान्न सकिन्छ । तर अत्यन्तै कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीहरूलाई कक्षाकोठाभित्रको अभ्यास मात्र बढि प्रभावकारी हुने भएकोले विद्यालयभित्र शिक्षकले वा शिक्षकको अनुगमनमा दिइने सहायताले मात्र अहिलेको दूर्बल अवस्थामा सुधार आउन सक्छ। साधारण कक्षाशिक्षणभन्दा आवश्यकताका आधारमा अतिरिक्त समय र शिक्षण रणनीतिसहितको सहायता प्रदान गर्नका लागि शिक्षक र स्रोतको प्रबन्ध विद्यालयमा हुनुपर्छ। नेपालमा विद्यालयबाहिर हुने ब्यक्तिगत वा घरमै शिक्षक बोलाएर एक दुईवटा बालबालिकालाई दिइने होम ट्युशन र स( साना समूहमा चलाइने ट्युशन कक्षाहरू नतिजा सुधारका लागि केही प्रभावकारी देखिएका छन्। तर अभिभावकको आर्थिक अवस्थाका कारण अधिकांश बालबालिकाका लागि यो सुविधा उपलब्ध छैन। तसर्थ कम्तीमा सानो समूहमा ट्युशन कक्षा सञ्चालनका लागि सरकारले प्रबन्ध गर्न सक्ने हो भने नतिजामा सुधार आउने थियो । केही वर्ष पहिले लुम्बिनी प्रदेश सरकारले अतिरिक्त कक्षा सञ्चालनका लागि सहायता दियो । तर नियमित कक्षाशिक्षणजस्तै विद्यार्थीका आवश्यकता पहिचान नगरी सबैलाई एउटै शिक्षण गरिँदा नतिजामा पटक्कै सुधार देखिएन। कमजोर विद्यार्थीहरूका स-साना समूह बनाई शिक्षण गरिएको भए सायद सकारात्मक परिवर्तन आउने थियो होला । त्यसैगरी विद्यालयमा हुने लामो विदाहरू, वार्षिक परीक्षापछिको चैत महिना, र बैशाखमा भर्ना अभियानका समयमा विशेषगरी कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीहरूका लागि मात्र गणित र विज्ञान विषयका अतिरिक्त कक्षाशिक्षण गर्ने र यसक्रममा उनीहरूका कमजोर पक्ष र नियमित सिकाइका लागि आवश्यक आधारभूत सिपहरूमा केन्द्रित भएर शिक्षण गर्ने हो भने अवस्था सुधार हुन्छ । सरकारबाट सहयोग नभैरहेको अवस्थामा समेत यी कार्यका लागि अभिभावकहरूसमेत केही शुल्क तिर्नका लागि तयार हुनसक्छन् र शिक्षकहरूका लागि आर्थिक लाभसमेत हुनसक्छ ।

गणित र विज्ञान विषय शिक्षणमा सिकाइ विभेदीकरण

(डिफरेन्सियटेड लर्निङ्ग) र समान सिकाइ क्षमता समूह शिक्षण रणनीतिहरू पनि प्रभावकारी देखिएका छन् । सिकाइ विभेदीकरण विधि प्रयोग गर्ने शिक्षकले प्रत्येक विद्यार्थीका कमजोर पक्ष र सिकाइ आवश्यकताको पहिचान गरी एक-एक विद्यार्थीका लागि उपयोगी हुनसक्ने विषयवस्तु, शिक्षण विधि र कार्यहरूको चयन गरी ब्यक्तिगत शिक्षण गर्नुपर्ने हुन्छ । नेपालमा शहर र तराईमा विद्यार्थी सख्याको चाप, शिक्षकको कार्यबोझ र अधिकांश विद्यार्थीका लागि व्यक्तिगत सहायता आवश्यक पर्ने भएकोले यस प्रकारको सिकाइ विधि अपनाउनका लागि सरकारले थप जनशक्ति व्यवस्था गर्नुपर्ने देखिन्छ । सामान्यतया प्रति कक्षाकोठाको संख्या ३५-४० रहेको अवस्थामा यसप्रकारको रणनीति अपनाउन सकिन्छ । यदि बैयक्तिक सहायता प्रदान गर्नसक्ने हो भने कमजोर विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आउने र ब्यक्तिगत सहायता निरन्तर गर्नुपर्ने अवस्था नरहने भएकोले पनि यसप्रकारको रणनीति अपनाउँदा प्रभावकारी हुने देखिन्छ । त्यस्तै समान सिकाइ क्षमता भएका विद्यार्थीहरूको समूह बनाई बसाइ व्यवस्था मिलाउने हो भने शिक्षकले सिकाइ क्षमता समूहअनुसारको शिक्षण रणनीति प्रयोग गर्न सजिलो हुन्छ । क्षमताअनुसारको विषयवस्तु, विधि, कार्य निर्धारण गरी शिक्षण गर्दा उनीहरूको क्षमताअनुसारको गतिमा सिक्ने अवसर प्राप्त हुने छ । सिकाइ उपलब्धिको अन्तर कम गर्नका लागि पनि यो रणनीतिको प्रभाव हुन्छ । युरिडाइस् प्रतिवेदनअनुसार मिश्रित क्षमता समूहको व्यवस्थापनका कारण सहपाठीबाट सिक्नेभन्दा नक्कल गर्ने र शिक्षकले सबैका लागि एउटै विषयवस्तु, विधि र कार्य प्रयोग गर्नाले कमजोर विद्यार्थीले सिक्न नसक्ने र झन् कमजोर बन्ने वर्तमान अवस्थामा परिवर्तन ल्याउनका लागि सरकारले जनशक्ति र स्रोत व्यवस्थाका लागि लगानी बढाउने र शिक्षकले डिफरेन्सियटेड टिचिङ्ग, समान क्षमता समूह शिक्षणजस्ता नयाँ वैकल्पिक रणनीतिहरूको प्रयोग गर्नु आवश्यक छ । जनशक्ति व्यवस्थापनका लागि सरकारले विभिन्न विकल्पहरू अपनाउन सक्दछ । वास्तवमा नियमित कक्षाशिक्षण गरिरहेका साविकका शिक्षकहरूमा कमजोर सिकाइ क्षमता भएका विद्यार्थीका लागि प्रयोग गर्नुपर्ने रणनीतिहरूको जानकारी बढाउनका लागि हालमा कार्यरत शिक्षकहरूलाई यसतर्फ केन्द्रित तालिम कार्यक्रम सञ्चालन गरेर शिक्षकको कार्यक्षमता स्तर बढाउने एउटा विकल्प हुनसक्छ । दोस्रो, नियमित शिक्षण गरिरहेका हाल कार्यरत शिक्षकका अतिरिक्त कमजोर क्षमता समूहलाई विशेष शिक्षण सहायता प्रदान गर्ने नवीन रणनीतिको जानकारी भएका थप शिक्षकहरूको नियुक्ति गर्ने विकल्प खर्चिलो तर प्रभावकारी हुनसक्छ । तेस्रो, विद्यार्थी संख्या चाप बढि भएका विद्यालयका लागि थप करार शिक्षकको व्यवस्था गर्नुपर्दछ । त्यसैगरी नियमित शिक्षकहरूलाई नै कमजोर क्षमता समूहका लागि मात्र थप समय शिक्षण गर्न लगाई थप समयको लागि अतिरिक्त पारिश्रमिकको व्यवस्था गरेर पनि जनशक्ति समस्यालाई व्यवस्थापन गर्न सकिन्छ । बढि विद्यार्थी भएका विद्यालयमा स्थान अभावलाई कम गर्नका लागि दुई शिफ्टमा कक्षाहरू सञ्चालनको व्यवस्था गर्न सकिन्छ ।

**४. गणित र विज्ञान विषय शिक्षण विधिहरू:** गणितका आधारभूत सिपहरूको सिकाइका लागि निरन्तर अभ्यास र पुनराबृत्ति, सूत्रात्मक सिकाइ विधि, निमोनिक विधि, डिकोडिङ्ग विधि, सिकाइ विभेदीकरण, क्षमता समूह शिक्षण, छोटा र स्पष्ट निर्देशनहरू, गणितीय कथाहरू, गीत, खेलहरू, गणित सिपको जीवन र जगतसँगको सम्बन्ध स्थापना, तार्किक क्षमता विकास कार्य, प्रोबिङ्ग क्वेश्चन्स्, भाषिक समस्याहरूको संख्यात्मक प्रस्तुति लगायतका विधि तथा कार्यहरूबाट गणित सिकाइ उपलब्धि बढाउन मद्दत पुग्दछ । यसैगरी निरन्तर परीक्षण, गृहकार्य, परियोजना कार्य, व्यावहारिक समस्या पूर्ति जस्ता कार्यबाट गणित विषयमा उच्चस्तरको उपलब्धि आउने छ । नेपालमा गणित विषय धेरै विद्यार्थीका लागि डरलाग्दो विषय बनेको छ । गणित विषयप्रति रुचि बढाउने उत्प्रेरणा जगाउने क्रियाकलापहरूको प्रयोग गर्नु आवश्यक देखिन्छ । उदाहरणका लागि पारीवारिक जीवनमा प्रयोग हुने गणितीय सिपमा आधारित समस्याहरूको सम्बन्ध देखाएर गणितको उपयोगबारे जानकारी गराउने तरिका हुन सक्छ । साधारण सांख्यिक ज्ञानमात्र नभएर कालिगढी कार्य वा निर्माण कार्य वा बजेटिङ्ग वा नाफा नोक्सान, ब्याज, प्रतिशत आदि ब्यवहारिक सिपसँग सम्बन्धित रहेर समस्या दिंदा विद्यार्थीले गणितको उपयोग थाहा पाउँछ र सिकाइका लागि बढि तत्तपरता देखाउँछ । यस्तै विज्ञान विषय शिक्षणलाई सान्दर्भिक बनाउनु आवश्यक हुन्छ । मानव सभ्यताको ऐतिहासिक विकास क्रम, दर्शन, प्रविधिको विकासक्रम, विद्यार्थीका दैनिक जीवनसँग सम्बन्ध गाँसेर सिकाउँदा पक्कै पनि सिकाइ प्रति उत्प्रेरणा जाग्दछ । त्यसैगरी विद्यार्थीमा समालोचनात्मक सोंचाइ, तार्किक सिप, वातावरणीय चेतना र जिम्मेवारी लगायतका सिप र क्षमता विकास गर्ने क्रियाकलापहरू विज्ञान शिक्षणमा आवश्यक हुन्छन् । वैज्ञानिक दृष्टिकोणको विकास, यान्त्रिक अन्वेषण र विस्तार, वैज्ञानिकहरूका जीवनी र सफलताका कथाहरूले विद्यार्थीहरूलाई विज्ञान शिक्षणप्रति आकर्षण गर्दछ ।

वैज्ञानिक साक्षरता अर्थात् विज्ञानप्रविधिले विकास गरेका दृष्टिकोण या यन्त्र आदिको सदुपयोग बुद्धिमतापूर्वक गर्ने नैतिक आचरणका लागि पनि विज्ञान विषयको शिक्षणवस्तु बनाउनुपर्ने देखिन्छ । विज्ञान शिक्षणमा अन्तरविषयक सम्बन्ध महत्वपूर्ण मानिन्छ। उदाहरणका लागि ब्रह्माण्ड, वातावरण आदि विषयक्षेत्र अन्य विषयमा समेत जोडिने भएकोले अन्तरसम्बन्धित विषयवस्तु शिक्षणका क्रममा एकिकृत हुनसक्ने क्षेत्रहरूलाई अन्य विषयसँग गाँसेर शिक्षण गर्दा थप प्रभावकारी बन्न सक्दछ । त्यसैगरी विज्ञान शिक्षणमा ठोस सामग्रीसँगको साक्षात्कार बढी उपयोगी मानिन्छ। अर्को महत्वपूर्ण उपाय भनेको परियोजना कार्यमा आधारित शिक्षणसिकाइ हो । यसले विषयवस्तुको ज्ञानका अतिरिक्त विद्यार्थीमा समालोचनात्मक सोंचाइ, सञ्चार सिप, नेतृत्व सिप लगायतका सबलीकरण सिपहरूसमेतको विकास गर्दछ ।

गणित र विज्ञान शिक्षणमा डिजिटल साधनहरूको प्रभावकारी भूमिका देखिन्छ (Bates, 2019) । अहिले विद्यार्थीहरू कक्षाशिक्षण, प्रयोग, प्रदर्शनजस्ता विधिहरूमा मात्र सिमित रहँदैनन् । इन्टरनेटको सुविधासँगै वेवसाइट र वेवटुल्स्का माध्यमबाट विश्वभरको ज्ञानको पहुँच र विषयवस्तुको अभ्यास गर्न सकिने भएको छ । यसले गर्दा ज्ञान निर्माणको चरणबाट अहिले ज्ञानसम्मको पहुँच (Siemens, 2005) राख्ने वा दिइएका वेवटुल्स्को प्रयोग गरी शिक्षण र सिकाइ गर्ने प्रबृत्ति बढिरहेको छ । उदाहरणका लागि गणित विषयको शिक्षणमा जियोजेब्रा, म्याथमेटिका जस्ता वेवटुल्स् र विज्ञान शिक्षणमा फेटसिमुलेशन लगायतका डिजिटल टुल्स्को प्रयोग गर्नाले विद्यार्थीको सिकाइप्रति रुचि बढ्ने, सिकाइ छिटो र प्रभावकारी हुने गर्दछ । चक र टक विधिको शिक्षण परम्पराबाट विद्यार्थीमा सिकाइ उत्प्रेरणा जगाउन सकिँदैन । नेपालमा गणित शिक्षकहरूको डिजिटल साक्षरता सिप र डिजिटल सामग्रीको उपयोग ज्यादै कमजोर पाइएको छ (Joshi & Rawal, 2021) । गुगल सर्च गरेर, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको इ-लर्निङ्ग पोर्टल, पाठ्यक्रम विकास केन्द्रको वेवसाइट र खान एकेडेमी जस्ता अन्तर्राष्ट्रिय अनलाइन साइटहरूको अध्ययनबाट गणित, विज्ञान लगायत विषयहरूको विस्तारित ज्ञान, सिकाइ क्रियाकलाप र स्रोत सामग्रीको उपयोग गर्न सकेमा शिक्षण प्रभावकारी हुनुका साथै स्वसिकाइमा रुचि बढ्नेछ। यसले स्वतन्त्र सिकाइ विकास गर्दछ । सतर्थ हरेक शिक्षणमा डिजिटल प्रविधिको प्रयोग अहिलेको आवश्यकता हो । शिक्षणमा प्रविधिका साथै शिक्षकको प्रत्यक्ष सहायताको ब्लेन्डेड मोडल र विद्यार्थीहरूलाई अध्ययन सामग्री पहिल्यै अध्ययन गर्न दिएर कक्षामा जिज्ञासामाथि छलफल चलाउने खालको फ्लिप्ट लर्निङ्ग मोडल, र परियोजना कार्य जस्ता नविनतम् सिकाइ तरिकाहरू प्रयोग गर्न सक्ने हो भने सिकाइ रुचिकर, दिगो र उच्च उपलब्धिस्तर प्राप्त हुने खालको हुन्छ ।

## निष्कर्ष

गणित र विज्ञान विषयमा विद्यार्थीको सिकाइस्तर अत्यन्त कमजोर भएको अवस्थामा सुधार ल्याउनका लागि सरकार र शिक्षक दुवैका तर्फबाट ठोस कार्यहरू गर्नुपर्ने भएको छ। सुधारका लागि चालिने हस्तक्षेपकारी कार्यहरूको ढाँचा निर्माण गर्ने, आवश्यक जनशक्ति र स्रोतको व्यवस्थापन गर्ने कार्य सरकारको तर्फबाट हुनुपर्दछ भने कक्षाशिक्षणका नविनतम रणनीतिहरूको उपयोग गर्ने कार्य शिक्षकको हो। कमजोर उपलब्धिस्तर भएका विद्यार्थीहरूका लागि थप सहायताका लागि थप शिक्षकको व्यवस्था गर्ने वा साविकका शिक्षकहरूलाई तालिम प्रदान गरी थप सुविधासहित अतिरिक्त समयको सहायता प्रदान गर्ने कार्यमा लगाउने निर्णय सरकारले गर्नुपर्छ । यसैगरी विद्यार्थीका सिकाइ आवश्यकता र अप्ठ्याराहरू पहिचान गरी सक्षमता समूहका आधारमा ठोस सहयोग पुऱ्याउनु पर्दछ। यसका लागि शिक्षकको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने, डिजिटल सामग्रीको विकास र पहुँच, र कक्षाकोठामा डिजिटल प्रविधिको साथै ब्लेन्डेड लर्निङ्ग, फ्लिप्ट लर्निङ्ग, डिफरेन्सियटेड लर्निङ्ग, सानो समूह ट्युशन कक्षा, पुनराबृत्ति र अभ्यास, सिकाइलाई जीवनसँग जोडेर ठोस अनुभवमा आधारित शिक्षण प्रक्रिया र परियोजना कार्यमा आधारित सिकाइ जस्ता सिकाइ रणनीति र विद्यार्थी उत्प्रेरणाका माध्यमबाट गणित र विज्ञान विषयको सिकाइस्तर कमजोर भएका विद्यार्थीलाई सहायता प्रदान गर्न सकिन्छ । नतिजा सुधार गर्न वास्तवमै चाहेको हो भने सरकारको लगानी बृद्धि र शिक्षकको क्षमता विकासका कार्य गर्नैपर्छ ।

## सन्दर्भ सामग्री


- Bates, A.W. (2019). Teaching in a digital age. 2nd edn. Vancouver, B.C.: Tony Bates Associates Ltd. https://pressbooks.bccampus.ca/teachinginadigitalagev2/
- Increasing achievement and motivation in Mathematics and Science learning in schools.

Eurydice Report. pp.79-107, 109-127. European Education and Culture Execution Agency.

- Joshi, D. R., & Rawal, M. (2021). Mathematics Teachers Standing on the Utilization of Digital Resources in Kathmandu, Nepal. Contemporary Mathematics and Science Education, 2(1), ep21004. https://doi.org/10.30935/conmaths/9679
- National Assessment of Student Achievement. (2022). Final Report. Bhaktapur: Education Review Office.
- Ramganesh, R. (2016) Teaching of Mathematics. India: Bharathidasan University.
- Siemens, George (2005). Connectivism: A learning theory for the digital age. International journal of instructional technology and distance learning. 2: 1-9.

■■

नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**लक्ष्मण सिलवाल/तारादेवी आले मगर**
**प्रोपाईटर**

**फुलचोकी सप्लायर्स**

रिब्दीकोट-२, लघुवा, पाल्पा

**मोबाईल: ९८५७०६५३३५,९८६०७८८८१९**

अर्डर अनुसार ढुंगा,गिटी,बालुवा ढुवानी गरिनुका साथै निर्माण सम्बन्धी कामको लागि निर्माण सामाग्री सप्लायर्स तथा बाटो निर्माण गर्नु परेमा वा घडेरी बनाउनु परेमा JCB उपलब्ध छ ।

नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।



**श्याम दर्नाल**
**प्रोपाईटर**

**श्रीनगर कलेक्सन**
सर्टिङ्, सुटिङ एण्ड टेलरिङ्ग

तानसेन-४, सिलखानटोल, पाल्पा

सम्पर्क नं: ९८५७०६५६९६

हाम्रा सेवाहरु: कोट पाइन्ट, दौरा सुरुवाल, सफारी सुट, निजामती कर्मचारी पोशाक, स्कुल कलेजका पोशाक बनाइनुका साथै सुपथ मुल्यमा तयार गरिन्छ ।

नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।



**प्रदिप खनाल**

**समाजसेवी**

तानसेन-७, सुन्दरगाउँ, पाल्पा
मोबाईल: ९८४७०२९४६६

रामराज रेग्मी

# बुद्ध दर्शनको आधारभूत सिद्धान्त
# प्रतित्य समुत्पाद



## १. विषयप्रवेश

बुद्ध दर्शनको उदय इसापूर्व ५५४-४८३ तिर हुन गएको देखिन्छ । यसका प्रवर्त्तक बुद्धको नामबाट ख्याति प्राप्त सिद्धार्थ गौतम हुन् जसको जन्म कपिलवस्तु जिल्लाको लुम्बिनी भन्ने ठाउँमा शाक्य वंशीय राजपरिवारमा भएको थियो। बुद्ध प्राचीन पूर्वीय जगत्का द्वन्द्ववादी दार्शनिकमध्येका एक हुन्। उनकै समयमा पश्चिममा हेराक्लिटसले वस्तु र संसारलाई गतिमा हेर्नुपर्छ भनेका थिए । तर उनको गतिशीलताको सिद्धान्त बुद्धको जति स्पष्ट, सर्वाङ्गीण र समृद्ध भेटिन्न । मार्क्स र एङ्गेल्सले एरिस्टोटल र हेराक्लटसलाई विश्वका पहिला द्वन्द्ववादी चिन्तक भनेका छन्, तर यो सही कुरा होइन । उनीहरूले बुद्धबारे यथार्थ जानकारी नपाएका हुनाले नै यसो भनेका हुन् । बुद्ध एरिस्टोटलभन्दा दुई सय वर्ष पूर्वका हेराल्किटसका समकालीन हुन् र बुद्धभन्दा अझ दुई सय वर्ष पहिले साङ्ख्य दर्शनका प्रणेता कपिलले प्राचीन पूर्वीय जगत्मा द्वन्द्ववादी अवधारणा अघि सारिसकेका थिए। बुद्धका कतिपय दार्शनिक चिन्तनमा साङ्ख्य दर्शनको भौतिक र द्वन्द्ववादी छाप देखिन्छ । (श्रेष्ठ, २०७१ : १४९)

## २.प्रतित्य समुत्पाद

बुद्धले दुःखको कारण खोजीगर्ने सिलसिलामा 'प्रतित्य समुत्पाद' लाई जन्म दिए जुन बुद्ध दर्शनको आधारभूत सिद्धान्त हो । 'प्रतित्य' को अर्थ हुन्छ 'कुनै पनि वस्तुको उपस्थिति हुनाले' र 'समुत्पाद' को अर्थ हुन्छ 'वस्तुको उत्पत्ति' । श्रीमती रेजिस देव्रेले प्रतित्य समुत्पादको अर्थ यसरी लगाएकी छन् - यदि त्यो छ भने यो हुन्छ, त्यसको उदयबाट यसको उदय हुन्छ । (निगम, २०११ : ११२) यसका बारेमा बुद्धका अतिनै नजिकका शिष्य सारिपुत्रले भनेका छन्, "तथागत (बुद्ध) बरोबर भन्ने गर्नु हुन्थ्यो कि जसले प्रतित्य समुत्पादलाई बुझ्दछ, उसले धर्म ( बिधिसंहिता) लाई बुझेको हुन्छ र जसले धर्मलाई बुझ्दछ, उसले प्रतित्य समुत्पादलाई बुझ्दछ।" (चट्टोपाध्याय, १९८४ : ४९१) प्रतित्य समुत्पादमा कारण-कार्य सिद्धान्त, अनित्यवाद र क्षणिकवाद जस्ता सैद्धान्तिक विषयहरू अन्तर्निहित छन् ।

## २.१. कारण-कार्य सिद्धान्त

प्रतित्य समुत्पादको सिद्धान्तलाई कारण-कार्य सिद्धान्त पनि भनिन्छ । यस सिद्धान्तले कुनै पनि वस्तु चाहे त्यो भौतिक होस् अथवा अभौतिक, त्यसको उत्पत्तिमा हेतु (कारण) रहेको हुन्छ भनी मान्दछ। तर यो कारण कुनै चेतनशक्तिद्वारा परिचालित भएर होइन, स्वयंचालित हुन्छ । हुन पनि वस्तुमा हुने परिवर्तन एक्कासी घट्ने घटना होइन, यसको बीउ पहिले नै रोपिइसकेको हुन्छ। जहाँसम्म कार्य-कारण सम्बन्धको कुरा छ, बुद्धको विचारमा कार्यभन्दा पहिले कारण देखापर्छ। जस्तै बीउ बिरुवाको कारण हो। बीउ नभई बिरुवा उम्रदैन । तर अन्य पूर्वीय दर्शनले वकालत गरेझैं बुद्धदर्शन कार्यमा कारणको अस्तित्व हुने कुरालाई स्वीकार गर्दैन, किनकि यी दुई समकालीन होइनन् । कारण ध्वंश भएपछि मात्र कार्यको उत्पत्ति हुन जान्छ। परन्तु यस क्रममा कारण नाश हुँदैन, त्यसको रूप मात्र परिवर्तन हुन्छ । बुद्धले कारण-कार्यलाई दुई बेग्लाबेग्लै वस्तु नमानी एउटै सिङ्गो वस्तुको श्रृङ्खला मानेका छन् । दूधबाट दही, दहीबाट नौनी र नौनीबाट घिउ यी सबै एउटै वस्तुका परिवर्तनका श्रृङ्खला हुन् । बालक किशोरमा, किशोर जवानमा, जवान अधबैंसेमा र अधबैंसे बृद्धमा बदलिने कुरा पनि एक सिङ्गो मानिसको परिवर्तनका श्रृङ्खला हुन् ।

कार्य-कारणको यस नियममा द्वन्द्वात्मकता छ। यो काल मार्क्सको अन्तर्निर्भरताको सिद्धान्तसँग मेल खान्छ। अन्तर्निर्भरताको सिद्धान्तअनुसार संसारमा अलगथलग, निसर्त, एक्लो र निरपेक्ष भन्ने कुनै कुरा छैन । हरेक कुरा अरू धेरै कुरासित अन्तर्सम्बन्धित (Interrelated) र अन्तर्निर्भर (Interdependent) छन्। (श्रेष्ठ, २०७१ : १४८) कार्य-कारण नियमले पनि वस्तुको उद्भव दुई घटकको आपसी सम्बन्धबाट हुने विचार अघि सारेको छ। वस्तुको उत्पत्तिका साथै त्यसको अन्त्यको सवाल पनि यसले अघि सार्दछ । बौद्ध ग्रन्थमा बुद्धले धेरै ठाउँमा भनेका छन् - आइरहेछ जानका लागि । (चट्टोपाध्याय, १९८४ : ४९२) हरेक वस्तुलाई सङ्ग्लो एकाङ्गी अवस्थामा होइन, सापेक्षतामा अथवा अरूसँगको सम्बन्ध र निर्भरतामा हेरिनु पर्दछ भन्ने बुद्धको भनाइ छ । बुद्ध भन्दछन्, "यो

भएकाले त्यो भएको हो र यसको अन्त्य हुने हुनाले त्यसको पनि अन्त्य हुने हो ।'' बुद्ध के पनि भन्दछन् भने घटनाहरू भूतबाट वर्तमान भई भविष्यतर्फ अघि बढ्छन् । तिनमा अन्तर्सम्बन्ध हुनेमात्र होइन, ती एक अर्काका कारक तत्व समेत बन्दछन् । भूतको गर्भबाट वर्तमान र वर्तमानको गर्भबाट भविष्यको जन्म हुन्छ ।

माथि नै बताइ सकियो प्रतित्य समुत्पादको जन्म जगत्को ब्याख्या विश्लेषण गर्ने क्रममा नभएर दुःखको कारणको खोजीगर्ने शिलशिलामा भएको हो । बुद्धले हरेक वस्तुको कारण भए झैँ दुःखको पनि कारण हुन्छ भनेका छन् । उनी भन्दछन्, ''विनाकारण दुःख पैदा हुँदैन, निश्चित स्थितिहरूमा आधारित भएर नै यो पैदा हुन्छ । दुःखको कारण थाहा पाउन सकियो भने मात्र यसलाई उन्मूलन गर्न सकिन्छ ।'' दुखबाट छुटकारा दिलाउने नाममा ब्राह्मण पुरोहितहरूले धर्मकर्म गर्न लगाउँछन् । यस परम्पराको विरोध गर्दै बुद्ध के उपदेश दिन्छन् भने दुःख भन्ने कुरा कसैको पुर्पुरामा लेखिएर आउने कुरा होइन, यो कुनै पूर्वजुनीको फल होइन । दुःखको कारण खोज्न बाहिर जानुपर्दैन, यो आफैंभित्र छ । दुःख अज्ञानताको परिणाम हो र यदि त्यो अज्ञानता हटाउन सकियो भने मानिसले दुःखबाट छुटकारा पाई सुनौला जीवन बिताउन सक्छ । दुःखको जरो पत्ता लगाउने क्रममा बुद्धले बाह्रवटा कारण-कार्यको श्रृङ्खला (सिक्री) प्रस्तुत गरेका छन् ।

१. बृद्धावस्था-मरण : दुःख नभएको भए बिमार लाग्ने, वृद्ध हुने र आखिरमा मरिने थिएन ।

२. जन्म : मानिसको जन्म नभएको भए बृद्धाबस्था आउने र मर्ने क्रिया नै हुने थिएन ।

३. भव : भवको अर्थ हो जन्मने इच्छा । यदि मानिसमा यो प्रबृत्ति नभएको भए जन्मनुपर्ने थिएन ।

४.उपादान : उपादानको अर्थ हुन्छ कुनै कुराप्रति आसक्ति । यो नभएको भए जन्मने इच्छा पैदा हुने थिएन ।

५. तृष्णा : तृष्णा नभएको भए आशक्ति पैदा हुने थिएन ।

६. संवेदना : इन्द्रियजन्य संवेदना नभएको भए तृष्णाको उत्पत्ति हुने थिएन ।

७. स्पर्श : स्पर्श भनेको इन्द्रीय र विषय बीचको सम्बन्धको अवस्था हो । यो नहुने भए मानिसमा संवेदना पैदा हुने थिएन ।

८. षडायतन : षडायतनअन्तर्गत छ वटा इन्द्रीयहरू पर्दछन् - आँखा, नाक, कान, जिभ्रो, छाला र मन । यी नभएका भए स्पर्श उत्पन्न हुने थिएन ।

९. नामरूप : नामरूपको अर्थ हुन्छ मनयुक्त शरीर । मन धारण गर्ने शरीर नभएको भए इन्द्रियहरू हुने थिएनन् ।

१०. विज्ञान : विज्ञानको अर्थ हुन्छ चेतना । यो नभएको भए मनयुक्त शरीर अथवा जीवन हुने थिएन ।

११. संस्कार : संस्कारको अर्थ स्मृति र धारणा हुन्छ । यसकै कारण चेतनाको उत्पत्ति हुन्छ ।

१२. अज्ञानता : अज्ञानताको अर्थ हो अनित्यलाई नित्य ठान्नु, असत्यलाई सत्य ठान्नु, अनात्मलाई आत्म संझनु आदि । यो नभएको भए मानिसमा गलत संस्कार पैदा हुने थिएन ।

बुद्धद्वारा प्रस्तुत कार्य-कारणको शृङ्खलालाई बाह्र निदान (स्रोत) पनि भनिन्छ, किन कि त्यसभित्र एक अर्काको स्रोत खुलेको छ । यसले प्रस्तुत गरेको कार्य(कारण श्रृङ्खलालाई 'संसारचक्र' पनि भनिन्छ किन कि त्यसले मानिसका कर्महरूको आवागमन कसरी हुन्छ भन्ने कुराको चित्र प्रस्तुत गर्दछ । बाह्र निदानको आधारमा बुद्ध के भन्दछन् भने अविद्या नष्ट भएपछि त्यससँग श्रृङ्खलाबद्ध रूपमा जोडिएका सवै कारण नष्ट हुन्छन् र मानिसले सांसारिक दुःखबाट मुक्ति पाउँछ ।

### २.२.अनित्यवाद

अनित्यवाद प्रतित्य समुत्पादअन्तर्गतकै अर्को चिन्तन हो । यसले वस्तुको अस्तित्वलाई स्वीकारे पनि प्रत्येक वस्तु उही पुरानै अवस्थामा रहिरहने कुरालाई इन्कार गर्दछ । बुद्ध दर्शनअनुसार कारणले कार्यलाई उत्पत्ति गराएपछि त्यो नष्ट हुन्छ । कार्य पनि अर्को वस्तुको कारण हुने हुनाले नयाँलाई जन्म दिएर त्यो पनि नष्ट हुन्छ । यसरी कारण-कार्यको नष्ट-उत्पत्ति नष्ट-उत्पत्तिको परिणामस्वरूप यस संसारमा कुनै पनि वस्तुको स्थायित्व हुँदैन । चिरस्थायी आत्माको वकालत गर्ने उपनिषद्को खण्डन गर्दै बुद्ध के कुरामा जोड दिन्छन् भने संसारमा रहेका प्रत्येक वस्तु चाहे ती जड अथवा चेतन हुन्, समुद्रको पानीझैं चलायमान हुन्छन् । परिवर्तन नहुने त वस्तु नै हुँदैन । जुन कुरा हुनु छ, त्यो भएरै छोड्छ, जुन कुरा नष्ट हुनुपर्ने हो त्यो भएरै छोड्छ । मानिस बूढो हुन्न भनेर सुख पाउन्न, एकदिन उसको पोटिलो गाला चाउरी पर्न जान्छ र कपाल फुल्न जान्छ । जुन वस्तुको उत्पत्ति हुन्छ, त्यसको विनास अवश्य हुन्छ । जन्मसँगै मृत्यु, वृद्धिसँगै विनास, मिलापसँगै बिछोड र आदिसँगै अन्त्य जोडिएको हुन्छ । (रेग्मी, २०६४ : ६१)

वस्तुको अस्तित्वको सवालमा दुई प्रकारका अतिवादी सोच अघि आएका छन् ( शाश्वतवाद र उच्छेदवाद । शास्वतवादले वस्तुको अस्तित्वलाई नित्य ठान्दछ । यसले संसारमा देखिएका सबै वस्तु सधैं थिए र सधैं रहिरहन्छन् भन्ने कुरा मान्दछ । अर्कोतिर उच्छेदवादले वस्तुहरू अनित्य हुन्छन्, तिनको पूर्ण विनास हुन्छ भन्दछ । तर बुद्ध

दर्शनअनुसार वस्तुहरू न त नित्य छन् न त तिनको पूर्ण नाश नै हुन्छ । वस्तु पूर्ण बिनास नभएर त्यसको कुनै कामको परिणाम बाँकि रहन जान्छ अथवा वस्तु पूर्ण नष्ट नभएर केवल यसको रूप परिवर्तन भएको हुन्छ । उदाहरणका लागि दूधबाट दही बन्दा दूग्ध पदार्थको सम्पूर्ण कार्यको नाश हुँदैन ।

बुद्धको भनाइअनुसार वस्तुमा परिस्थितिअनुरूप हेरफेर र परिवर्तन हुँदै जान्छ । पुरानालाई विस्थापित नगरी नयाँ कुराको आरम्भ सम्भव छैन । जुन वस्तु अस्तित्वमा आउँछ, त्यो वस्तु आखिरमा विलीन भएर जान्छ । कुनै पनि कारण जबसम्म कार्य उत्पन्न गर्नसक्ने अवस्थामा रहन्छ, तबसम्म त्यसको सत्ता स्थापित हुन्छ । यसलाई बीउको उदाहरणबाट सिद्ध गर्न सकिन्छ । माटामा बीउ छरेपछि त्यो टुसामा बदलिन्छ । टुसा पनि हुर्केपछि बीउको रूपमा रहन्न, बिरुवामा बदलिन्छ । केही समयपछि बिरुवा पनि रूखमा बदलिन्छ र निश्चित समयपछि बूढो भई सुकेर मर्दछ । वनस्पतिझैं मानिस पनि सधैं बालक भइरहन्न, शिशु हुर्केर तन्नेरी हुन्छ, तन्नेरी बुढो हन्छ र आखिर एकदिन मर्दछ । बीउको अस्तित्व तबसम्म मात्र रहन्छ, जबसम्म त्यसले टुसालाई जन्म दिएको हुँदैन । टुसा उम्रेपछि बीउले आफ्नो सत्ता गुमाउँछ । यदि बिउमा नित्यता हुने भए त्यसबाट लगातार टूसा उम्रिरहनु पर्ने हो । तर वास्तविक जगत्मा एउटा बीउबाट अविरल टुसाहरू उम्रेको पाइन्न । जहाँसम्म टुसाको अस्तित्वको सवाल छ, त्यो केवल बिरुवाको उत्पत्ति नभइन्जेल सम्मका निम्ति कायम रहन्छ । टुसा बिरुवामा बदलिएपछि टुसाको सत्ता रहन्न । वस्तुको यही अनित्यता नै विकास हुने र नयाँ तत्वको निर्माण हुने प्रक्रिया हो । बुद्धले अनित्यवादलाई व्यवहारिक प्रयोजनका लागि नै प्रक्षेपण गरेका हुन् । यस संसारमा वस्तुहरूलाई अनित्य बताएर उनले तीप्रति राग मोह आदि राख्नु व्यर्थ हो भन्ने कुरा आफ्ना अनुयायीलाई बताएर दुःखबाट छुटकारा दिलाउन चाहेका थिए । (निगम, २०११ : ११६)

बुद्धले वास्तवमा शास्वतवाद र उच्छेदवाद बीचको मध्यमार्गी धार लिएका छन् । उनले व्याख्या गरेको अनित्यता न त एउटै वस्तु सदैव स्थिर रहिरहने कुरा हो, न त त्यो क्षणिक कालको निम्तिमात्र देखापर्ने कुरा हो । बुद्धले विश्वलाई परिवर्तनशील अनित्यको रूपमा व्याख्या गरेका हुन् । उनले कारण र कार्यलाई दुई बेग्लाबेग्लै वस्तु नमानी एक सिङ्गो वस्तुका विभिन्न शृङ्खलाको रूपमा लिएका छन् । बुद्धको भनाइअनुसार बालक किशोरमा, किशोर जवानमा, जवान अधबैंसेमा र अधबैंसे वृद्धमा बदलिए पनि यी सवै परिवर्तनका रूपहरू सिङ्गो मानिसकै विभिन्न श्रृङ्खला हुन् । अनि जब मानिसले सन्तान जन्माएर आफू मर्दछ, ती सन्तान पनि उसकै नयाँ रूप हुन् । सिङ्गो विश्व जगत् अनेक घटनाको शृङ्खला हो, जुन एकबाट अर्कोमा बदलिंदै जान्छ । बीउ, बिरुवा र रुख बेग्लाबेग्लै वस्तु होइनन्, एउटा सिङ्गो वनस्पतिका बेग्लाबेग्लै शृङ्खला हुन् । विश्वको कुनै पनि सत्तालाई स्थिर वा अगतिशील मान्न सकिन्न ।

वास्तवमा कार्य-कारणको शृङ्खलाको अविच्छिन्नताले विश्व परिवर्तनको दिशामा उन्मुख छ भन्ने देखाउँछ । कार्ल पियर्सन जस्ता भौतिक विज्ञानका विद्वान्ले बौद्ध दर्शनको यस व्याख्यालाई यथार्थवादी विश्लेषण ठानेका छन् । उनको भनाइ के छ भने कारण र कार्य निरन्तर भइरहने प्रक्रियाका अघिल्ला र पछिल्ला स्थिति हुन् । (राधाकृष्णन्, २००४ : ३०१)

बुद्धले प्रतिपादन गरेको अनित्यवादको सारसँग कार्ल मार्क्सद्वारा प्रतिपादित द्वन्द्ववादको नियम 'निषेधको निषेध' को सार पनि मेल खान्छ । निषेधको निषेधको नियमअनुसार कुनै पनि वस्तुका दुई विपरीत तत्वहरू एकता र संघर्षको प्रक्रियाबाट गुज्रिँदा वस्तुमा आउने नयाँ परिवर्तनले पुरानोलाई निषेध गर्दछ । नयाँ स्थापित तत्व पनि फेरि समयक्रममा अर्को नयाँ तत्वद्वारा निषेधित हुनजान्छ । परन्तु यो प्रक्रिया नष्ट गर्ने र अवरोध पुऱ्याउने क्रिया नभई विकासको प्रक्रिया हो । नयाँ स्थापित वस्तु पुरानोबाट जन्मने हुनाले त्यसबाट पुरानोका सम्पूर्ण कुराहरू हटेका हुन्नन्, मूल्यवान सकारात्मक कुराहरू संरक्षित हुन्छन् । केवल थोत्रा जीर्ण र पत्रु भइसकेका कुराहरू निषेधित हुन्छन् । एकचोटिको निषेधित अवस्थाबाट विकसित हुँदै नयाँ उत्पन्न वस्तु फेरि विकसित हुँदै जान्छ र अर्को परिवर्तनको सङ्घारमा पुग्छ र त्यो पनि निषेधित हुँदै पुरानाका सवल पक्षहरू समेट्दै उच्चस्तर अवस्थामा पुग्छ । यो प्रक्रिया चक्रको रूपमा नभएर बर्तुलाकार हुन्छ र चक्र पुरा गर्दा वस्तु सुरुको अवस्थातर्फ फर्कनपुग्छ । तर त्यो उही पुरानो अवस्थामा नभई नयाँ गुणले युक्त धेरै उन्नत अवस्थामा पुग्छ । एउटा वस्तुको निषेध हुँदा अर्को नयाँ वस्तुको निर्माण हुन्छ । संयोगको कुरा, मार्क्सवादले पनि आफ्नो व्याख्यालाई बीउकै उदाहरणद्वारा पुष्टि गरेको छ । मकैको गेडालाइ जमीनमा छर्दा त्यसवाट बिरुवा उम्रने कुरालाई बिरुवाले बीउलाई निषेध गरेको भनी उदाहरण पेश गरिएको छ । भनिएको छ बिरुवा

हुर्केपछि त्यो फेरि बोटबाट निषेधित हुन्छ र घोगा लागेपछि समयक्रममा बोट पनि सुकेर मर्दछ । निषेधको निषेधले मकैको बीउ निषेध भए पनि घोगाका रूपमा कैंयौ मकैका गेडा फल्दछन् ।

## २.३. क्षणिकवाद

पछिल्लो पिंढीमा बुद्धका अनुयायीहरूले अनित्यवादसम्बन्धी व्याख्यालाई 'क्षणिकवाद' को रूपमा परिणत गरी अरू विकास गर्ने काम गरेका छन् । तिनले वस्तुको सत्तालाई क्षणिक बताएका छन् । जसरी नदीमा पानीका थोपाहरू क्षणभरका लागि देखा पर्दछन्, उसरी नै जगत्का समस्त वस्तुको अस्तित्व क्षणभरको निम्ति मात्र हुन्छ भन्ने विचार तिनले अघि सारेका छन् । यस कार्यमा विज्ञानवादी र सौत्रान्तिक दुवै बौद्ध सम्प्रदायका दार्शनिकहरूको भूमिका रहेको छ । विज्ञानवादी शान्तरक्षित र धर्मकिर्तिले प्रतित्य समुत्पादको सिद्धान्तलाई क्षणिकत्वको रूपमा लिएका छन् र यसको तार्किक समृद्धिमा योगदान दिएका छन् । तर आदर्शवादका विरोधी सौत्रान्तिकहरूलाई नै क्षणिकवादको विकासको जस दिनुपर्दछ जसले यस सिद्धान्तमा द्वन्द्वात्मक ढङ्को विवेचना प्रस्तुत गरेका छन् । (चट्टोपाध्याय, १९८४ : ५३१) बिडम्बना सौत्रान्तिकहरूका सवै कृति लुप्त भएका छन् र अन्य दर्शनले गरेको तिनको खण्डनमण्डनबाट मात्र तिनको विचार बुझ्ने काम हुन सकेको छ ।

क्षणिकवादलाई पुष्टि गर्न यसका व्याख्याताहरूले 'अर्थक्रियाकारित्व' को आड लिएका छन्, जसको अर्थ हुन्छ -कुनै पनि कार्य उत्पन्न गर्ने क्षमता । यसअनुसार कुनै पनि वस्तुको सत्ता तब मात्र पुष्टि हुन्छ जब त्यसमा कार्य उत्पन्न गर्ने क्षमता हुन्छ । कार्य उत्पादन एक वस्तुबाट एक समयमा केवल एउटा मात्र हुन्छ र नयाँ वस्तुको उत्पादन भएपछि पहिलो वस्तु स्वतः नष्ट हुन्छ । कार्य क्षमताको अर्थ नै बदलिनु हो । कमलशील भन्दछन्, "कुनै पनि वस्तुले त्यतिखेर मात्र अर्को वस्तुलाई उत्पन्न गर्न सक्छ, जब त्यो आफ्नो अस्तित्वको अन्तिम क्षणमा आइपुगेको हुन्छ ।" (चट्टोपाध्याय, १९८४ : ५३९) टूसा उत्पन्न भएपछि बीउ नष्ट भएको देखिएकै छ । यदि बीउ क्षणिक हुन्नथ्यो भने त्यसले सदैव एकपछि अर्को गरी अनेकौं टूसा उत्पन्न गर्ने क्षमता राखिराख्नुपर्दथ्यो । सामान्यतया अधिकांश वस्तुहरू केही लामो समयसम्म टिके जस्ता देखिन्छन् । उदाहरणका लागि एउटा घैंटो बिघटित हुनुभन्दा पहिले अथवा त्यो वेग्लै रूपमा परिणत हुनुभन्दा पहिले एकै अवस्थामा रहिरहेको जस्तो लाग्छ । परन्तु यो भ्रम सिवाय अरू केही होइन । घैंटोमा परिवर्तन भइरहेको हुन्छ । क्षणिकवादका अनुसार अदृश्य परिवर्तनको लामो श्रृङ्खलापछि मात्र वस्तुमा परिवर्तन देखिन्छ । यो देखिने परिवर्तन एक यस्तो बिन्दु हो जसमा अदृश्य परिवर्तनको सञ्चय दृश्य अथवा गुणात्मक रूपमा हुन्छ । क्षणिकवादको यो परिवर्तन सम्बन्धी विचार मार्क्स-एङ्गेल्सबाट प्रस्तुत मात्रात्मक परिवर्तन र गुणात्मक परिवर्तनको व्याख्यासँग मेल खान्छ । उनीहरूको व्याख्याअनुसार वस्तुका दुई विपरित तत्वबीच एकता र सङ्घर्ष हुँदा त्यसमा पहिले मात्रात्मक परिवर्तन आउँछ जुन वस्तुमा देखापर्ने विस्तार वा तीव्रता हो । यसको चरित्र सामान्यतया मन्द र क्रमबद्ध हुन्छ । मात्राको परिवर्तन सीमा बाहिर गएपछि यसको गुणमा परिवर्तन आउँछ । यो गुणात्मक परिवर्तन क्रमभङ्ग र छलाङको रूपमा हुन्छ जुन टड्कारै महसूस गर्न सकिने हुन्छ । यस तथ्यलाई पानीको उदाहरणबाट पुष्टि गर्न सकिन्छ । पानीलाई तताउँदा तातोको मात्रा विस्तारै बढ्दै जान्छ । यो मात्रात्मक परिवर्तन हो जुन हेर्दा थाहा लाग्दैन । जब तापक्रम १००० पुग्छ, तव पानीको परिवर्तन देखिन्छ । गुणात्मक परिवर्तनको रूपमा यो दृष्टिगोचर हुन्छ ।

क्षणिकवादको नियम अनुसार संसारका हरेक पदार्थ उत्पत्तिपछि विनासको प्रक्रियातर्फ गइरहेका हुन्छन् । तर बाहिरबाट हेर्दा भने वस्तुहरू स्थायी अथवा उही अवस्थामा टिकिरहे जस्तो देखिन्छ । हाम्रो टाउकाका रौ. अथवा हाम्रा औंलाका नङलाई लिउँ । ती एउटै देखिन्छन् । तर तिनलाई हामी जति काट्दै जान्छौं उति नै ती श्रृङ्खलाबद्ध रूपमा पलाइरहेका हुन्छन् । त्यस्तै हामी आफ्नो सिङ्गो शरीर लाई बाहिरबाट हेर्दा सधैं उही अवस्थामा रहेको देख्छौं । तर यो विभिन्न विचार, भावना र बाह्य पदार्थका साथ नयाँ वस्तु उत्पादन गर्दै हरेक क्षण नष्ट भइरहेको हुन्छ । (दासगुप्त, १९७८ : १७१) क्षणिकवादको यो द्वन्द्ववादी मत प्रचीन ग्रिक दार्शनिक हेराल्काइटसको मतसँग पनि मेल खान्छ । उनी भन्दछन्, "तपाईं एकै नदीमा दुई पटक पाइतला राख्न सक्नुहुन्न ।" यसो भनेर उनले के सन्देश दिन चाहेका हुन् भने जसरी नदीको जल प्रतिक्षण प्रवाहित छ, उसैगरी प्रत्येक वस्तु प्रवाहमय छन् ।

क्षणिकवादले वस्तुको परिवर्तनमा कुनै बाह्य सत्ताको आवश्यकता छैन, वस्तुमा परिवर्तन आफ्नै आन्तरिक कारणले गर्दा हुन्छ भन्ने अर्को द्वन्द्वात्मक विचार अघि सारेको छ । साथै यसले के विचार पनि अघि सारेको छ भने नयाँ कार्यको उत्पत्ति हुनुभन्दा पहिले वस्तुको पूर्ववर्ती क्षणको विनाश हुन्छ, तर परिणाम सून्यतामा विसर्जित

हुँदैन । यसको मान्यता के छ भने विनाश मृत्युको द्योतक मात्र होइन, नयाँको जन्म पनि हो । कुनै पनि वस्तुलाई दुई दृष्टिबाट बुझ्न सकिन्छ। उत्पत्तिसँगै नाश जोडिएको हुन्छ भने नाशसँगै जन्म जोडिएको हुन्छ । राहुल सांकृत्यायनले यसबारे निकै घतलाग्दो टिप्पणी प्रस्तुत गरेका छन् । उनी के भन्दछन् भने जब कारणलाई अति महत्व ठानिन्छ, तब भनिन्छ - केही नष्ट भयो । तर अर्कोतिर जब कारणको सट्टा कामलाई अधिक मूल्यवान ठानिन्छ, तब भनिन्छ - केही उत्पत्ति भयो । तर यी दुवै खाले अभिव्यक्ति एउटै परिस्थितिलाई प्रस्तुत गर्ने दुई दृष्टिकोण हुन् । आधा गिलास पानीलाई आधा भरी अथवा आधा खाली दुवै भन्न सकिन्छ ।

## ३.प्रतित्य समुत्पादको सारमा तोडमरोड

पछिल्लो कालमा बुद्ध दर्शनका अनुयायीहरूले प्रतित्य समुत्पादको सरतत्वलाई बङ्ग्याएर यसलाई भ्रष्टीकरण गरेका छन् । यसो गर्नेमा विशेषगरी दुई विचार अघि आएका छन् ।

### ३.१. सून्यवाद

यसका मूल प्रवर्तकमा आचार्य अश्वघोषको नाम लिइन्छ तर यसका प्रमुख दार्शनिक नागार्जुन हुन् । उनले रचना गरेको ग्रन्थ 'माध्यमिक कारिका' हो । नागार्जुनले बुद्धको प्रतित्य समुत्पादको व्याख्यालाई तोडमरोड गरेका छन् । यस सिद्धान्तको अर्थ वस्तु स्वतः उत्पन्न भएको नभई कारणको प्रतिफल हो भन्ने हो । बुद्धले वस्तुको अस्तित्वलाई निषेध गरेका थिएनन् । तर नागार्जुनले कारणले गर्दा उत्पन्न हुने वस्तुको वास्तविक सत्ता हुँदैन भनी यसको मनोमानी ढङ्गबाट व्याख्या गरेका छन् र यस जगत्मा उत्पन्न सबै वस्तु मिथ्या हुन् भन्ने निषेधजन्य धारणा अघि सारेका छन् । उनी भन्दछन्, "कुनै पूर्ववर्ती सत्वमा आश्रित वस्तुहरूले आफ्नो तात्विक वास्तविकताको दावा गर्न सक्दैनन् ।" उनले गोचरजगत्का सम्पूर्ण सत्तालाई शून्यको स्थानमा राखेका छन् । उनी के भन्दछन् भने यो संसार भनेको मिथ्या हो । यहाँ कुनै वस्तु पनि स्थायी छैनन् । उनकै शब्दमा, "मृत्यु छैन, न त जन्म नै छ, यी दुई बीचको भिन्नता पनि केही छैन । स्थिरता छैन, न त एकत्व नै छ । आउने जाने भन्ने कुरा केही होइन ।" (निगम, २०११ : १२३-२४) नागार्जुनले फटाइका साथ प्रतित्य समुत्पाद नै शून्य हो भन्ने धारणा अघि सारेका छन् । नागार्जुनको यस निषेधात्मक मतलाई 'माध्यमिक शून्यवाद' भनिन्छ ।

शून्यवादले वास्तवमा वस्तुमा विद्यमान दुवै पाटालाई नकार्छ । नागार्जुन भन्दछन्, ''न सत् छ, न असत् छ, न सत् र असत् दुवै छन्, न त सत् असत् दुवै छैनन् ।'' यो भनाइ निरपेक्ष निषेधको अभिव्यक्ति हो, जुन शून्यमा खडा भएको छ । शून्यवाद निराशा र पलायनकै अभिव्यक्ति हो । यसले सकारात्मक आदर्श र मान्यताको खण्डन गर्दछ । यसले समाजको विकासमा वर्गसङ्घर्षको भूमिकालाई निषेध गर्दछ । शून्यवादले हरेक वस्तु र इतिहासको गर्भमा सन्निहित प्रगतिशील एवं क्रान्तिकारी पक्षलाई देख्न सक्दैन, जसको परिणाम यो हुन्छ कि त्यसले भविष्यलाई हमेसा अन्धकारमा देख्न पुग्छ । शून्यवाद समग्र चीजको विरोध गर्दै घोर निराशावाद र पलायनवादको भासमा फस्न पुग्छ । (किरण, २०६० : ५८(५९)

बाहिरबाट हेर्दा शून्यवादले परमतत्व अथवा ब्रह्मलाई पनि शून्यको थान्कामा राखेको देखिन्छ । तर परमतत्व भौतिक जगत्भन्दा बिलकुल पर छ र भौतिक जगत्लाई हेर्ने दृष्टिबाट त्यसबारे जानकारी लिन सकिन्न भन्ने विचार अघि सारी बडो धूर्त्याइपूर्ण तरिकाले त्यसको अस्तित्वलाई घुमाउरो गरी स्वीकार्दछ। परमतत्व सामान्य मानव चिन्तनभन्दा बाहिरको वस्तु हो, त्यसको जानकारी लिन रहस्यात्मक चेतनाको आवश्यकता छ भन्ने विचार नागार्जुनले अघि सारेका छन् । यस रहस्यात्मक चेतनालाई 'प्रज्ञापारमिता' अथवा इन्द्रियातित सर्वोच्च ज्ञान भनिएको छ । यस्तो ज्ञान हासिल गर्न असत्य भौतिक जगत्बाट मुक्ति अथवा निर्वाण प्राप्त गर्नुपर्दछ भन्ने नागार्जुनको भनाइ छ । यसरी महायानी माध्यमिक शून्यवादले बुद्ध दर्शनको भेषमा उपनिषद्कालीन आदर्शवादलाई नै पछ्याएको छ । (चट्टोपाध्याय, १९८४ : २१-२४)

### ३.२. योगाचार दर्शन अथवा विज्ञानवाद

महायान शाखाकै योगाचार सम्प्रदायका दार्शनिकहरूले भौतिक जगत्मा जे जति वस्तुको उत्पत्ति हुन्छ, तिनको स्थायित्व छैन, ती रूपान्तरित हुँदै जान्छन् भन्ने बुद्धको प्रतित्य समुत्पादको विचारमा टेकेर विज्ञानवाद नामक अर्को आदर्शवादी विचारधारालाई अघि बढाएकाछन् । यस मतलाई अघि बढाउने दार्शनिकहरूमा दिङ्नाग, ईश्वरसेन, धर्मपाल, धर्मकिर्ति आदिको नाम आउँछ । विज्ञानवादको मत केहो भने भौतिक जगत्का कुनै पनि वस्तुको वास्तविक अस्तित्व छैन । विज्ञान अथवा चेतना नै यथार्थ कुरा हो । बाहिर देखिने नदी, जङ्गल, पहाड मैदान आदि भौतिक वस्तु कुनै पनि सत्य होइनन्, ती सबै

मनका प्रक्षेपण हुन् । धर्मकिर्ति नीलो रङ्ग र नीलो रङ्गको ज्ञान दुई अलग अस्तित्वका कुरा होइनन्, भ्रमका कारण हामी दुई कुरा ठान्दछौं भनी भन्दछन् । (सिन्हा, १९८३ : १३०) विज्ञानवादले पाश्चात्य दार्शनिक बर्कलेको Subjective Idealism सँग तादाम्यता राख्दछ ।

विज्ञानवादीहरूले आफ्नो मतलाई पुष्टि गर्न सपनामा हुने अनुभूतिलाई अघि सारेका छन् । ती के भन्छन् भने सपनामा मानिसले जे जति कुरा देख्छ, ती सबै बाह्य संसारमा भएको ठान्छ । तर ती बाहिरका नभएर भित्री मनका उपज हुन् । मानिसले सपनामा पीच रोडमा हिंडेको, नदीमा सयर गरेको, पहाड उक्लेको आदि देख्छ । उसले सुख, दुःख, आनन्द आदिको अनुभूति गर्दछ । तर त्यहाँ कुनै सडक, नदी अथवा पहाड हुँदैनन् । त्यहाँ कुनै वास्तविक आनन्द, सुख, दुःख आदि केही हुन्नन् । यी सब कुराको प्रक्षेपण स्वप्नद्रष्टाको मनले गर्दछ ।

विज्ञानवादीको भनाइअनुसार मानिसको जाग्रत अवस्थाको अनुभूति पनि सपना जस्तै कुरा हो । तिनी के भन्दछन् भने कुनै पनि बाहिरका वस्तु या त ती अणु रूपमा हुन्छन् अथवा स्थूल रूपमा अनेकौं अणुको संयोगबाट बनेका हुन्छन् । अणुलाई त्यसै पनि प्रत्यक्ष देख्न सकिन्न । जहाँसम्म अणुको संयोगबाट बनेका वस्तुको सवाल हो तिनलाई पनि सिङ्गो रूपमा देख्न सकिन्न । उदाहरणका लागि हामीले टेवललाई हेर्दा त्यसको अघिल्लो भाग मात्र देखिन्छ, पछिल्लो भाग देख्न सकिन्न । एउटा छेउमा दृष्टि परेका बखत सामुन्ने नै भए पनि अर्को छेउ ओझेलमा पर्दछ । दोस्रो कठीनाइ के हुन्छ भने कुनै पनि वस्तुको ज्ञान तबसम्म हुन सक्दैन, जबसम्म वस्तुको उत्पत्ति भएको हुन्न । उत्पत्ति भएपछि वस्तु उही अवस्थामा हुन्न, किनकि त्यसमा क्रमशः क्षय हुँदै गइरहेको हुन्छ । एकै निमेषमा वस्तुबारे ज्ञान भइ हाल्ने कुरा होइन । जब वस्तुमा उत्पत्ति( नष्टको क्रम चलिरहन्छ, तब त्यो कहिले पनि सिङ्गो रूपमा दृष्टिगोचर हुँदैन । यसबाट के निस्कर्ष निकाल्न सकिन्छ भने जुन वस्तुलाई बाहिर देखेको ठानिन्छ, त्यो यथार्थमा मनकै प्रत्यक्ष हो । विज्ञानवादीहरू मनलाई आलय विज्ञान भन्दछन् किनभने यो विभिन्न विज्ञानको आलय वा भण्डार हो । आलय विज्ञान स्थायी नभई परिवर्तनशील हुन्छ । (चट्टोपाध्याय/दत्त, १९९४ : १६६)

विज्ञानवादीलाई योगाचारी भन्नाको कारण के हो भने तिनले योगको अभ्यासमा बढी जोड दिन्छन् । मन अथवा चिन्तनको सत्तालाई प्राथमिकता दिन एकाग्रता अथवा ध्यानमा तिनले जोड दिन्छन् । विज्ञानवादीले वास्तवमा कुनै नयाँ नौलो दर्शनको प्रतिपादन गरेका भने होइनन् । तिनले बुद्ध दर्शनको नाममा उपनिषद्कालको आदर्शवादको नयाँ संस्करण प्रस्तुत गरेका हुन् । विज्ञानवादीले झैं याज्ञबल्क ऋषिले धेरै काल पहिले यही सपनाको उदाहरणबाट जगत् मिथ्या हो र आत्मा सत्य हो भन्ने विचार अघि सारेका थिए । उनको भनाइ थियो ( सपनामा जसरी मानिसले सर्वग्राही संसारका सामग्री साथमा लगी प्रक्षेपण गर्दछ, उसैगरी जाग्रत अवस्थामा आत्माले भौतिक जगत्का वस्तुलाई प्रक्षेपण गर्दछ ।

## ४.निष्कर्ष

कुनै पनि विचार जस्तो रूपमा विकसित भयो, त्यसलाई त्यसैअनुसार बुझ्नुपर्छ । बुद्ध दर्शनलाई बुद्धकै विचारका आधारमा मूल्याङ्कन गर्नुपर्छ । बुद्धले भनेका छन् ( भौतिक संसारलाई जस्तो छ, त्यस्तै हेर -यथाभूत ञाण दस्सनम्) । माध्यमिक शून्यवाद र विज्ञानवाद दुवै द्वन्द्वात्मक भौतिकवादी बुद्ध दर्शनको प्रतित्य समुत्पादमा आदर्शवादको रङ्ग पोत्ने महायानी दर्शन हुन् । यी दुवैले प्रतित्य समुत्पादले वकालत गर्ने भौतिक जगत्को अस्तित्वलाई निषेध गर्दछन् ।

## सन्दर्भ सामग्रीहरू


- दासगुप्त, एस. एन., १९७८, भारतीय दर्शनका इतिहास, राजस्थान हिन्दी ग्रन्थ अकादमी
- चट्टोपाध्याय, देवीप्रसाद, १९८४, भारतीय दर्शनमें क्या जीवन्त है और कया मृत, पिपुल्स पब्लिसिङ् हाउस प्रालि, नई दिल्ली
- चट्टोपाध्याय,सतीशचन्द्र/दत्त, धीरेन्द्र मोहन, १९९४, भारतीय दर्शन, पुस्तक भण्डार पब्लिसिङ हाउस, पटना
- किरण, २०६०, सङ्घर्षको दर्शन, जनदिशा प्रकाशन, नेपाल
- डा.राधाकृष्णन्, २००४,भारतीय दर्शन, प्रथम खण्ड, राजपाल
- रेग्मी, रामराज, २०६४, पूर्वीय दर्शनमा भौतिकवाद, संचेतना परिवार, पोखरा
- सिन्हा, प्रो.हरेन्द्रप्रसाद, २००२, भारतीय दर्शनकी रूपरेखा, मोतिलाल वनारसीदास, नयाँदिल्ली
- निगम, डा.शोभा, २०११, भारतीय दर्शन, मोतिलाल बनारसीदास
- श्रेष्ठ, श्याम, २०७१, मार्क्सवाद र बुद्ध दर्शन, प्रस्थान, अङ्क १, परिवर्तन नाफा वितरण नगर्ने प्रा.लि.


■■

# हाम्रो प्रमुख उदेश्य नै निम्नवर्ग समुदायका मानिसहरुको जीवनस्तर माथि उकास्नु नै हो – कार्की

(रिब्दिकोट गाउँपालिका ७, पालुङमैनादी निबासी श्री **नारायण बहादुर कार्की** हाल नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको तर्फबाट निर्वाचित रिब्दिकोट गाउँपालिका अध्यक्ष हुनुहुन्छ । त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन विषयमा स्नातकोत्तर अध्ययन पूरा गर्नु भएका श्री कार्कीले त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा केही वर्ष प्राध्यापन समेत गर्नु भएको छ । अत्यन्तै सरल, मृदुभाषी, विकास प्रेमी एवम् बौद्धिक व्यक्तित्वका धनी श्री नारायण बहादुर कार्कीसँग उत्तरदायित्व त्रैमासिकका प्रबन्ध सम्पादक श्री **नवराज ज्ञवालीले** गर्नु भएको कुराकानी यहाँ प्रस्तुत छ ।)

**✍ अध्यक्षज्यू यहाँलाई हार्दिक स्वागत छ ।**

धन्यवाद । यहाँलाई पनि स्वागत गर्न चाहन्छु ।

**✍ यहाँले रिब्दिकोट गाउँपालिकाको नेतृत्व गरिरहनु भएको छ । जनताको चाहना र आवश्यकता अनुसार बिकास निर्माणका कामहरु कसरी अगाडि बढिरहेका छन् ?**

मैले रिब्दिकोट गाउँपालिकाको नेतृत्व गरिरहदा रिब्दिकोटभित्र रहेका ८ वटा वडाभित्र हामीले चुनावमा गरेका प्रतिवद्वता अनुसार हाम्रो स्रोत र साधनले भ्याएसम्म रिब्दिकोट बासी जनताको जीवनस्तर माथि उकास्ने गरी आफ्नो क्षमताले भ्याएसम्म बिकास निर्माणका कामहरुलाई अगाडि बढाईरहेको छु ।

**✍ जनताले गरेको तपाईंप्रतिको विश्वासलाई के कसरी सम्वोधन गर्ने बिचारमा हुनुहुन्छ ?**

जनताले हामीप्रति गरेको विश्वासलाई जनतामा उत्साह पैदा गर्ने, ऊर्जा भर्ने र खुशी पार्नेगरी निष्पक्ष ढंगबाट काम गरेर जनताको जीवनस्तर माथि उकास्ने किसिमले सम्वोधन गरिरहेको छु र गर्ने बिचारमा छु ।

**✍ रिब्दिकोटको पहिचान र बिकास निर्माणको लागि आवश्यक शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन एवम पूर्वाधार जस्ता महत्वपूर्ण आधारभुत क्षेत्रमा आधारित नीति तथा कार्यक्रम बजेट तर्जुमा गरी जनताको आवश्यकता अनुसारका कार्यक्रम बनाउनु भयो । माग अनुसारको योजना भएर पनि बिकास र निर्माणको काममा जनसहभागिता शून्य रहनु र रुचि नहुनुमा के के कारण हुन् सक्छन् ?**

विकास निर्माणको काममा जनसहभागिता यहाँले भनेजस्तो शुन्य भन्ने छैन र होईन पनि । कतिपय अवस्थामा यहाँले भनेजस्तो होला । तर पनि जन सहभागिताबिना कुनै पनि काम भरपर्दो र दिगो नहुने कुरा जनतालाई बुझाउदै जादा र जनतालाई नै अधिकार सुसम्पन्न गर ईसकेपछि जनता आफै आफ्ना बिकास निर्माणका काममा जुट्नुहुन्छ भन्ने कुरामा विश्वस्त छौं । जस्तै ' म बनाउछु मेरो रिब्दिकोट' र 'खनौं आफ्नो माटो ,छोडौं बिदेशको बाटो' भन्ने हाम्रो अभियानमा धेरै जनताहरु उत्साहपुर्वक जुट्दै बिभिन्न कार्यहरुमा संलग्न भइरहेको र सकियताको कम बढ्दै गइरहेको अनुरोध गर्न चाहन्छु ।




**विकास निर्माण र सामाजिक काममा जनसहभागिता ✍ गराउनु र गाउँपालिकाले गर्ने हरेक कामहरुमा नागरिकको उपस्थिति हुनुपर्छ भन्ने भावनाको बिकास गर्नलाई यहाँले नेतृत्वको हैसियतले आम नागरिकलाई के भन्नुहुन्छ ?**

यहाँले भनेकै कुरालाई आत्मसाथ गर्दै जनताबाट नै आफ्नो समाज, गाउँ, टोलको बिकास हुन्छ भन्ने अवधारणालाई मध्यनजर गरी बिभिन्न विकास निर्माणका कार्यहरुमा सम्भव र कानुन सम्मत भएसम्म उपभोक्ता समिति गठन गरी जनताबाट नै बिकास निर्माणका कार्यहरु गराउने लक्ष्य अगाडि सारी कामहरु गरिरहेको अवस्था छ ।

**कतिपय अवस्थामा स्थानिय तहमा नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा संघीय तथा प्रदेश कानुनका समस्या पनि होलान्। कानुनी समस्या हल गर्न यहाँहरुले लिने नीति के होला ?**

हामीले बिकास निर्माणका हरेक कार्यहरु गर्दा स्थानिय सरकार सञ्चालन ऐनको धरातलमा रहेर गरिर हेको अवस्था छ । अहिलेसम्म त्यस्तो कानुनी समस्या आईपरेको अवस्था छैन। त्यस्तो समस्या जहाँसम्म नहोला तर भविश्यमा त्यस्ता किसिमका कानुनी समस्याहरु आईपर्ने देखिएमा गाउँ सभाबाट त्यस्ता कानुनहरु बहुमतले पारित गरी हाम्रो गाउँपालिकाको बिकास निर्माणका कार्यहरुलाई निरन्तरता दिने नीति बमोजिम अगाडि बढ्ने छौँ ।

**कानुनी अस्पष्टता, दक्ष जनशक्तिको अभाव, नीतिगत अन्यौलताको कारण आर्थिक बर्षमा प्रस्तुत भई पारित गरिएका नीति कार्यकमहरु कार्यान्वयन हुन नसकी फिर्ता भएका छन् कि ?**

हामी सरकार सञ्चालनको एक आर्थिक बर्षको दौरानमा नै छौं । अहिलेसम्म आइपुग्दा हामीले आर्थिक बर्षको शुरुवाती चरणमा बिभिन्न शीर्षकहरुमा बिनियोजन गरेको बजेटबाट हुनुपर्ने लगभग धेरै कार्यहरु सम्पन्न गरी भुक्तानी समेत भईसकेको अवस्था छ। यो अवस्थामा आईपुग्दासम्म समस्याहरु आएर कार्यक्रमहरु कायान्वयन हुन नसकी फिर्ता हुने सम्भावना छैन ।

**जनकेन्द्रित नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा यहाँले अवलम्वन गर्ने आधार र योजना बाँडफाँडका लागि कानुनले निर्दिष्ट गरेका बिषयहरुमा यहाँले के भन्नुहुन्छ ?**

जनचाहना र आवश्यकता तथा पालिकाको स्रोत र साधन परिचालनका सम्वन्धमा हामी स्थानिय सरकार सञ्चालन ऐनको कानुनको धरातलमा टेकेर नै अगाडि बढिरहेको अवस्था छ । हामी कानुनको शत प्रतिशत पालना गरेर नै हाम्रा बिकास निर्माणका गतिविधिहरुलाई अगाडि बढाउने लक्ष्य राखी पालिकाभित्रका हरेक बिकास निर्माणका कार्यहरु गर्ने पक्षमा रहेको कुरा अवगत गराउन चाहन्छु ।

**जनभावना अनुसार नीति कार्यकम आएता पनि जनगुनासाहरु त उत्तिकै छन् नि। कारण के होला ?**

स्वभाविक रुपमा समयको माग अनुसार जनताको चाहना र आवस्यकताहरु असिमित छन यद्दपी सिमित स्रोत, साधन हुदाहुदै पनि हामी सरकार सञ्चालनको १ बर्षे दौरानमा नै छौं । यो समयसम्म आईपुग्दा हामिले जनभावना अनुरुप कृषि, प्रर्यटन, खानेपानी, भौतिक निर्माण लगाएत जनताको चाहनासंग जोडिएका बिभिन्न क्षेत्रहरुमा काम गरिरहेको अवस्था छ, परिणाम आउन त पक्कै केहि समय कुर्नु नै पर्नेहुन्छ ।

**रिब्दिकोटको बिकाससँगै समृद्ध बनाउन गरिएका प्रयासहरु के के हुन् ?**

रिब्दिकोट गाउँपालिकालाई समृद्ध बनाउनका लागि कृषि क्षेत्रमा पालिकाको धेरै प्रतिशत बजेट बिनियोजन गरी यहाँका कृषकहरुलाई आधुनिक, बैज्ञानिक प्रविधिसंग जोड्दै कृषकहरुले उत्पादन गरेको कृषि उपजलाई बजारीकरणको ब्यबस्था गर्नका लागि पालिकाभित्र रहेका कृषि सहकारीसंग समन्वय गर्दै कृषकहरुको उत्पादनलाई बजारीकरण गर्ने सोचमा छौं। साथै रिब्दिकोट गाउँपालिका पर्यटकिय दृष्टिकोणले पनि महत्वपूर्ण पालिका भएकोले यहाँ रहेका धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक दृष्टिकोणले महत्वपुर्ण मानिएका पर्यटकिय क्षेत्रहरुको संरक्षण, संवर्धन गर्दै पर्यटन प्रवर्द्धन गरी यहाँका जनताहरुको आयस्तर बृद्धि गर्ने लक्ष्य रहेको छ। साथै बिभिन्न किसिमका सिप, तालिमहरु प्रदान गरी यहाँका जनताहरुलाई स्वरोजगार संग जोड्ने पालिकाको लक्ष्य रहेको कुराको जानकारी गराउँन चाहन्छु । यहाँको शिक्षा, स्वास्थ्य, बाटोघाटोदेखि लिएर जनताको जीविकोपार्जनसंग जोडिएका समग्र पक्षहरुलाई ध्यानमा राखी हामी अगाडि बढिरहेको अवस्था रहेको जानकारी गराउन चाहन्छु ।

**बिकासका निम्ति संम्भावनाका क्षेत्रहरु र निम्नवर्ग समुदायका निम्ति यहाँले प्रस्तुत गरेका नीति कार्यकम र बजेटका बारेमा केहि बताइदिनुहोस् न ।**

हाम्रो प्रमुख उदेश्य नै निम्नवर्ग समुदायका मानिसहरुको जीवनस्तर माथि उकास्नु नै हो । त्यसका निम्ति हामिले बिभिन्न संघ संस्थाहरुसंग समन्वय गरी बिभिन्न लक्षित कार्यक्रमहरु संचालन गर्दै आइरहेका छौं। गाउँ, टोल र समुदायमा निम्न स्तर भएका ब्यक्तिहरु पहिचान गरी बिभिन्न सिपमुलक तालिमहरु सञ्चालन गर्दै आईरहेका छौं जसले गर्दा ती ब्यक्तिहरुले आफुले सिकेको सिपले सहज ढंगबाट जीविकोपार्जन गर्न सकुन्। निम्न स्तरका मानिसहरुको अवस्था उकास्ने उदेश्यले नै कृषि क्षेत्रमा ठूलो राशिको अनुदानको ब्यबस्था समेत गरिरहेको कुरा सर्वविदितै छ । प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा पनि निम्न स्तर भएका मानिसहरु छनौट गरी गाउँ, टोलका सामान्य बिकास निर्माणका कार्यहरुमा संलग्न गराईएको अवस्था छ। साथै यो बर्ष पालिकाभित्रका

प्रत्येक वडाका टोलहरुबाट दैनिक ज्यालादारी गरी आफ्नो जीविकोपार्जन गर्ने ब्यक्तिहरुको तथ्याङ्क संकलन गरी न्यूनतम रोजगारीमा संलग्न गराउने पालिकाको लया र हेको छ ।

**✍ यहाँले नीति तथा कार्यक्रममा भन्नुभएको छ गुणस्तरीय, आर्थिक, भौतिक, सामाजिक पूर्वाधार बिकासको माध्यमद्वारा समृद्ध रिब्दिकोट ।प्रस्तुत नीति तथा कार्यक्रम अनुसार समृद्ध बनाउने आधार कहिँ कतै भएको देखिदैन तर पनि प्रत्येक बर्ष उक्त समृद्धिको नारा लिएर नीति तथा कार्यक्रम आउदैमा समृद्धि प्राप्त हुन्छ र ?**

त्यस्तो यहाँले भनेजस्तो पनि होईन । समृद्ध रिब्दिकोट बनाउने उदेश्यले नै हामीले कृषि क्षेत्रमा जनअपेक्षा अनुसारको अनुदानको ब्यबस्था गरेका छौं । समृद्ध पालिका बनाउने मुख्य माध्यम भनेको शिक्षा हो, त्यही कुरालाई मध्यनजर गरी पालिकाले आफ्नो बजेटको करिव एक तिहाई बजेट शिक्षा क्षेत्रमा बिनियोजन गरेको छ । समृद्ध पालिका बनाउने उदेश्यले नै हामी सबैको पहलबाट अहिले भर्खर नेपाल सरकारबाट रिब्दिकोट गाउँपालिका वडा न. ३ को चकल्दी क्षेत्रमा औंद्योगिक ग्राम स्विकृत भई अब छिट्टै संभौता हुने प्रकियामा रहेको कुरा समेत यहाँलाई अवगत गराउन चाहन्छु । यसका अतिरिक्त नियमित भैरहने बिकास निर्माणका गतिबिधिहरु नियमित रुपमा संचालमा छन् ।

**✍ अघिल्लो समिक्षा अवधिमा गरिएका कामको प्रगति र सम्पन्न भएका योजनाको मुल्याङ्कन कसरी भई रहेको छ ?**

कामको प्रगति सकारात्मक र द्रुत गतिमा हुँदै गएको छ । साथै सम्पन्न भएका योजनाको मुल्याङ्कन प्राविधिकहरुको सहयोगमा उपाध्यक्षको संयोजकत्वमा अनुगमन भईरहेको छ। कुनै त्यस्ता योजनाहरुको मुल्याङ्कन गर्दा अपुरो भएजस्तो लागेमा ती योजनाहरुलाई पुन काम गराई सम्पन्न गराउने कार्य भैरहेको छ ।

**✍ गाउँपालिकाको दिर्घकालिन महत्व राख्ने गौरवका आयोजनाहरु केही छन् कि ? यदि भएको भए तिनको अवस्था र कामको प्रगतिबारे भनिदिनुहोस् न ।**

गाउँपालिकाको त्यस्तो महत्व राख्ने गौरवका आयोजनाहरु नभए पनि संघिय सरकार, प्रदेश सरकार र हाम्रो आफ्नो पालिकाको तर्फबाट सञ्चालित ठूला आयोजनाहरु संञ्चालनमा आइरहेका छन् र ती योजनाहरुको काम नियमित रुपमा भैरहेको र निश्चित तोकिएको समय अवधिभित्र नै सम्पन्न हुने अपेक्षा राखेका छौं ।

**✍ संघिय सरकारको नीति अनुसार एक गाउँपालिका एक औंद्योगिक ग्रामको नीति रहेको छ, उक्त नीति अनुसार औंद्योगिक ग्रामको निम्ति यस गाउँपालिकाले के कति काम गरिरहेको छ ?**

संघिय सरकारको नीति अनुसार एक गाउँपालिका एक औंद्योगिक ग्राम नीति अनुरुप नै बिगतको सरकारले सो कार्यक्रमलाई नेपाल सरकार उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालयमा प्रकृया अगाडि बढाएकोमा मन्त्रिपरिषदबाट स्विकृत नभएको कुरा सबैलाई सर्वविदितै छ । यस बर्ष नेपाल सरकारको त्यही मापदण्ड अनुरुप हामीले औंद्योगिक ग्रामका लागि आवश्यक पर्ने सबै प्रकृया पुरा गरी प्रदेश र संघीय मन्त्रालयमा कागजातहरु पेश गरेकोमा नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम यस रिब्दिकोट गाउँपालिकाको वडा न. ३ को चकल्दी क्षेत्रमा औंद्योगिक ग्राम निर्माणको लागि प्रस्तावित भएको छ । साथै मिति २०७९। ११ । २९ गते उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालयको प्राविधिक टोली सहित सो क्षेत्रको स्थलगत अनुगमन भैसकेको र अव छिट्टै संभौताको प्रकृयामा रहेको कुरा जानकारी गराउन चाहन्छु ।

**✍ अरु गाउँपालिकाको तुलनामा यस गाउँपालिकाको भिन्न खाले नीति तथा कार्यक्रमहरु भए भनिदिनुहोस् न ।**

हामीले हाम्रो गाउँपालिकाभित्रका वासिन्दाहरुको बसाईसराई दर र बैदेशिक रोजगारिमा जाने क्रमलाई सकेसम्म रोक्नका लागि 'खनौं आफ्नो माटो छोडौं बिदेशको बाटो' भन्ने अभियान संचालन गरी सो अभियानमा जोडिने यूवायूवतीहरुका लागि पालिकाले गर्न सक्ने अनुदान र सहयोगको ब्यबस्था गरेका छौं । हरेक बिकास निर्माणका गतिबिधिहरुमा जनसहभागिताको महत्वपूर्ण अर्थ रहन्छ भन्ने कुरालाई बुझेर 'म बनाउछु मेरो रिब्दिकोट' अभियान सञ्चालन गरेका छौं जसमा यहाँका बासिन्दाहरु महिनाको १ दिन कुनै सार्वजनिक क्षेत्रको सरसफाईदेखि लिएर बिकास निर्माणका कार्यहरुमा उत्साहित रुपमा संलग्न हुनुभईरहेको छ । यहाँका जनताहरुको स्वास्थ्यलाई पनि मध्यनजर गरी प्रत्येक महिनाको २ पटक बिभिन्न स्वास्थ्य समस्या सम्वन्धि विशेषज्ञ सेवा प्रदान गर्दै आईरहेको कुरा पनि अवगत गराउन चाहन्छु । यी बाहेक बिभिन्न वडाका अति बिकट टोलहरुमा घुम्ति शिविर सञ्चालन गरी स्थानिय सरकारको पहुँचसम्म आउन नसकेका जनताहरुलाई सेवा प्रदान गर्दै आईरहेका छौं । यसका अतिरिक्त जनतालाई दिने अन्य नियमित सेवाहरु संचालन भैरहेका छन् ।

**गाउँपालिकाको आन्तरिक स्रोतको पहिचान, राजस्व संकलनका आधार र ब्यबस्थापन कसरी भैरहेको छ ?**

गाउँपालिकाको आन्तरिक स्रोत हाम्रोमा अन्य गाउँपालिकामा जस्तो छैन । यद्यपि पालिकाको आन्तरिक स्रोत पहिचानका लागि हामी हाम्रो तर्फबाट लागिरहेका छौं । राजस्व संकलनका आधारका रुपमा हामीले पुराना आधारहरुलाई यथावत राख्दै कतिपय राजस्व संकलन हुने क्षेत्रहरु तर बिगतदेखि नै राजस्व संकलन हुन नसकेका क्षेत्रहरुलाई सक्रिय बनाउने र अन्य गाउँपालिकाले बिभिन्न शीर्षकहरुमा उठाई रहेको राजस्वलाई मध्येनजर गरी राजस्व संकलनको दायरा विस्तार गर्दै आईरहेको कुरा यहाँलाइ अवगत गराउन चाहन्छु ।

**राजस्व संकलनको सिमा निर्धारण कसरी गर्नुभएको छ ?**

राजस्व संकलनका लागि हामीले बिभिन्न क्षेत्रहरुका लागि छुट्टाछुट्टै सिमा निर्धारण गरेको अवस्था छ । प्रत्येक वडाहरुबाट पनि राजस्व संकलन गर्न सकिने ब्यबस्था मिलाएका छौं । समयमा राजस्व बुझाउन नआउनेहरुका लागि पत्राचार गर्ने, ताकेता गर्ने, कतिपय अवस्थामा स्थलगत अनुगमन गरी राजस्व संकलन गर्ने र समय म्याद काटिसकेको अवस्थामा अतिरिक्त शुल्क लिइ राजस्व संकलन गर्ने गरिरहेका छौं ।

**आफ्नो कार्यकाल कस्तो भैदिए हुन्थ्यो भन्ने चाहना छ यहाँको ।**

स्वभाविक रुपमा हरेक सामाजिक क्षेत्रमा प्रवेश गर्नेहरुले आफ्नो कार्यकाल समाजमा सकारात्मक र र चनात्मक बनाउन चाहन्छन् । त्यही भावना अनुरुप मेरो कार्यकालमा रिब्दिकोट गाउँपालिका निबासीहरुले केही राहतको अनुभुति गर्दै यहाँका जनताको हरेक दुःख सुखमा आँखाको नाँनी बन्दै जनताले मेरो अनुपस्थितिमा पनि मलाई सम्झिने लायकको काम गर्दै र हरेक पक्षबाट जनताको काम गर्ने क्रममा सहयोगको अपेक्षा म मेरो कार्यकालमा राखेको छु ।

**रिब्दिकोटका बासिन्दा, पाठक बर्ग र यस मिडियाप्रति थप केही कुरा भन्नु छ कि ?**

रिब्दिकोटका बासिन्दाज्यूहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु किनकि यहाँका बासिन्दाहरुको अमुल्य मतका कारण आज म रिब्दिकोटबासिहरुको अभिभावकको रुपका यस पालिको सुख दुःखमा आफुले सकेको मलमपट्टी लगाउने सुअवसर प्राप्त गरेको छु । पाठक बर्गमा यो मेरो यस मिडियासंग भएको सानो कुराकानीलाई अध्ययन गरि सकेपछि मैले गरिरहेको समग्र कामको मुल्याङ्कन गर्दै सुधार गर्नुपर्ने पक्ष र भविष्यमा के गर्दा रिब्दिकोट बासिको समग्र जीवनस्तर उकास्न, यहाँको समग्र बिकास गर्न सकिन्छ भन्ने कुरामा सबैबाट सकारात्मक सुझाव, सल्लाहाको समेत अपेक्षा गर्दै सहयोगको लागि हार्दिक अपिल समेत र गर्दछु । साथै यसरी मेरा सम्पुर्ण कुराहरु रिब्दिकोटबासि, मेरा शुभचिन्तक सबैमा पुर्याउन सहयोग गर्दै आफ्नो अमुल्य समय समेत प्रदान गर्ने यस मिडियालाई प्रगतिको कामना सहित धेरै धेरै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

■■


नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई , दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**गायत्री कार्की**
**शाखा प्रबन्धक**

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**RASTRIYA BANIJYA BANK LTD.**
रिद्धीकोट-३, हार्थोक, पाल्पा

-आर.बि.बि रेमिट, आईएमई, प्रभु, सिटी एक्स्प्रेस,सिजि मनी ट्रान्सफर मार्फत् संसारका जुनसुकै ठाउँबाट पठाएको रकम प्राप्त गर्न सकिने र नेपालभर रकम पठाउन सकिने ।

-डि-म्याट खाता, एटिएम,मोबाइल बैंकिङ,इन्टरनेट बैंकिङ,चेक क्लियरिङ, कनेक्ट आईपिएस सेवाका साथै न्यून ब्याजदरमा कर्जा प्रवाह गरिनुका साथै सहुलियतपूर्ण कृषि कर्जा उपलब्ध गराइन्छ ।

स्वास्थ्य

# रक्तचापको समस्या त छैन ? जोगिनुस् है ?



गोमविक्रम

**रक्तचाप के हो ?**

तपाईं हामीमध्ये धेरैलाई रक्तचाप भनेको उति थाहा नहुन सक्छ । सुन्दा सामान्य लागे पनि यसबारे तपाईं हामी जोकसैको चासो र चिन्तन हुनुपर्छ । त्यसो भए रक्तचाप भनेको के हो त ? मुटु खुम्चिँदा र फैलिँदा रक्तनलीको भित्तामा पर्ने दवावलाई नै रक्तचाप भनिन्छ । रक्तनलीको चाप १२०/८० mmhg भन्दा बढी हुन गएको अवस्था चाहिँ खासमा उच्च रक्तचाप हो । उच्च रक्तचापकै कारण मुटु, मृगौला, मस्तिष्क खराब हुने खतरा हुन्छ । त्यसै गरी रक्तचाप घटेर निकै कम हुने अवस्थालाई निम्न रक्तचाप भनिन्छ । यस्तो बेला रक्तनलीमा रक्तप्रवाह एकदमसित घटेर १००/६० देखि ९०/५० mmhg वा अझ कम देखिन सक्छ । यस्तो बेला मुटु, मस्तिष्क र मृगौलामा अक्सिजन र पौष्टिक पदार्थ कम वितरण हुन जानाले सामान्य रुपले काम गर्न नसक्ने अवस्थामा पुग्दछ । यस्ता निम्न रक्तचापका रोगीमा खास लक्षणहरू भने नदेखिन सक्दछ । तर पनि कतिपयलाई चक्कर लाग्ने, ढल्ने र बेहोश हुने जस्ता लक्षणहरू देखिन्छ र रक्तचाप नाप्दा लो वा न्यून देखिन्छ ।

उच्च रक्तचाप बढी हुनुमा निम्न कारणहरू हुन सक्छ :- धेरैजसो अर्थात् ९० प्रतिशतमा खास निश्चित कारण हुँदैन । थोरैजसो अर्थात् १० प्रतिशतमा भने मृगौला र हर्मोन सम्बन्धी रोग हुन सक्दछ । पहिले हामी सरुवा रोग र महामारीजन्य रोगबाट डराउँथ्यौ अहिले नसर्ने रोगहरू जस्तै :- मुटुका रोगहरू, मधुमेह (सुगर), उच्च रक्तचाप, क्यान्सर, मृगौला र श्वासप्रश्वास सम्बन्धी रोगहरू र तिनका समस्या वा जटिलता ल्याउन थालेको पाइन्छ । विश्व स्वास्थ्य संगठनका अनुसार प्रतिवर्ष ६ करोड मानिसहरू यस्ता नसर्ने रोगहरूका कारण मर्ने गरेका तथ्याङ्क छ । जुन विश्वमा हुने मृत्युको ७१ प्रतिशत हो । नसर्ने रोगहरूमा उच्च रक्तचाप प्रमुख रोग हो । खास लक्षण नभइकन बिस्तारै बिस्तारै रोगीको ज्यान जान सक्ने हुँदा यस रोगलाई 'साइलेन्ट किलर' पनि भनिन्छ ।

**उच्च रक्तचापका कारणहरू**

उच्च रक्तचाप हुनुमा निम्न कारणहरू हुन सक्छन् :-

१.अनियमित जीवन शैली-चिन्ता, क्रोध, ईर्ष्या, अतिमहत्वाकांक्षा, भय जस्ता मानसिक विकार ।
२. ज्यादा नून, बोसो, चिल्लो, पिरो, मसलेदार, चिनी तथा मैदायुक्त खानाको सेवन ।
३. वंशाणुगत कारण
४.मोटोपना
५.अल्छीपना, मीठो खाने, श्रम नगर्ने, जङ्कफुडको सेवन बढी सौखिन जीवनशैली ।
६. कुलत अर्थात् धुम्रपान, मद्यपान र सूर्तिसेवन ।
७.पेट, मृगौला, थाइराइड तथा पिसाब सम्बन्धी समस्याहरू ।
८.बुढ्यौली, उच्च मानसिक तनाव इत्यादि ।
९.तनाव, डिप्रेसन :-व्यक्ति अनुसार पढाइ, गृहस्थी, जागिर , खेलकुँद, गर्भ, मुद्दा इत्यादिका कारण चिन्ता बढ्न गई रक्तचाप बढ्नसक्छ ।
१०. निदको कमी वा अनिद्रा ।

तर रक्तचाप जँचाउनु अघि १५ मिनेट आराम गरेर बसेको हुनु पर्दछ । धुम्रपान वा मद्यपान गरेको, दौडिदै गएर, सिढी चढेर, काम गर्दागर्दै गएर जाँच्दा रक्तचाप बढी देखिन सक्छ । जाँच अघि चिया कफि कोल्ड्रिङ्कस लिएको हुनु हुँदैन ।

अलिकति रक्तचाप बढ्दैमा औषधी सेवन शुरु गरि हाल्नु जरुरी छैन । जीवनशैलीमा परिवर्तन ल्याएमा

**जीवनशैलीमा परिवर्तन**

| रक्तचाप बढाउने कारणहरु | रक्तचाप घटाउने उपायहरु |
|---|---|
| धुम्रपानको सेवन | पूर्णरुपले बन्द गर्नु अनिवार्य हुन्छ । |
| मोटोपना | कम्तिमा १० प्रतिशत तौल घटाउनु पर्छ । |
| शारीरिक गतिविधिमा कमी | प्रतिदिन १/२ घण्टा भन्दा बढी हिड्नुपर्छ |
| मदिराको सेवन | अत्यधिक मदिरा सेवन गर्नु हुँदैन । |
| नुनिलो खानेकुरा | नुन कम खानुपर्छ । |
| मानसिक तनाव | मानसिक तनाव कम गर्नुपर्छ । |

सुधार हुनसक्छ जस्तै : नून कम, तौल कम गरेर, रेशायुक्त खाद्यवस्तु बढाएर, धुम्रमपान, मद्यपान त्यागेर, नियमित व्यायाम, योग, ध्यान, प्राणायाम तथा हँसिलो खुशीलो रहने इत्यादि ।

**वर्गीकरण**

| रक्तचाप | सिस्टोलिक | डायस्टोलिक |
|---|---|---|
| हाइपोटेन्सन | ९० भन्दा कम | ६० भन्दा कम |
| सामान्य | ९०- ११९ | ६०-७९ |
| प्रिहाइपरटेन्सन | १२०-१३९ | ८०-९० |
| चरण १ हाइपरटेन्सन | १४०-१५० | ९०-९९ |
| चरण २ हाइपर टेन्सन | १६० भन्दा माथी | १०० भन्दा माथी |

**लक्षण तथा चिन्हहरू**

उच्च रक्तचापको खास लक्षणहरू नदेखिइकन पनि बिरामीलाई भित्रभित्र सताइरहेको हुन सक्छ त्यसैले पनि यसलाई साइलेन्ट 'किलर रोग' मानिन्छ। रक्तचाप जाँच्दा एकै पटकको नतिजालाई आधार मान्नु हुँदैन। कहिलेकाही खास कारणले पनि एक छिनका लागि रक्तचाप बढी देखिन सक्छ। तर अचानक गम्भीर रुपमा टाउको दुख्ने, नाथ्री फुट्ने, छाती दुख्ने, सास फेर्न गाह्रो हुने, जस्ता लक्षणहरू देखिन सक्छ।

कसै कसैलाई बेचैनी, छटपटी बढ्ने, सास फुल्ने, थकान महशुस हुने, दिग्भ्रमित (इलुजन) हुने, आँखा धमिलो देखिने, झुम्म बनाउने, आलस्य हुने, मुटु ढुकढुक हुने, खुट्टा सुन्निने जस्ता लक्षणहरू देखिन सक्छ।

अलिकति होशियारी नअपनाउने हो भने उच्च र क्तचापको कारण हाम्रो शरिरमा निम्न नोक्सानी तथा खतराका कुराहरू निम्तिन सक्छ :- मुटुका रक्तनली फुट्ने वा नष्ट हुने डर हुन्छ । मुटु (हृदय) लाई बढी काम गर्नुपर्छ। मस्तिष्कका केशिका, तन्तुहरू खराब हुनसक्छ। मस्तिष्कमा प्रयाप्त अक्सिजन र रगतको आपूर्तिमा समस्या आउन सक्छ । उच्च रक्तचापलाई बेलैमा नियन्त्रण नगरे हृदयाघात, पक्षाघात, आँखाको दृष्टिह्रास हुने, मृगौला।फेल हुने, डिमेन्सिया, नपुङ्सकता, हयीको क्षय हुने जस्ता जटिलताहरू देखिनसक्छन्।

**जोगिने उपायहरू**

जीवनशैली परिवर्तन - स्वस्थ जीवनयापनका लागि दैनिक योग, ध्यान र प्राणायाम गर्नु तथा हँसिलो खुसिलो रहने प्रयास गर्नुपर्छ। तनाव कम गर्न वा तनावमुक्त रहन मनोरञ्जनका लागि त्आआफ्ना मन बहलाउने प्रयास गर्नु पर्छ ।नूनको सेवन घटाउनुपर्छ ।तौल बढी भए घटाउने, नियमित व्यायाम गर्ने तथा प्रयाप्त निद र मानसिक तनाव कम गर्ने उपायहरू अपनाउनु पर्दछ। सन्तसलित भोजन तथा वर्जित कुराहरू सेवन नगरी यसको मस्याबाट जोगिन सजिलो हुन्छ। खानामा नून, चिनी, तेल, घिउ तथा मैदाको मात्रा घटाउनु पर्दछ। सुत्ने, उठ्ने समय नियमित गर्ने तथा प्रयाप्त (कम्तिमा ६-८ घण्टा) निदाउने अवस्था सिर्जना गर्नु पर्दछ। लामो समय एकै ठाउँमा बस्नेहरूले शारिरिक व्यायामको व्यवस्था मिलाउनु पर्दछ । तारेभुटेका खाना, रातो मासु घटाउँदै लैजानु पर्छ । नियमित रुपमा रक्तचाप जँचाई औषधीले काम गरे नगरेको वा स्वास्थ्य अवस्था सुधार वा नाजुक हुँदै गएको छ पत्ता लगाइरहनु पर्दछ। दैनिक कागती, तुलसी वा निमको पात वा मेथी पानी ३/४ पटक चिसो गरेर खाइरहन सकिन्छ। नियमित करेला, घिउकुमारीको सेवन पनि लाभदायक मानिन्छ।

■■


*नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।*

**रुद्रप्रसाद आचार्य**
**प्रधानाध्यापक**

**कृष्णबहादुर थापा**
**अध्यक्ष(वि.व्य.स)**

**श्री भवानी माध्यमिक विद्यालय**

रिब्दिकोट-५, कुसुमखोला, पाल्पा

विद्यालयका विशेषताहरु:
१.आधुनिक कम्प्यूटर ल्याब, डिजिटल स्मार्ट बोर्ड, ई-लाइब्रेरी
२.छात्राबास, चमेनागृह, पुस्तकालय, विज्ञान प्रयोगशाला को व्यवस्था
३.रमणीय वालमैत्री वातावरणमा पठनपाठन
४.गुणस्तरीय शिक्षा

विचार

विष्णु घर्ती 'भनभनेली'

# स्थानीय विकासमा उपभोक्ता समिति



उपभोक्ता समिति भनेको उल्लेख्य रुपमा काम गर्ने स्थानीय जागरुक समूह हो । यो पक्षपातरहित ढंगबाट सञ्चिलित हुन्छ । आफ्नो कामलाई भोक तिर्खा नभनी कार्यसम्पादन गर्दछ । सबैसँग तारतम्य मिलाएर अगाडि बढ्दछ भने सर सल्लाह र समन्वयलाई आत्मसात गर्दछ । तोकिएको बजेटको सीमाभित्र रहेर मितव्ययी तरिकाले खर्च व्यवस्थापनमा लाग्दछ । कार्यादेश बमोजिम तीब्र गतिमा आफ्नो जिम्मेवारी समयमै पुरा गर्दछ । स्थानीय विकास र समृद्धि हामी सबैको शान हो । विकासका खातिर सुन्दर योजनाहरू आएका छन् । समसामयिक र समावेशी कार्यक्रम पनि ल्याइएको छ । साविकको भन्दा सबै क्षेत्रमा सकारात्मक वृद्दि भएको अवस्थालाई नै विकास भनिन्छ । आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक लगायतका विषयहरूमा गुणात्मक परिवर्तन आउनु समृद्धि हो । विकास र समृद्धि आफै हुदैन । स्थानीय विकास र समृद्धि समान हिसाबले सरल पनि हुनु पर्दछ । केवल नारामा सिमित रहनु हुदैन ।

उपभोक्ता समितिका मूख्य काम, कर्तव्यहरूमा आयोजना सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने, उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने, कार्य शुरु गर्दा कार्यालयबाट निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने हुन् । त्यसैगरी आफ्नो कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरूको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने, आफ्ना सदस्यहरुको क्षमता विकास गर्ने, सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने तथा आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने रहेका छन् ।

*उपभोक्ता समितिका मूख्य काम, कर्तव्यहरुमा आयोजना सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने, उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने, कार्य शुरु गर्दा कार्यालयबाट निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने हुन् ।*

स्थानीय विकास र समृद्धि सारा जनताले महसुस गर्ने खालको हुनु पर्दछ । यसका लागि जनताका स-साना समूहमा साना साना कामले नै खासमा समृद्धिको जग बलियो बन्दछ । त्यस्ता समूह भनेका उपभोक्ता समूह हुन् । अहिलेका साढे सात सय बढी स्थानीय तहका छ हजार सात सय बढी वडामा उपभोक्ता समितिहरू क्रियाशील रहेका छन् । एउटा वडामा हाराहारी तीसदेखि चालिस वटाको संख्यामा उपभोक्ता समिति गठन भएको पाइन्छन् । यिनीहरूले सबैजसो विकासका कामहरू गरेकै छन् । राम्रो तिरकाले सम्पन्न भएका योजनाले गाउँ गाउँमा समृद्धिको खाका कोरेको देखिन्छ । यस अर्थमा उपभोक्तालाई स्थानीय विकास र समृद्धिका सम्वाहक मान्न सकिन्छ । जसले जुन कुरा प्रयोग गर्ने हो, उसैको मातहतमा रही निर्माण वा कार्यान्वयन गर्ने समूह नै उपभोक्ता समूह हो । यो पहिलो गणतान्त्रिक निर्वाचित जनप्रतिनिधिको कार्यकालमा समृद्धिको जग थाप्ने काम उपभोक्ता समितिहरूले गरेका छन् । उपभोक्ता समितिलाई थुप्रै खालका आरोप नलागेका पनि होइनन् । अनेक खालका विकल्पहरू भए तापनि यसको प्रयोगमा कुनै कमी आएको छैन । समान तरिकाले सबैतिर विकास गर्दै जानु आजको आवश्यकता देखिन्छ ।

यसै तवरले आफ्नो दायित्व भित्र रहेर पनि केही काम कारवाही गर्नु पर्ने हुन्छ । आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य गर्ने, आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य गर्ने, अन्य आयोजनाहरुसँग अन्तर सम्बन्ध कायम गर्ने, असल नागरिकको आचरण पालना गर्नु पर्ने,आफ्नो आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्ने एवम् तोकिए बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तिय प्रतिवेदन पेश गर्ने आदि पर्दछन् । यति हुँदा हुँदै पनि उपभोक्ता समितिलाई आम रुपमा केही आरोपहरू लाग्ने गरेको सुनिन्छ । जस्तै: विचौलियाको काम गर्छ । सधै ऋण मात्र देखाउँछ । श्रमदान नाम मात्रको देखाउँछ । गुणस्तरीय काम गर्न सक्दैन । राजनैतिक भागवण्डामा रमाउँछ वा कतै एकलौटी

पनि गर्दछ। स्थानीय सीपको प्रयोग हुदैन आदि। निर्वाचित जनप्रतिनिधिहरू, राजनैतिक दलका पदाधिकारीहरू, सर कारी कर्मचारीहरू तथा शिक्षण पेशाका कर्मचारी (शिक्षक)हरूलाई उपभोक्ता समितिमा राख्न नपाइने व्यवस्था विपरित पनि अप्रत्यक्ष रुपमा राखेर काम गरे, गराएको पनि पाइन्छ। आज यस्ता आरोपलाई आम उपभोक्ताहरूले न्यूनिकरण गर्नु जरुरी छ।

खासमा विकास चाहिएको गाउँमा नै हो। गाउँमा विकास गर्ने अगुवा भनेकै उपभोग गर्नेवाला नै हुन्। उपभोग गर्नेहरूमध्येबाटै उपभोक्ता समिति बन्दछ। यिनीहरूले सबै प्रकारका विकासका काम गर्दछन्। यस्ता विकासको वृद्दि उपभोक्ता समितिबाटै हुने देखिन्छ। सबै उपभोक्ता समितिहरूबाट भए, गरेका सम्पूर्ण कामहरूको समष्टी नै स्थानीय विकास र समृद्धिको सूचक हो। यसैले उपभोक्ता समितिलाई स्थानीय विकास र समृद्धिका सम्वाहक भन्न खोजिएको हो। यस्ता सूचकमा सहयोग गर्नका लागि गाउँ गाउँमा उपभोक्ता समितिहरू बाह्रै महिना क्रियाशील रहेको पाइन्छ।

■■


नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**टिकाराम एण्ड सन**
**प्रोपाईटर**

**विशाल ग्रील उद्योग एण्ड विवेक मोटरसाईकल वर्कसप**

रिब्दीकोट-३, हार्थोक, पाल्पा
फोन: ०७५-६९०८४८
मोबाईल: ९८४७११२०६३, ९८४७१६८६८६

हामीकहाँ ग्रील, सटर, च्यानल गेट, कम्पाउण्ड गेट, स्टिल रेलिङ्ग, गोल भऱ्याङ्ग,ट्रस,आल्मुनियम तथा फलाम सम्बन्धी काम तथा मोटरसाईकल मर्मत,टायर पन्चर बनाउनुका साथै पार्टसहरु सुपथ मुल्यमा उपलब्ध गराईन्छ।



नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**सुरेश ढकाल**
**अध्यक्ष**

**कुसुम बहुउद्धेश्यीय सहकारी संस्था लि**

प्रधान कार्यालय :तानसेन-४, विशालवजार, पाल्पा
साखा कार्यालय :बुटवल-८, चमचम चोक, रुपन्देही

**फोन: ०७५५९००९०,०७१५०२२६७**

इमेल: kusummultipurposecooperative@gmail.com



नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**हिरा आचार्य**
**प्रधानाध्यापक**

**दयाराम पाण्डे**
**अध्यक्ष(वि.व्य.स)**

**श्री जनप्रिय माध्यमिक विद्यालय**

**तानसेन-६, बर्तुङ्ग, पाल्पा**

विद्यालयका विशेषताहरुः
१. नर्सरी देखि कक्षा १० सम्म अंग्रेजी र नेपाली माध्यममा पठनपाठन हुने।
२. कम्प्यूटर ल्याब, पुस्तकालय, विज्ञान प्रयोगशाला को व्यवस्था
३. शान्त, रमणीय वालमैत्री वातावरणमा पठनपाठन

# रिब्दीकोट-जलेश्वरः चिनारी, विकास र सम्भावनाहरू

रुद्रप्रसाद आचार्य



## १. परिचय

**रिब्दीकोट** : नेपालको विभिन्न ठाउँहरुलाई त्यहाँका कोट, थुम, थोकबाट पनि नामाकरण गरिएको पाइन्छ । त्यस मध्ये पशिचम नेपालको पाल्पा जिल्ला अन्तरगत रिब्दीकोट ५ साविकको कुसुमखोला गा.वि.स. वार्ड नं. ७ ( हाल रिब्दीकोट गाउँपालिकको वडा नं. ५ मा) पर्ने कुसुमखोला, ठिमुरे र पालुङ्ग मैनादीको सँगम स्थलको रुपमा रहेको रिब्दीकोट पनि एक हो । रिब्दीकोटको बारेमा पाल्पा बाहिरका मानिसहरुलाई थाहा नहुन पनि सक्छ। रिब्दीकोट जलेश्वर महादेवको महिमा चल्दा धेरै जनालाई थाहा हुन सक्छ । अझ नेपालको राज्य विस्तार अभियान भन्दा अघिको इतिहासलाई पल्टायो भने नेपाल अघि राज्यमा विलय हुनुपूर्व चौविसे राज्य अर्न्तगत पाल्पाको सेनराज्य चर्चामा आउने गर्दछ । सेनवंशले चलाएको सेनकालीन पाल्पा राज्यको चकचकी त्यस बखतको सांस्कृतिक, धार्मिक, सामाजिक साथै राजनैतिक विकासहरु साथै चौधौं शताब्दीमा मुकुन्द सेनले पूर्वमा कोशी नदीदेखि पशिचममा हरिद्धार सम्म विस्तार गरेको वृहत पाल्पा राज्यको राजधानीको रुपमा रहेको रिब्दीकोट हाम्रो सामु आउने गर्दछ । (दिवरुङ वि.स. २०७१ पेज ५)

मध्यकालको उत्तरार्द्धताका नागराजले स्थापना गरेको खसराज्यको विघटन पछि पन्ध्रौ शताब्दीको पूर्वार्द्धमा आएर यस भेगमा विभिन्न स्थानीय प्रशासकहरुलको आफ्नै तरिकाको स-साना रियासतहरु मध्ये रिब्दीकोट पनि एक हो । ईश्वी सन् १४२९ मा धर्मपाल सेनले रिब्दीकोट नामक रियासत खडा गरी राज्य संचालन गरेका थिए (पाल्पा शैक्षिक दर्पण, वि.स. २०७२, पेज ५) । जुन रियासत पछि गएर पाल्पा राज्यको प्रख्यात भएको थियो । सेनवंशले राज्य संचालन गर्दाको सुरुताका राजधानीको रुपमा रहेको यस रिब्दीकोट मा मणिमुकुन्द सेनको जन्म पनि भएको हो भन्ने भनाई छ । यस ठाउँको ऐतिहासिक तथ्यहरु थाहा हुन शोधखोज र उत्खनन हुनु जरुरी छ ।

रिब्दीकोटको नामाकरण कसरी रह्यो भन्ने विषयमा नियाल्दा पाल्पा र पाल्पाको सेरोफेरोका धेरै जसो ठाउँहरुको नामाकरण मगर भाषामा भएको पाइन्छ । यो क्षेत्र पहिले मगराँत राज्य रहेको र वाह्र मगरात भित्र पर्ने भएकोले यस क्षेत्रका धेरै जसो ठाउँहरुको नामाकरण मगर भाषामा भएको पाइन्छ । सेनकाल भन्दा पहिले नै मगराँत राज्य भएकाले मगर भाषाको निरन्तरता पछिसम्म भएको पाइन्छ । अहिले सम्म पनि पाल्पा र पाल्पाका सेरोफेराका ठाउँहरुको नाम मगरभाषामा रहि आएको छ । रिब्दीकोटको नामाकरण पनि मगरभाषामा भएको पाइन्छ। मगर भाषामा "रिप" भन्नाले सधैं ओस रहने ठाउं, चिसमिरो जमिन भन्ने बुझिन्छ भने "डी" भन्नाले पानीको मूल भन्ने बुझिन्छ (थापा, वि.स. २०६६, पेज ४७५, ८४८) । सधै ओस रहने भू-भाग जहा पानीको मूल पनि रहेको छ, त्यस ठाउँको कोट भएकोले यस ठाउँको नामाकरण रिब्दीकोट रहन गएको देखिन्छ । त्यसवेला "रीप डी कोट" भनेर भनिने यस ठाउँलाई कालान्तरमा रिब्दीकोट हुन गएको हुनुपर्दछ । किनभने रिब्दीकोटको भौगोलिकतालाई हेर्दा उत्तर फर्केको भू-भागमा जो ओसिलो जमिन छ र त्यस ठाउँमा पानीका मूलहरु पनि रहेका छन् । जहाको पानी साविकका ७ वटा गा.वि.स.मा वितरण भएको छ । त्यस ठाउँमा कोट रहेको भन्ने बुझिन्छ । भाषागत नामाकरणलाई विश्लेषण गऱ्यौं भने सेनहरुले यस क्षेत्रमा राज्य संचालन गर्नु र यस ठाउँमा आफ्नो राजधानी बनाउनु अघि नै यस ठाउँमा मगर राजाहरुको कोट भएको हुनुपर्ने देखिन्छ ।

यस कोटमा कोटकिदेबि मन्दिर,भैरब मन्दिर, दक्षिणपट्टी मैदानदेबि थान,प्रतिक्षालय र राडर जडानकोलागि एक भवन रहेको छायसमा जाने पर्यटकहरुको लागि गाडि पार्किङ्ग स्थल छ।समुन्द्री सतहदेखि १८९३.५ मिटर उचाईमा (शैक्षिक दर्पण २०७२, पेज ३) रहेको यस रिब्दीकोट पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाट हार्थोक( कुसुमखोला(बतासे सम्म १७ किलोमीटर यात्रा पार गरेर बतासे बजारमा (कुसुमखोला र पालुङ्गमैनादीको सँगम स्थल, बजार) पुगेपछि त्यहाँबाट अगाडि लगभग ४ किलोमिटर गाडी वा पैदल यात्राबाट रिब्दीकोटमा पुगिन्छ । सिखिदै गएको अग्लो डाँडा टुप्पामा पुगेपछि मठारिएको छ ।

रिब्दीकोट बाट चारै चौरास देख्न सकिन्छ । यस स्थानबाट एक्काइस जिल्ला देखिन सक्ने भन्ने भनाइ छ । यस ठाउँबाट रातमा गोरखपुर र नौतनवाको रेलको हेडलाइट पनि देख्न सकिन्छ भन्ने पनि गर्दछन् । यस ठाउँबाट सफा मौसम भएको अवस्थामा दक्षिण तर्फको समथर भू-भाग तराई, उत्तरतर्फ विहानीको सूर्यको

किरणले चाँदीका थुप्रा झैं टल्केका हिमवत पर्वत श्रृंखलाहरु धवलागीरी, अन्नपूर्ण, माछापुच्छ्रे,मनास्लु,गणेश हिमाल, लमजुङ्ग,सिमिकोट सेटशिखर लगायत अन्य सानातिना हिमशिखरहरु सामुन्नेमा नै भए झैं देखिन्छ। रिब्दीकोटबाट उदाउदो सूर्य(SUN RISE) र अस्ताएको सूर्यको (SUN SET) स्वर्णिम आलोक देख्न सकिन्छ।

**जलेश्वरः** रिब्दीकोटबाट केहि तल अर्थात समुन्द्री सतहबाट करिब १७२५ मिटर उचाईमा धार्मिक महिमा बोकेको प्रख्यात जलेश्वर महादेवको मन्दिर रहेको छ। यस मन्दिरमा विशेषश्रद्धाका साथ दर्शनको लागि सोमबारका दिन श्रद्धालुहरु जाने गर्दछन् र महाशिवरात्रीका दिन यहाँ श्रद्धालुहरुको ठुलो घुइँचो लाग्दछ। यसै मन्दिरमा सेतो प्रस्तरले वनेको शिव लिङ्ग सुन्दर आकर्षणको रुपमा रहेको छ। यस शिव लिङ्गलाई जलेश्वर महादेव भनि महिमा भएको हुनु पर्दछ। यस मन्दिरमा एउट घण्ट रहेको छ। यहाँ रहेको सत्तलको वगलमा पूर्व मोहोडा भएको शिखर शैलीमा बनेको मन्दिर छ। यस मन्दिर भित्र रहेको



मूर्तिलाई जलेश्वर महादेव भनि आस्था एवम् विश्वासका साथ दर्शन गरेको पाइन्छ। यस मन्दिरमा विश्वको ५१ अखण्ड धुनी मध्ये १ धुनी रहेको छ। उक्त धुनीको हाल मन्दिरको रुपमा व्यबस्थापन गरिएको छ। पुरानो धुनी रहेको स्थान मुनि करिब १५० बर्ष पुरानो तत्कालिन जोगिको अवशेषको रुपमा टाउको र हात फेला परेको छ। यस मन्दिरको केही तल एउटा कुण्ड रहेको छ। त्यस कुण्डलाई जलेश्वर कुण्ड भनिन्छ। किम्वदन्ती अनुसार वालापूरी स्वामीले चिम्टा गाडेर भागिरथी नदिको पानी निकालेको भन्ने भनाई छ। वालापूरी स्वामीका चेला कर मपुरीलाई इ.वी. सम्वत १९२४ वैशाख १२ गते श्री ३ महाराज जंग बहादुर राणले त्यस क्षेत्रको जग्गा फिर्ता दिएको सनतमा लेखिएको छ। उक्त मन्दिरमा बुद्धको मूर्तिमा मृगाशन गरी बसेको मूर्तिलाई नै मुख्य देवताका रुपमा पुजा गर्ने चलन रहेको छ। त्यसै स्थानमा बालापूरी स्वामीले खराउले ढुङ्गामा टेक्दा उक्त खराउको छाप रहेको देखिन्छ।

रिब्दीकोट गाउँपालिका अन्तर्गत वडा नं. ५ कुसुमखोलामा रहेको रिब्दीकोटको सेरोफेरोमा साविकको कुसुमखोला, ठिमुरे र पालुङ्ग मैनादी गा.वि.स. सहितको क्षेत्रफलमा जङ्गल रहेको (करिब ३०० हेक्टर) छ। यस रिब्दीकोट क्षेत्रको मुहानबाट कुसुमखोला लगायत अन्य ५ वटा साविकको गा.वि.स.मा स्वच्छ खानेपानी उपलब्ध भएको छ। करिब १५,००० जनसंख्या लाई खानेपानी उपलब्ध भएको छ।

रिब्दीकोट वरिपरिको जङ्गलमा विभिन्न प्रकारका बोटविरुवा जडिवुटीको भण्डार रहेको छ। यस जंगलमा सदावहार वनस्पति पनि पाइन्छन्। यस जङ्गलमा पाइने वनसम्पदा अन्तरगत चांप, उत्तीस, मलायागिरी, सउर, सल्लो, पियाले, धार्ने, चिलाउनो, ओखर, चिउरी, वकैनो, काफल, लालीगुराँस (सेतो/रातो), दुधी, खरी, महुवा, विलाउने, रुदिलो, पाती, असुरो, धयाँरो, असुरो, चौतारो, ऐसलु, लोथसल्ला, वर,पिपल, पाँकुरी, लाँकुरी, टुनी, खल्लुक, साल, चिराइतो, सुनगाभा जस्ता विभिन्न प्रजातिका वोटविरुवा तथा करिब ३०० थरिका जडीवुटी रहेको विभिन्न जडीवुटी विदहरुको भनाइ रहेको छ।

रिब्दीकोटको उत्तरपूर्वी जङ्गलमा सातपत्रे जंगल र हेको छ। यस क्षेत्रलाई पनि वनसम्पदाको दृष्टिकोणबाट गन्तव्य स्थल बनाउन सकिने देखिन्छ।

**२. "रिब्दीकोट" विकासका लागि भएका प्रयासहरु**

रिब्दीकोटको चिनारीको लागि गाउँपालिकाको नामाकरण यसै बाट गरिएको छ। केन्द्र, प्रदेश, पुनः निर्माण प्राधिकरण, रिब्दीकोट गाउँपालिका तथा रिब्दीकोट क्षेत्र पर्यटन विकास समितको पहलमा भएको बिकासको लागि निम्न पहलहरु भएका छन्।

क) प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट जलेश्वर क्षेत्रमा बृक्षारोपण तथा रिब्दीकोटक्षेत्रमा झाडीसुधार
ख) पार्क (बोटानिकल गाडेन)निर्माणको लक्ष्य।
ग) जलेश्वर क्षेत्रमा जडिबुटि रोपण।
घ) बतासे देखि जलेश्वर( रिब्दीकोट क्षेत्र हुदै ठिमुरेसम्म बाटो बिस्तार र ग्राभेल।
ङ) १ पोखरी निर्माण र १ पोखरी निर्माण योजना।
च) चिया रोपण गरी त्यसको पकेट क्षेत्र बनाउने लक्ष्य

रहेको ।

छ) जलेश्वर मन्दिर परिसरमा धुनि मन्दिर, शिवपार्वतीको मूर्ति, शिवलिङ्ग र त्रिशुलको स्थापना ।

ज) सत्तल तथा पुजारी घर निर्माण ।

झ) प्रतिक्षलय (२) निर्माण ।

ञ) पुरानो धुनिघर पुनः निर्माण हुदै ।

ट) रिब्दीकोटमा विद्युतको  लाइन जडान ।

ठ) गर्गरे हुदै रिब्दीकोटसम्म लिफ्टिङ्ग खानेपानि योजना ।

ड) पुनः निर्माण प्राधिकरणको सहयोगमा रिब्दीकोटमा कोटकी देवी मन्दिरको निर्माण सम्पन्न भएको ।

ढ) विगत दुई बर्षदेखि रिब्दीकोट गा.पा. तथा रिब्दीकोट क्षेत्र पर्यटन विकास समितिको पहलमा शिवरात्रिको दिन पुजा तथा मेलाको आयोजना भइरहेको छ ।

जलेश्वर मन्दिर परिसरमा कुसुमखोलामा बसोबास गर्ने र भवानी .मा.वि. सँग सम्बन्धित महानुभावहरुको पहलबाट गठन भएको जलेश्वर भवानी सँगमको उद्देश्यहरु साविकको कुसुमखोला गा.वि.स. वार्ड नं. ७ स्थित जलेश्वर महादेव र सेन वंशीय राजाले राज्य गरेको कोट रिब्दीकोटको बारेमा ऐतिहासिक र पुरातात्विकको खोज तथा प्राकृतिक सम्पदाको संरक्षण, सम्वर्धन र सम्भावनाहरुको पहिचान गरी त्यस क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा विकास गराउने गरी क्रियाशील रहेको छ । त्यस्तै जलेश्वर एवम् त्यसको सीमावर्ती क्षेत्रमा समेत धार्मिक एवम् पर्यटकीय स्थलको रुपमा विकास गराउने सँगमको मूलभूत उद्देश्य रहेको छ । रिब्दीकोट, जलेश्वरको विकास संरक्षण र सम्बर्धन मुख्य उद्देश्य साथ जलेश्वर भवानी सँगमको स्थापना भएको छ । यस संस्थाको पहल र प्रयासबाट यस क्षेत्रको विकासको लागि समयसमयमा अवलोकन, वनभोज कार्यक्रम, प्रचारप्रसार तथा केन्द्रीय बजेट पर्यटन मन्त्रालय मार्फत पार्न सहयोग गर्दै आएको छ ।

भवानी मा.वि.सँग सम्बन्धित पूर्व विद्यार्थीहरु, शिक्षकहरु, समितिका पदाधिकारीहरु तथा शुभचिन्तकहरुको संयुक्त प्रयासबाट स्थापना भएको भवानी अल्मुनाई एसोसियसन, काठमाण्डौंले पनि भवानी मा.वि. को शैक्षिक, भौतिक पक्षमा सहयोगको साथै रिब्दीकोटलाई पर्यटकीय क्षेत्रको विकासको लागि त्यसका पूर्वाधारहरु तयार गर्न, पर्यटन मन्त्रालय मार्फत बजेट पार्न सफल भएको छ ।

रिब्दीकोटलाई पर्यटकीय, धार्मिक र प्राकृतिक रुपमा विकास गर्न कुसुमखोला र पालुङ्ग मैनादीको पहलमा “रिब्दीकोट क्षेत्र पर्यटन विकास केन्द्र” को स्थापना गरी पर्यटन मन्त्रालय मार्फत आएका बजेटहरुबाट प्रतिक्षालय रिब्दीकोट जाने बाटो ढुङ्गा छाप्ने, सत्तल, पूजारीघर, निर्माणकार्य सम्पन्न गरेको छ । त्यस संस्था मार्फत यस क्षेत्रको वन सम्पदाको संरक्षण गर्न जिल्ला वनकार्यालय पाल्पाको समन्वयमा जडीवुटी नर्सरी, वृक्षरोपण, लोधसल्ला वृक्षरोपाणका साथै करिब ३०० हेक्टरमा फैलिएको वन क्षेत्रर्लाइ सामुदायिक वन बनाई जि.व.का., पाल्पामा दर्ता गर्ने योजनामा रहेको छ ।

रिब्दीकोट क्षेत्रको वनको संरक्षण गरी पानीको मूललाई सुक्न नदिनको लागि साविकको केही वार्डहरुबाट वन हेरालु कर्मचारीले व्यवस्था गरिएको थियो । विभिन्न व्यक्तिहरु, पाल्पाका स्थानीय पत्रिकाहरु, गा.वि.स.को प्रोफाइल, स्रोत केन्द्रहरुको क्यालेन्डर, आदिमा रिब्दीकोट सम्बन्धी लेख, रचना, कविता, वुर्सर, सामाजिक संजालमा महत्व दिएर लेखेको पनि पाइन्छ । युवा तथा खेलकुद समूह कुसुमखोलाले कुसुम्दी बजारमा कुसुमखोलाको नक्सामा रिब्दीकोट पर्यटन क्षेत्रलाई महत्वका साथ उल्लेख गरिएको छ ।

२०५३/०५४ मा पुरातत्व विभागबाट एक टोली आई रिब्दीकोटको क्षेत्र अवलोकन गरि त्यसको उत्खनन गर्नुपर्ने भनेता पनि पछि त्यस कार्यालयबाट कुनै चासो नदेखाएको देखिन्छ । यस क्षेत्रसँग सरोकार राख्ने महानुभावहरुबाट रिब्दीकोटको चिनारी स्वरुप आफ्ना व्यक्तिगत सवारी साधन तथा उद्योग व्यवसायको नाममा रिब्दीकोट र जलेश्वरलाई महत्वदिएर लेखिएको पाइन्छ ।

### ३. “रिब्दीकोट”का सम्भावनाहरु

यस रिब्दीकोट क्षेत्र विभिन्न पक्षहरुसँग सम्बन्धित गराई विकसित गर्दै लगेमा विविध सम्भावनाहरु रहेको पाइन्छ । जसमध्य केहीको संक्षपमा उल्लेख गर्न सान्दर्भिक ठान्दछु ।

### क) पर्यटकीय स्थल/पाल्पाको नवीन गन्तव्य

“रिब्दीकोट”को प्रमुख सम्भावना  पर्यटकीय क्षेत्रको रुपमा विकास गरी पाल्पाको नवीन गन्तव्य बनाउन सकिने रहेको छ । पहिलो पर्यटन क्षेत्रको विकासको लागि धार्मिक, सांस्कृतिक, ऐतिहासिक, (पुरातात्विक), प्राकृतिक वा मानवनिर्मित वस्तुहरुको दृष्टिले अरु ठाउँको भन्दा खास भिन्न विशेष पहिचान बोकेको ठाउँ हुन आवश्यक पर्दछ । यस क्षेत्रमा रिब्दीकोट, जलेश्वर महादेव मन्दिर, जलेश्वर कुण्ड, विभिन्न प्रकारका वनसम्पदा, वन्यजन्तु/पंक्षीहरु भएको क्षेत्र हो । त्यस्तै दोस्रो पर्यटनको लागि यातायातको सुविधा, वस्ने ठाउँको अतिरिक्त अबलोकन गर्ने ठाउँ र बाटोमा आउने/जाने तथा घुम्ने कुराको सुरक्षाको राम्रो प्रवन्ध हुनुपर्दछ । त्यस अन्तरगत यो क्षेत्र तानसेन(हार्थोक( कुसुमखोला(सातमुरे टूयाक नजिकै र डुम्रे(लुलेभट्टी(वतासे बाटोले पनि छोएकोले बाटोको सुधार गरेमा यातायातबाट



सुगम स्थल रहन सक्दछ । तेस्रो पर्यटकलाई आकर्षण गर्नको लागि त्यस क्षेत्रको विशेषताहरु बारे अवलोकन गर्ने इच्छा राख्ने मानिस समक्ष सूचना र संचार भएको हुनुपर्दछ । त्यसको लागि स्थानीय निकाय (वडा कार्यालय, गाउँपालिका/ जि.वि.स./ विद्यालय) हरुबाट प्रचारप्रसार, सामाजिक संजालमा समावेश, विभिन्न होटल तथा पर्यटन केन्द्रमा पनि यस स्थलको विशेषताहरुलाई समावेश गर्न सकेमा पर्यटक समक्ष सूचना र संचार प्रवाह हुन सक्छ ।

**ख) प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्धनबाट आयवृद्धि**

रिब्दीकोट क्षेत्रमा खानेपानी र वनसम्पदा (काठ, दाउरा, जडीबुटी, चट्टान)को प्रचुर सम्भावना रहेको छ । नेपालको उच्च भेगमा पाइने जडिबुटि यहाँको जङ्गलमा पाइने हुनाले त्यसको प्रबर्धन गर्नुपर्ने देखिन्छ । यस क्षेत्रमा विभिन्न प्रकारका वन्यजन्तु र पन्छीहरु रहेका छन् । यस क्षेत्रलाई वन सम्पदाको संरक्षण गर्ने सामुदायिक वनको गठन साथै राष्ट्रिय रुपमा नै "रिब्दीकोट संरक्षित क्षेत्र" स्थापना गरी खानेपानीको मुहान संरक्षण, यस क्षेत्रमा भएका पशुपंक्षीको संरक्षण, जडीवुटीको संरक्षण र विस्तार गरी प्रशोधन तथा विक्रि वितरण गरी यस क्षेत्रका वासिन्दाहरुको आयमा वृद्धि गर्न सकिन्छ ।

**ग) अध्ययन/अनुसन्धान केन्द्र**

रिब्दीकोट क्षेत्रमा विभिन्न जैविक तथा भूगर्भिय सम्बन्धि विविधता भएकोले यस क्षेत्र जैविक/वानस्पतिक र भुगर्भ अध्ययनका पारखीहरुको अध्ययन/अनुसन्धानको केन्द्र बनाउन सकिन्छ । त्यसका साथै यस रिब्दीकोटको समिपमा रहेका विद्यालयमा प्राविधिक शिक्षा अन्तरगत कृषि/वन/भुगर्भ विज्ञान विषयहरु संकाय स्थापना गरेमा विद्यार्थीहरुको अध्ययन अनुसन्धानको केन्द्र बनाउन सकिने सम्भावना रहेको छ । त्यसका साथै स्थानीय पाठ्यक्रमका विषयबस्तु अन्तरगत रिब्दीकोट र यसमा पाइने धार्मिक, पर्यटकीय र प्राकृतिक सम्पदालाई विद्याको रुपमा समेट्न सकिन्छ ।

**घ) संचार / अवलोकन केन्द्र**

पाल्पा जिल्लाका अग्ला चुचुरहरु मध्ये रिब्दीकोट पनि पर्ने भएकोले यस क्षेत्रबाट एक्काइस जिल्ला देख्न सकिन्छ । ती एक्काइस जिल्लाका साथै अन्य क्षेत्रमा संचार हुने गरी एफ.एम. रेडियो प्रसारण केन्द्रको स्थापना साथै एउटा दृश्य अवलोकनको लागि भ्यू ९खष्भध० टावर बनाउन सकेमा यसबाट धेरै ठाउँमा संचार तथा अवलोकनको केन्द्रको रुपमा स्थापित गर्न सकिन्छ । नेपाल सरकारको संघिय बजेट मध्यबाट नेपालका ३ स्थानहरु मध्य मौसमको अनुसन्धानको लागि राडर राख्न बजेट विनियोजन भइ काम सुचारु भएको छ ।

**ङ) खेलकुद पर्यटन**

पाल्पा जिल्लाको पश्चिम क्षेत्रमा रिब्दीकोटको समिपमा रहेका विद्यालयहरु मध्ये श्री नारायण मा.वि. ठिमुरे, श्री भवानी मा.वि., कुसुमखोला र श्री लक्ष्मी आधार भूत विद्यालय नयँटोलामा रहेका खेलमैदानमा फुटवल, भलिवल, क्रिकेट तथा वास्केट बल, गल्फ लगायतका खेलको लागि प्रयाप्ट मैदानहरु रहेका छन् । यसको रुपमा विकास गरी रिब्दीकोटको चिनारी दिन सकिन्छ । अझ रिब्दीकोट नजिकै रहेको ठिमुरेको श्री नारायण मा.वि.को चउरलाई एउटा उत्कृष्ट "गल्फ खेल" खेल्ने फिल्डको रुपमा विकास गरी पर्यटकको आकर्षक केन्द्र बनाउन सकिने सम्भावना प्रसश्त छ ।

**च) मौसम छल्ने स्थल**

सुरम्य हावापानी भएको सुन्दर हिमाल देखिने रिब्दीकोट जहाँबाट धौलागिरी, अन्नपूर्ण, माछापुछ्रे, मनास्लु लगायतका हिमश्रृङ्खला देखिनुका साथै तानसेन, भैरवस्थान, रेसुङ्गा लगायत २१ जिल्लाको अवलोकन गर्न सकिन्छ । गर्मी मौसममा वुटवल, भैरहवा, नवलपरासी, कपिलवस्तुदेखि उत्तर भारतका विभिन्न स्थानबाट ठूलो संख्यामा गर्मी छल्न भ्रमणमा निस्कने पर्यटकलाई "सैनामैनाबाट रिब्दीकोटसम्म" केवुलकार संचालन गरी त्यो खालको पूर्वाधार विकास गरेमा गर्मी मौसम छल्ने आरामदायी स्थल बनाउन सकिन्छ ।

**४. निष्कर्ष**

रिब्दीकोटलाई पर्यटकीय ऐतिहासिक, धार्मिक, सम्पदायुक्त क्षेत्रको रुपमा विकास गर्न रिब्दीकोट

गाउँपालिकको महत्वपूर्ण भूमिका रहन जरुरी छ। प्रत्येक आर्थिक वर्षमा केही न केही बजेट छुट्याएर एकिकृत रुपमा माथि देखिएका सम्भावनाहरुको पूर्वाधार तयारीको लागि अग्रसर हुन आवश्यक छ। त्यसका साथै यसका समीपमा रहेका विद्यालयहरुको माध्यमबाट प्रचार/प्रसार साथैका पिढीहरुमा यसको महत्वलाई हस्तान्तरण गर्नको लागि स्थानीय पाठ्यक्रममा एउटा अध्ययन विद्याको रुपमा राख्न जरुरी छ। स्थानीय रुपमा विद्यार्थीहरुलाई भ्रमण अवलोकनको क्षेत्र बनाउन जरुरी छ। यससँग सम्बन्धित संघ/संस्थाहरुले पर्यटन विकासको लागि विभिन्न मिडियाहरुमा सूचना केन्द्रहरुमा प्रचार/प्रसार, पर्यटन स्थलको निर्माण, पर्चा, नक्सा, वुर्सर/पुस्तकको प्रकाशन, होटल/लज निर्माण गरी विभिन्न सूचना प्रविधि मार्फत देश तथा विदेश प्रचारप्रसार गर्नुपर्दछ। कुसुमखोला, ठिमुरे र पालुङ्गमैनादी क्षेत्रसँग सम्बन्धित संस्थाहरुको पहलमा पर्यटन, यातायात, भू-संरक्षण तथा वन मन्त्रालयमार्फत् केन्द्रिय बजेटहरु पहल गरी त्यस क्षेत्रको विकासको लागि जुट्न आवश्यक छ। नेपालको प्रख्यात भैरव मन्दिरको नजिकै रहेको स्थल भएकोले त्यहाँ आउने पर्यटक तथा श्रद्धालुहरलाई पनि गन्तव्यको स्थल बनाउन सकेमा यस क्षेत्रकै आयस्तरमा पनि वृद्धि गर्न सकिन्छ। यसका लागि दृढ सोच र योजना आवश्यक रहेको छ। पर्यटन विकासलाई सदरमुकाममा मात्र सांगुराउन खोज्यौं भने पर्यटकको बसाई छोट्टिन सक्दछ। पर्यटनका सम्भावित क्षेत्रहरुलाई उजागर गर्न सकियो भने पाल्पाले पनि पर्यटन विकासमा फड्को मार्न सक्दछ। सदरमुकामबाट यति छोटो दूरीमा रहेको ऐतिहासिक धार्मिक, सांस्कृतिक रुपमा प्रख्यात जलेश्वर महादेवलाई नविन पर्यटकीय केन्द्र बनाइनु पर्ने बेला आएको छ। जसले कल्पनालाई सत्यतामा परिवर्तन गर्नेछ भन्ने तथ्यमा दुईमत छैन।

**सन्दर्भ सामाग्रीहरु**


♦ दिवरुङ्ग राष्ट्रिय साप्ताहिक २०७१ (लुम्बिनी पर्यटन विशेष २०७१)
♦ पाल्या शैक्षिक दर्पण २०७२
♦ कुसुम स्वर्ण महोत्सव २०६४
♦ इ करुवामा लेख सेप्टेम्बर ११, २०१५
♦ पाल्या दर्पण २०५६
♦ रिब्दीकोटको पर्यटन विकास केन्द्रमा रही विभिन्न समयमा कार्य गर्नुभएका बुद्धिजिजि तथा समाजसेविहरु श्री माधव प्र. आचार्य, श्री मेधराज आचार्य, श्री नारायण व. कुंवर, श्री रमेश आचार्यसँगका भेटवार्ता/छलफल


■■


नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई, दिदीबहिनी तथा उपभोक्ता सदस्यहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।



**माधवप्रसाद पोखरेल**
**अध्यक्ष**
**कुखुरेढाप लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समिति**
रिब्दीकोट-४, भैरवस्थान, पाल्पा
मोबाईल: ९८४७२१९०५५



नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं।



**लोकनाथ शर्मा गौतम**
**अध्यक्ष**
**नमुना बहुउद्देश्यीय सहकारी संस्था लि**
रिब्दीकोट-३, हार्थोक, पाल्पा
फोन: ९७४९३९१७९२,९८४७२४६७४६

## जनहितका लागि जारी सन्देशः

- जन्म, मृत्यु र बसाईसराई जस्ता व्यक्तिगत घटनाहरू आ-आफ्नो वडा कार्यालयमा गई दर्ता गराऔँ ।
- समाज र समुदायप्रतिको नागरिक दायित्व पुरा गरौँ ।
- गाउँ-घर सफा राखौँ र सभ्य नागरिकको परिचय दिऔँ ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौँ ।
- गाउँपालिकालाई बुझाउन पर्ने करहरू समयमै बुझाऔँ ।
- गाउँपालिकाबाट पारित भएका योजनाहरू समयमै सम्पन्न गरौँ ।
- दर्ता नभएका व्यापार, व्यवसाय, उद्योग तथा फर्महरू तुरुन्त दर्ता गरौँ ।

# तिनाउ गाउँपालिका

दोभान, पाल्पा, लुम्बिनी प्रदेश

फोन : ०७५-४१३०६३, ०७५-४१३०६४

website : tinaumun.gov.np


नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई , दिदीबहिनी तथा उपभोक्ता सदस्यहरुमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**मिनबहादुर बुढाथोकी**
**अध्यक्ष**

**अलिनधारा लिफ्ट खानेपानी तथा सरसफाइ उपभोक्ता समिति**

रिब्दिकोट-४, भैरवस्थान

मोबाइल : ९८४७११२०६०, ९८५७०६५९०९



नयाँ वर्षको शुभ अवसरमा देश-विदेशमा रहनु हुने आमा, बुवा, दाजुभाई , दिदीबहिनीहरूमा सुख शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।



**महेन्द्र खाती**
प्रोपाईटर

**लिपिन्देवी ट्रेडर्स एण्ड लाईट हाउस**

तानसेन-४,विशालबजार, पाल्पा

सम्पर्क नं: ९८५७०६५७१८,९८४७००३७१८

हामीकहाँ लाईट,ढुमलाईट,झुमरलाईट,तार लगायत बिजुलीका सम्पूर्ण सामानहरु थोक तथा फुटकर मुल्यमा उपलब्ध गराइनुका साथै हाउस वायरिङ पनि गरिन्छ ।

"गुणस्तरीय आर्थिक, भौतिक, सामाजिक पूर्वाधार विकासको माध्यमद्वारा समृद्ध रिब्दीकोट"

# रिब्दीकोट गाउँपालिकाको गाउँवासीहरूमा अनुरोधः

- जन्म, मृत्यु र बसाईसराई जस्ता व्यक्तिगत घटनाहरू आ-आफ्नो वडा कार्यालयमा दर्ता गराऔं ।
- जेष्ठ नागरिक र असक्त मानिसहरूप्रति सधै मानवीय व्यवहार गरौं ।
- समाज र समुदायप्रतिको नागरिक दायित्व पुरा गरौं ।
- गाउँ घर सफा राखौं, आफ्नो घर वरिपरि सफा राखौं र सभ्य नागरिकको परिचय दिऔं ।
- फोहोर मैला निश्चित स्थानमा मात्र फाल्ने बानी बसालौं ।
- खानेपानीको मूल संरक्षण गरौं र वातावरण मैत्री समाजको निमार्ण गरौं ।
- सार्वजनिक सम्पत्तिहरूको संरक्षण गरौं ।
- गाउँपालिकामा दर्ता नभएका व्यापार, व्यवसाय, उद्योग तथा फर्महरू तुरुन्त दर्ता गरौं ।
- गाउँपालिकालाई बुझाउन पर्ने करहरू समयमै बुझाउने गरौं ।
- गाउँपालिकाबाट पारित भएका योजनाहरू समयमै सम्पन्न गरौं ।
- नमुना गाउँपालिका बनाउन सबैले आ-आफ्नो ठाउँबाट सक्दो सहयोग गरौं ।


## रिब्दीकोट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

**खस्यौली, पाल्पा**

*लुम्बिनी प्रदेश, नेपाल*

Website: www.ribdikotmun.gov.np
Email: info@ribdikotmun.gov.np

फोन.नं: ०७५-६२००५५,६९२३०७